# हाम्रो तानसेन
**Our Tansen**
त्रैमासिक बुलेटिन, वर्ष १, पूर्णाङ्क २, २०७५ साउन



**प्रकाशक**
तानसेन नगरपालिका
**संरक्षक**
अशोककुमार शाही
(नगर प्रमुख)
**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उप प्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
कीर्तनराज पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाअध्यक्ष,तानसेन-१०)
कमल राना
(वडाअध्यक्ष,तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य,तानसेन-१३
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य,तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)
**कम्प्युटर टाइप**: मीलन नेपाली
**कम्प्युटर डिजाइनः** राम कुमार कार्की
**कला निर्देशक**: अशोकमान सिं
मुद्रकः मिलेनियम प्रेस, हात्तिबन, ललितपुर,



**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका,पाल्पा
इमेलः **hamrotansenbu@gmail.com**
सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०



**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**


# *सम्पादकीय*



*गोविन्द भट्टराई*

## विकास अबको प्राथमिकता

तानसेन नगरपालिकाले स्थानीय सरकारको रूपमा १ वर्ष बिताउँदा केही महत्वपूर्ण काम सम्पन्न गरेको छ भने भविश्यका लागि गहन अनुभूति संगालेको छ । थाहा छ तानसेन पुरानो नगरपालिका मध्ये पर्दछ, कुनै बेला व्यापारिक नाका थियो । शिक्षा, स्वास्थ्यको केन्द्र समेत बनेको थियो । तानसेनसँग प्राकृतिक सौन्दर्य छ । जे गर्ने हो तानसेनवासीले गर्नु पर्दछ तर जनप्रतिनिधिसँगै नगरवासीले हातेमालो नगरे समृद्ध तानसेन भाषणको विषय मात्र बन्न पुग्नेछ ।

पहिलो वर्ष तानसेनका ग्रामीण भेगमा सडक विस्तार, सडक स्तरोन्नतिका महत्वपूर्ण काम भएका छन् । दलित, अल्पसंख्यक ९ सय ५३ परिवारको स्वास्थ्य बिमा, गौरवका योजनाहरूको गुरूयोजना र पूर्वाधार तयार लगायतका काम भएका छन् । केही समय चुनावमा बित्यो । अपेक्षित काम सबै नभए पनि तानसेनले सन्तोषजनक उपलब्धि हासिल गरेको छ भन्न सकिन्छ ।

भौतिक उपलब्धि मात्र विकास होइन मानवीय सहायता पनि महत्वपूर्ण पक्ष हो । तानसेनले गतवर्ष मानवीय हिसावले महत्वपूर्ण काम समेत गरेको छ । सञ्चारक्षेत्रलाई सवल बनाउन आफ्नो औकात अनुसार सहयोग गरेको छ । यस पटक समानुपातिक विज्ञापन नीति पारित गरेर गर्वयोग्य काम गर्ने साहस गरेको छ ।

तानसेनका निर्वाचित जनप्रतिनिधिले कर्मचारी र जन परिचालन गर्दै नगरवासीको साथ र सहयोगमा नगरसभाबाट पारित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन तर्फ लाग्नु अवको प्राथमिक काम हो । गतवर्ष झै अब पनि विभिन्न बाहनामा काम भएन वा गर्न सकिएन भन्ने छुट जनप्रतिनिधिलाई अब छैन । नागरिकले अपनत्व महसुस गर्न सक्ने ढंगले काम गर्न अप्ठेरो के छ ? त्यसलाई पहिचान गरौं । समयमै समस्या समाधान गरेर काममा केन्द्रित होऔं । '**हाम्रो तानसेन**' आग्रह गर्दछ कि – तानसेनको विकास अवको प्राथमिकता बन्नु पर्दछ ।

अन्त्यमा, यो अंक प्रकाशनका लागि प्रत्यक्ष अप्रत्यक्ष ढंगले सहयोग गर्नु हुने संरक्षक तथा नगरप्रमुख ज्यू, सल्लाहकारज्यूहरू लगायत सबैमा आभार प्रकट गर्दछु । '**हाम्रो तानसेन**' बारे सुझावको अपेक्षा राख्दछु ।

## संरक्षकको मन्तव्य



# अब काममा लागौँ

*अशोककुमार शाही*

तानसेन नगरपालिकाले समयानुकूल, विकासमा फड्को मार्नका लागी नगरबासीको साथ र सहयोग को अपेक्षा गरेको छ । तानसेनलाई सबल र समृद्ध बनाउन जनप्रतिनिधि, कर्मचारी जति नै अहँम भूमिका नगरवासीको हुन्छ । इतिहास हेरेर, भविष्यको सपना देखेर मात्र वर्तमान सबल र समृद्ध हुन सक्दैन तसर्थ सबैले कमी कमजोरी मनन् गर्दै निश्चित योजना र अभियान सहित यात्रा आरम्भ गरेनौँ भने हामीसँग पश्चाताप सिवाय बाँकी केही रहने छैन ।

नेपाली नागरीकको बलिदानीपूर्ण संर्धषबाट प्राप्त उपलब्धि नेपालको संविधान कार्यन्वयन गर्ने क्रममा स्थानीय, प्रदेश र संघ तीनै तहको निर्वाचन सम्पन्न भयो र सरकार गठन भएर आआफ्नो कार्यक्रम समेत अगाडि बढाएको अवस्था छ । आवश्यक ऐन कानून पारित भएका छन् । मौजुदा कानूनी अवरोधहरू सहज पार्ने काममा प्रदेश र संधीय सरकारको अहम् भूमिका रहन्छ । आशा गरौं अब लामो समय नीतिगत अन्यौलता रहने छैन ।

विगतमा राजनैतिक आरोह अवरोह, दक्ष जनशक्ति अभाव, तहगत निर्वाचन आदि कारणले स्थानीय तहले अपेक्षित काम गर्न नसकेको अवस्था छर्लङ्ग छ । आज पनि तानसेनको सर्न्दभ पर्यटन, शिक्षा, स्वास्थ्य, फोहरमैला व्यवस्थापन, कृषि, सडक व्यवस्थापन आदि विकासका लागि आधारभूत महत्वका क्षेत्र हुन । न्यून आयस्रोत, कुशल जनशक्तिको कमी, नागरिक चेतनाको कमी, कानूनी उल्भन लगायत विद्यमान चुनौतिसँग जुध्दै हामीले विकासको यात्रा तय गर्नु पर्ने अवस्था छ । चुनौतिलाई अवसरमा परिणत गर्नुपर्ने दायित्व हामी सबैको हो ।

विगतमा अनेकन जटिलता र अभावसँग पौठेजोरी खेल्दै हामीले केही उपलब्धि हासिल गर्न सफल भयौँ । सडक पूर्वाधार वर्षको रूपमा सम्पन्न गत आवमा करीव ६५ किलोमिटर सडक विस्तार भएको छ । दलित अल्पसंख्यक ९५३ परिवारको निशुल्क स्वास्थ्य बिमाका लागि सहयोग गर्‍यौं । रणउजीरेश्वरी भगवती, गणेशधाम, गुफाचौर, हृषिकेशव क्षेत्र लगायत धार्मिक ऐतिहासिक क्षेत्रको गुरूयोजना तयार गर्ने काम भएको छ । ऐतिहासिक पर्यटकीय महत्वको सम्पदा रानीमहल संघीय सरकारले तानसेनलाई हस्तान्तरण गरेको छ । तानसेन खानेपानी उपभोक्ता समिति मार्फत नगरवासीलाई खानेपानीको मासिक शुल्कमा राहत उपलब्ध गराउन शुरू गरिएको छ । यी लगायत अरू महत्वपूर्ण काम सम्पन्न भएका छन । जुन वडा गतिविधिबाट अवगत हुन्छ ।

आगामी दिनमा गरिने महत्वपूर्ण केही कार्य बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

१. मिडियामा आएका आलोचनात्मक सामग्रीलाई सकारात्मक रूपमा लिएका छौँ । सुझाव हाम्रो लागि पुँजी हो, मिडिया सवलीकरणका लागि सहयोगलाई निरन्तरता दिएका छौँ । संस्थागत विकाससँगै पत्रकारिताको समग्र विकासमा सहयोग पुगोस भनेर समानुपातिक विज्ञापन नीति कार्यान्वयन गर्दै छौँ । पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारको कोष स्थापना गर्ने छौँ ।

२. सडक समृद्धिको मूल आधार हो यसर्थ मौजुदा सडक स्तरोन्नतिमा ध्यान दिने छौँ । हाम्रो कार्यकालभित्र २ सय किमि सडक बन्ने छ ।

३. बृद्धबृद्धाको लागी तानसेन - ९, दमकडामा न्यानो शीतलघर निमार्ण कार्य अधि बढेको छ , निर्माण सम्पन्न गर्नका लागि निरन्तरता दिनेछौँ ।

४. विगतमा भन्दा अनियमितता कम भएको छ, अझ कम हुँदै जाने विश्वास दिलाउछौ । यस पटक कर बढाइएको छैन, केही सिफारिसका शीर्षकमा सामान्य हेरफेर भएको छ । विगतमा कर कार्यालयमा बुझाउँदै आएको घर भाडा कर यस पटक देखि नगरपालिकामा बुझाउनु पर्दा कर बृद्धि भएको भ्रम पर्न सक्छ तर नगरपालिकाले वार्षिक घरभाडा करमा ४ महिनाको छुट दिएर ८ महिनाको मात्र कर लिएको छ ।

५. अर्गानिक उत्पादनको हाटबजार पायक पर्ने ठाउँमा लगाउन पहल भएको छ । पशुबजारको लागि ठाउँ निर्दिष्ट गर्ने छौँ, कृषि बिमालाई प्रोत्साहन गरिने छ ।

६. ल्याण्डफिल्ड साइड सञ्चालनका लागि सरोकारवालासँग छलफल शुरू भएको छ ।

७. नमूना वस्ती विकासका लागि समिति मार्फत काम अगाडि बढेको छ ।

८. चालु वर्षका योजना कार्यसूची बनाएर बैशाख मसान्तभित्र काम सक्ने गरी लाग्ने छौँ ।

सरकार भएको अनुभूति गराउन ऐन, कानून अनुसार अगाडि बढ्ने आधार तय गर्नेछौँ । प्रदेश र सघंसँग नबाझिने ढंगले कानून बनाउनुपर्ने भएकाले केही विलम्ब भएको छ ।

हामी प्रष्ट छौँ– इच्छाशक्ति र बजेट भए विकासको काम हुन्छ । अब १७३ टोल विकास संस्थालाई पुर्नगठन गरेर विकासका लागि हातेमालो गरिने छ । सञ्चित कोषबाट युवाहरूलाई स्वरोजगार कार्यक्रमको व्यवस्था गरिने छ । तुलनात्मक रूपमा यसपटकको नीति तथा कार्यक्रम र बजेट विगतको तुलनामा जनमैत्री छ भन्ने हाम्रो विश्वास छ । नीति कार्यक्रम र वजेट अनुरूप योजना कार्यक्रम कार्यान्वयनका लागि हामी सबैको सक्रिय सहभागिताको खाँचो छ । नभुलौं समृद्ध र सवल तानसेन निर्माणका लागि नगरवासी, दल, निजी क्षेत्र, कर्मचारी, सञ्चारजगतको साथ र सहयोग जनप्रतिनिधिलाई चाहिन्छ । तवमात्र हाम्रो तानसेन राम्रो तानसेन बन्न सम्भब छ ।

(नगरप्रमुख)

# विषयसूचि


| | | |
|---|---|---|
| १. | न्यायिक समिति बारे सर्वेक्षण | ४ |
| २. | तानसेन सरकारका चुनौति र अवसर | ५ |
| ३. | शाहकालीन तानसेन | ६ |
| ४. | पाल्पामा जात्रा पर्वको उत्पति, विकास र वर्तमान अवस्था | १० |
| ५. | चीनको लशान र तानसेनबीच भगिनी सम्वन्ध | १४ |
| ६. | Sister Relationship between Tansen and Lashan | 15 |
| ७. | तानसेन नगरपालिका बारे संक्षिप्त जानकारी | १६ |
| ८. | Some Information of Tansen Municipality | 17 |
| ९. | सरसफाइ शाखाको महत्वपूर्ण काम | २० |
| १०. | आ.व २०७४।७५ मा सम्पन्न पशु विकास शाखा अन्तर्गतका कार्यक्रमहरु | २१ |
| ११. | गत आ.व. २०७४/०७५ मा तानसेन नगरपालिका , कृषि शाखाबाट सम्पन्न भएका कार्यक्रमहरु | २२ |
| १२. | तानसेन नगरपालिका स्वास्थ्य शाखाको गतिविधि (आव ०७४/०७५ मा सम्पन्न कार्य विवरण) | २३ |
| १३. | समृद्धिका लागि समयमै काम सकौं | २४ |
| १४. | आ.ब. ०७४/०७५ मा तानसेन नगरपालिका शिक्षा शाखाद्धारा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरु | २५ |
| १५. | तानसेन सरकारले सुरु गरेको अल्पसंख्यक दलित परिवारलाई स्वास्थ्य बिमा प्रभाकारी बन्दै | २६ |
| १६. | हाम्रो तानसेन: संग्रहणीय पुस्तक | २८ |
| १७. | बृद्धबृद्धाको लागि न्यानो तथा शीतल घर बन्दै | २९ |
| १८. | तानसेन नगरपालिकाद्धारा पहिलो सहकारी संस्था दर्ता | ३५ |
| १९. | तानसेन नगरपालिकाको तेस्रो नगरसभा | ३६ |
| २०. | तानसेनका जनप्रतिनिधिलाई प्रशिक्षण | ३८ |
| २१. | तानसेन नगरपालिकाको चालू बजेटका विशेषताहरु | ३९ |
| २२. | तानसेन नगरपालिकाद्धारा पारित ऐन नियम सूचि (२०७५) | ४० |
| २३. | तानसेन नगरपालिकाका वडा नं ९ मा अनलाइन सफ्टवेयर मार्फत राजश्व संकलन शुरु | ४१ |
| २४. | धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास हुदै गुफाचौर गणेश धाम । | ४२ |
| २५. | विविध समाचारहरु | ४४ |
| २६. | वडा गतिविधि | ५० |
| २७. | रणउजीरेश्वरी भगवती तानसेनको भव्यरुपमा २०० औं रथयात्रा | ६२ |
| २७. | तानसेन नगरपालिकाले जारी गरेका केही प्रेस विज्ञप्तिहरु | ६३ |
| २८. | तस्बिरमा तानसेन | ६४ |

# न्यायिक समिति बारे सर्दैछ



*लक्ष्मीदेवी पाठक*

स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आएपछि विकासनिमार्णसँगै न्याय सहज हुने जनविश्वास बढेको छ । तानसेन नगर पालिकामा न्यायिक समिति समक्ष आर्थिक बर्ष २०७४/७५ मा परेको मुद्दाका निवेदनहरु १८ वटा र २०७५/७६ मा ४ वटा गरी यो सामाग्री तयार पार्दा सम्म २२ वटा मुद्दाहरु लिखित रूपमा दर्ता भएका थिए । जस मध्ये केही मुद्दाहरू धर जग्गाको साँध, सिमाना, कित्ता नं. यता उता परेका थिए भने धेरै मुद्दाहरू बहुविवाहा गरी श्रीमतीलाई यातना दिएको भन्ने थिए । कोही श्रीमान् विदेश यता घर श्रीमती अर्को पुरूषसँग घरजम गरी बसेको भन्ने उजुरी समेतका निवेदनहरू न्यायिक समितिमा परेका छन् । जसमध्ये ८ वटा मुद्दाहरू साँध सिमाना कित्ता फरकका मुद्दाहरूलाई दुवै पक्षलाई डाँकी दुबै पक्ष राजी हुने गरी सम्झाई वा सोही ठाँउमा अमिन लगेर आ-आफ्नो (लालपुर्जा) जग्गा धनी प्रमाण पुर्जामा भोग भए अनुसार नापीबाट सन्तुष्ट हुने गरी (दुबै पक्षको बराबरी जित हुने ढंगले) मिलापत्र गराइएको छ ।

श्रीमान् श्रीमतीको मनमुटावका मुद्दाहरू दुबै (श्रीमान् र श्रीमतीलाई) बोलाई सम्झाउँदा दुबै मन्जुर हुने कुनै पनि हार नहुने दुबै जित हुनेगरी मिलापत्र गराइ ७ वटा मुद्दा किनारा गराइएको छ । तीनवटा मुद्दा बहु बिवाहको केशलाई जिल्ला न्यायाधिशको कार्यालयमा सिफारीस गरिएको छ । एउटा मुद्दाको दुबै सम्वन्ध विच्छेद गर्न राजि खुसी भएको हुनाले सोही अनुसार सिफारिस पत्र जिल्ला अदालतमा पठाइ सम्वन्ध विच्छेदको काम सम्पन्न भएको छ । ४ वटा मुद्दाहरू तारेकमा राखिएको छ र २ वटा मुद्दालाई जिल्ला प्रहरी कार्यालयबाट खोजसहयोग गरीदिनुहुन भनी नाम टिपाइएको छ ।

सानातिना मुद्दाहरू विना निवेदनका पनि आएका थिए । सो मुद्दालाई सम्झाई बुझाई समझदारीमा पठाई सहयोग गरी आएका थियौं । दुःखको कुरा समाजमा बहु बिवाह बढ्दो छ । जिल्ला अदालतबाट पनि धेरै केशको किनारा वा फैसला भएको पाइन्छ । हाल आएर भाद्र १ देखि बहु बिवाहको दर्ता नहुने कानूनी नीतिले गर्दा लुकाइ राखेको दोस्री श्रीमतीको बिवाह दर्ता गराउन वडा सचिवहरूलाई दवाब अइरहेको छ । कतिपय पहिलो श्रीमतीको बिवाह दर्ता नागरिकता बनेको छैन । छोरा छोरीको जन्म दर्ता छैन तर दोस्रो श्रीमतीको बिवाह दर्ताका लागि नागरिकतामा जोडबल पुगेको छ । यो प्रविधिले पहिलो श्रीमती माथि ठूलो चोट पुग्ने देखिन्छ ।

हामीले निशुल्क समाज सेवा गर्दै आयौं । आजको जिम्वेवारी पनि उस्तै छ । यसले गर्दा पीडित पक्षलाई मेलमिलापको माध्यमबाट जित गराइदिन पाउँदा न्यायिक समिति गौरवान्वित भएको छ ।

हामीलाई साथ र सहयोग गर्नु हुने नगर प्रमुख, वडा अध्यक्षज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू र मेलमिलापकर्ताको साथै सम्पूर्ण बुद्धिजीवी ,न्यायप्रेमी नगरबासीहरूबाट सधै सहयोगको अपेक्षा गरेका छौं र विश्वास छ सहयोग पाउने छौं ।

(उपप्रमुख तथा न्यायिक समिति संयोजक)
सम्पर्क : ९८५७०६८३३७, ९८४७०९९३३६

# तानसेन सरकारका चुनौति र अवसर



*कीर्तनराज पौडेल*

तानसेन नगरपालिकाको इतिहास आफैमा गौरवपूर्ण रहेको छ । काठमाडौँ, ललितपुर पछि तेस्रो नगरपालिका बनेको तानसेन ऐतिहासिक, धार्मिक, साँस्कृतिक, शैक्षिक र पर्यटकीय महत्वको हिसाबले परिचित ठाउँ हो । प्राकृतिक रूपमा तानसेन सुन्दर छ । तानसेनको विकास अब इतिहासमा भएको चर्चाले होइन तानसेनवासीहरूको सक्रियता अनि निर्वाचित जनप्रतिनिधि र कर्मचारीको सहभागितापूर्ण कर्ममा भर र्पछ ।

नेपालको संविधानले व्यवस्था गरे अनुसार देशमा स्थानीय, प्रदेश र संघीय समेत ३ तहको सरकार सञ्चालनमा रहेको अवस्था छ । स्थानीय सरकारको रूपमा तानसेन नगरसरकारले पनि १ वर्षको अनुभव संगालेको छ । गतवर्ष विभिन्न तहका निर्वाचन, कानूनी रिक्तता र जटिलता, कर्मचारी अभाव जस्ता विविध कारणले तानसेन नगरपालिकाले अपेक्षा गरे अनुसार प्रगति हासिल गर्न नसकेपनि सन्तोषजनक उपलब्धि भने हासिल गरेको पाइन्छ ।

तानसेन नगरपालिका भित्र सीमित साना तथा धरेलु उद्योग रहेका छन् । जुन जीर्ण अवस्थामा छन । ठूला उद्योगको अभाव छ । विगतको तुलनामा शिक्षा स्वास्थ्यतर्फ आर्कषण कम छ । पर्यटकहरूको सुविधा अनुरूपका गन्तव्य क्षेत्रहरूको व्यवस्थापन गर्नु पर्ने छ । फोहर व्यवस्थापन, बसपार्क निर्माण, सडक स्तरोन्नति लगायतका काम तत्काल गर्नु पर्ने अवस्था छ । नीतिगत रिक्ततालाई पूर्ण गर्न आवश्यक ऐन, कानून, निर्देशिका पारित गरिएको छ ।

सीमित आयस्रोत, व्यापार व्यवसायको चहलपहल नहुनु, जनशक्ति समायोजन तथा व्यवस्थापन समयमै नहुनु लगायतको चुनौति हामी माफ रहेको छ । सीमित साधनस्रोतका भरमा समृद्धिको यात्रा तय गर्नुपर्ने अवस्थामा छौँ हामी तथापी नगरवासीको आवश्यकता र चाहनालाई मध्यनजर गर्दे हामीले काममा ध्यान केन्द्रित गर्नेछौं । त्यसो त चुनौतीसँगै हामीसँग समृद्ध तानसेनका लागि अवसर पनि प्रसस्त छ । शान्त शीतल मनोरम तानसेन शिक्षा, स्वास्थ्यका लागि केन्द्र बन्न सक्छ । विगतले यो कुराको पुष्टि गर्दछ । पर्यटकीय गन्तब्यको रूपमा तानसेनको विकास सम्भव छ । धार्मिक ऐतिहासिक सम्पदा, जात जातिका संस्कृति तानसेनका गहना हुन । तानसेनको विकासका लागि अरूको मुख ताक्नु भन्दा नगरवासी, जनप्रतिनिधि र कर्मचारीबीच समन्वय र अरू क्षेत्रको समेत सहयोग महत्वपूर्ण पक्ष हो भन्ने आत्मसात गरौ । काममा जुटौं, परिवर्तन सम्भव छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

## तानसेन, विगतदेखि वर्तमानसम्म-२

(गत अकं देखि क्रमशः)

# शाहकालीन तानसेन




*निर्मल श्रेष्ठ*

चौबीसेराज्यहरूमध्ये सेनकालीन पाल्पाराज्य सबै भन्दा शक्तिशाली राज्य थियो । पाल्पासँग मित्रता कायम नगरी गोर्खालीले राज्यविस्तार अभियानलाई अघि बढ्ाउन गाह्रो परिरहेको थियो । राजकुमार बहादुर शाहको विवाह सेनराजा महादत्तसेनकी छोरी विद्यादेवीसँग भएपछि पाल्पासँग गोर्खाको सम्बन्ध जोडियो (Hamilton,1990:173) । शक्तिशाली पाल्पाराज्यसँग गोर्खालीहरूको वैवाहिक सम्वन्ध जोडिएपछि गोर्खालीहरूलाई पश्चिमतिर राज्यविस्तार गर्न सहज र मद्दत पुग्न गयो । त्यस अभियानमा पाल्पाली राजा महादत्तसेनले अभियानलाई सघाउन पा(ल्पाली सैन्यका साथ आफ्ना सरदार उपेन्द्रसिं कार्कीलाई पठाएका थिए (श्रेष्ठ,२०७४:७३) । गोर्खाली फौजले वि.सं. १८४३ साल कार्तिक १९ गते प्यूठान सर गरी माघ ७ गते भेरी साँध लगाए (पाँडेक्षत्री,२०३४:६८) । राज्यविस्तार अभियानमा सघाए बापत पाल्पालाई गोर्खालीले विजित गरेको गुल्मी, अर्घा र खाँची गरी तीन राज्य उपहार स्वरूप दिइएको थियो । यसको साथै बहादुर शाहले पाल्पाली राजा महादत्तसेनलाई सुनको छाता आदि सम्पूर्ण राजचिन्ह, सुनमा हीरा आदि नवरत्न जडिएका दुईवटा माला, मोतीका कुण्डल, मोतीका हार, पगरी लगायत सबै लगाउने लुगा, १०१ हात्ती, १००१ असल घोडा साथै सय भारी रूपियाँ पनि दिएका थिए (बज्राचार्य र पन्त, २०२२:५२) ।

पाल्पाराज्यका हितैषी बहादुर शाहलाई वि.सं. १८५० फागुनदेखि राजकाजमा पजनी गरी रणबहादुर शाहले राज्यशासन आफ्नो हातमा लिई बहादुर शाहलाई राज्य सञ्चालन गर्दाको सातवर्षको आम्दानी खर्चको हर-हिसाबको निहुँ बनाई आफ्ना काका बहादुर शाहलाई विष्णुमतिको तीरमा रहेको भीमसेनस्थान (हालको परोपकार), जसलाई मल्लकालमा 'पाहुना घर' भन्ने गरिन्थ्यो, त्यसठाउँमा कैद गरेका थिए, कैदकै अवस्थामा वि.सं. १८५४ आषाढ १४ गते बहादुर शाहको मृत्यु भयो (पाँडे क्षत्री,२०३४:८०) । दामोदर पाँडे पनि मारिएपछि रणबहादुर शाहले दामोदर पाँडेका नजिक मानिने पाल्पाली राजा पृथ्वीपाल सेन र गढवाली राजा प्रद्युम्नशाह समेत दुवै राजालाई सर्वनास गराउन खोजेका थिए । गढवाली राजा प्रद्युम्नशाह टाढा भएकोले वि.सं. १८६१ वैशाख महिनाको आधा आधिमा चौतारिया हस्तदल शाहलाई सेनापति र वडाकाजी अमरसिंह थापालाई उनका सहायक बनाइ गढवाल हान्न पठाउनुको साथै तिनीहरूको मद्दतका खातिर पृथ्वीपालसेनका सर्दार शशीधर टंडन र पाल्पाली सेना पनि लैजाने काम गरे । पाल्पामा सैनिक शक्ति कमजोर भएपछि तिम्री बहिनी बिहे गर्छु भनी पृथ्वीपाल सेनलाई रणबहादुर शाहले काठमाण्डौं बोलाए । पहिले आफ्नू भाइ चौतरिया रणबहादुर सेनका साथ बहिनीलाई पठाएका थिए । तर पछि रणबहादुर शाहको अति आग्रहले गर्दा मनले नमान्दा नमान्दै वि.सं. १८६१ साल जेष्ठ महिनाको आधा आधिमा काठमाडौंमा उत्रे । शहरभित्र पस्न नपाउदै पृथ्वीपालसेन र उनका अंगरक्षकहरूलाई पक्री ललितपुर राजभवनमा लगेर नजरबन्द गरे । पर्सिपल्ट पाल्पाराज्यमा अधिकार कायमगर्न भनी मुख्तियार भीमसेन थापाका पिता साना काजी अमरसिंह थापा र दलभञ्जन पाँडे सैन्य लिएर रमाना भए । साना काजी अमरसिंह थापा र दलभञ्जन पाँडेले पाल्पालाई नेपाल अधिराज्यमा विलय गराए (भण्डारी, २०४१:८) । पाल्पाराज्य नेपाल अधिराज्यमा विलय भए पछि श्री ३ जंगबहादुर राणाको उदय हुनु पूर्व पाल्पाको तैनाथवालाहरूमा अमरसिंह थापा, उजीरसिंह थापा, बख्तावरसिंह थापा, रणवीरसिंह थापा, रणदल पाँण्डे, सिहवीर पाण्डे, फत्येजंग शाह, ति विक्रम थापा, गुरुप्रसाद शाह गरी नौ जना तैनाथवाला भई पाल्पा आएका थिए (श्रेष्ठ,२०६२:४)। तीमध्ये शाहकाल पूवार्द्धका अमरसिंह थापा र उजीरसिंह थापाको तानसेन सिंगार्नुमा ठूलो भूमिका रह्यो । साना काजी अमरसिंह थापाको आगमनसँगै कम्पनी सरकारसँग खचपच शुरू भई सकेको थियो । एकातिर कम्पनी सरकारले पूर्वका १२२ मौजा र बुटवल अनि स्यूराजको विषयलाई लिएर खिचिलो उठाईरहेको थियो भने अर्कोतिर भौगोलिक विजय भएता पनि साँस्कृतिक विजय हुनुआवश्यक थियो । साना काजी अमरसिंह थापाले पाल्पाको सदरमुकाम तानसेनमा प्रशासन सञ्चालन गर्न स्मारक, कवाज खेल्ने टुँडिखेल आदिको निर्माण गर्नुका साथै मठ मन्दिरहरू निर्माणकोकामकोथालनी पनि गरेका थिए ।

### गञ्ज (ठूलाघर)को निर्माण :




प्रशासन सञ्चालन गर्न हालको टुडिखेल मुनि 'गञ्ज' (हाल सेन मा.वि. रहेको स्मारक)को निर्माण गरेका थिए । 'गञ्ज' लाई 'ठूलाघर' पनि भन्ने गरिन्छ । कुमाऊँ गढवालको साहित्यलाई अध्ययन गर्दा 'ठूलाघर'लाई 'गञ्ज' भनेर उल्लेख गरिएको पाइन्छ । प्रशासनिक भवन साथै जमिनको उठौती पुठौती नगदमा मात्र नभएर खाद्यान्नमार्फत पनि उठाउने व्यवस्थाको थालनी भए पछि उठौती पुठौतीबाट उठेको अन्नलाईसमेत रखनधरन गर्नको लागि यस प्रकारको 'गञ्ज' 'ठूलाघर' निर्माण गरिने उल्लेख छ । यस्तो उद्देश्य राखी निर्माण गरिएको स्मारकलाई 'गञ्ज'भन्ने गरिएकोछ । त्यस स्मारकमा जो संरक्षक (अफिसर) भई बस्छ, उसलाई

'ठूलाघरे' भन्ने गरिएको पनि उल्लेख छ (पांडे,१९९०: ६१४) । साना काजी अमरसिंह थापा राज्यविस्तार अभियानमा पश्चिमतिर खटिएका थिए । कुमाऊँतिरको राज्य प्रशासन र त्यहाँको चलन चल्तिलाई नजिकबाट नियाँलेका साना काजी अमरसिंह थापा पाल्पाको पहिलो तैनाथवाला भई आएपछि प्रशासन सञ्चालन गर्नका खातिर 'गञ्ज' को निर्माण गरेका थिए । जुन 'अमरगञ्ज' भनेर प्रख्यात छ । यस 'अमरगञ्ज' तानसेनको ऐतिहासिक धरो हरको रूपमा रहेको छ ।

## अमरेश्वर नारायण मन्दिरको निर्माण :



पाल्पाको पहिलो तैनाथवाला भएर पाल्पा आए लगतै साना काजी अमरसिंह थापाले अमरेश्वर नारायण मन्दिर निर्माणको थालनी गरी वि.सं. १८६३ सालमा सो मन्दिरको निर्माण पूरा गरेको कुरा अमरनारायण मन्दिरमा रहेको ताम्रपत्रमा उल्लेख छ । ताम्रपत्रको अन्तिम हरफमा "इनै काजी अमर सिंहले १७२८ सहकालमा १८६३ सम्वत्मा श्री अमर नारायणको मन्दिर बनाइ सिध्याया शुभं" भनी भएको उल्लेख छ (नाथ,२०२२:५५१) । नेपाली तलेशैलीमा निर्माण भएको सो मन्दिर तीन तलाको छ । मन्दिरको तल्लो दुई तला झिगटिले छाएको छ भने मन्दिरको सबैभन्दा माथिल्लो तला पित्तल धातुले छाएको छ । सुनको मोलम्बो चढाइएको सुन्दर गजुर भएको सो मन्दिर वायव्य कोणतर्फ फर्केको छ । स्वप्निल रचनाले सिंगारिएको सो मन्दिर वास्तुकलाको मनोरम मिलन बिन्दुबनेको छ । तेलिया ईट, बज्र र काष्ठले बनेको सो मन्दिरको गर्भगृहमा धातुको लक्ष्मीनारायण, दाहिना पट्टि गणेश, बायाँपट्टि सिङ्गमरमरको हनुमान र सामुन्ने एकजोडा गरूडको मूर्ति रहेको छ । कलात्मक झ्याल ढोकाहरूमा पशुपंछीका सुन्दर आकृतिहरू कुँदिएका छन् । वेलबुट्टा लगायत विजुलि (ड्रायगन)का आकृतिहरूले मन्दिरलाई आकर्षक तुल्याएको छ । मन्दिरको परिसरमा प्रवेश गर्ने मुख्य प्रवेश-द्वारको दुबैतिर दलान भएको भजन गर्ने पौवा र बगलमा पूजारी बस्ने घर पनि रहेको छ । पौवा र पुजारी घर पनि काष्ठकलाको बेजोड नमूनाले सिंगारिएकोछन् । मन्दिरको थप आकर्षण काष्ठकलाको स्वप्निल रचनामा रति संयोगका दृश्यहरू हुन । ठूल-ठूला अजंगका चेप्टा ढुङ्गाको पर्खालले ओरिङ्तै घेरिएको सो मन्दिर र मन्दिर परिसर करीव २५ रोपनी १० आना ० पैसा १दाम क्षेत्रफलमा समेटिएको छ (श्रेष्ठः २०६८: १२८) ।

पर्खाल भित्र इतिहासलाई कुरूप्प बोकेका पुराना बडेमानका रूखहरूले ढाकेको उपवन रहेकोछ । रूखलाई नै ढाक्ने गरी चमेराहरू फलेको भैं देखिदाको दृश्यले उपवनलाई थप मनमोहक पार्ने गर्छ । ठूल-ठूला दुईवटा पानी पोखरी, पोखरीको डिलमा विष्णु पादुका मन्दिर, अमरेश्वर महादेव मन्दिर र मन्दिर परिसरमा रहेको छङ-छङको आवाजसँगै अविरल बगिरहने ढुङेधाराको पानीको दृश्यले अभिराम रूपागार खोलिदिने गर्छ भने तानसेनमा आउने आन्तरिक र वाह्य पर्यटकहरूको गन्तव्य बनेको छ । अमर नारायण मन्दिरको परिसरमा रहेको अमरेश्वर महादेवको मन्दिर निर्माण, मन्दिरको परिसर भित्र दुनधाराको निर्माण गर्नुको साथै अमरगञ्जको परिसरमा रहेको अमर विनायक गणेश मन्दिरको निर्माण पनि अमरसिंह थापाले गरेका थिए ।

## रिडी सत्येश्वर महादेव

जनरल भीमसेन थापाकी महतारी सत्यरूपादेवीले संकल्प गरे अनुसार साना काजी अमरसिंह थापाले सम्वत् १८७९ साल चैत्र १ गते बदी २ रोज ५ का दिन सत्येश्वर महादेवको मूर्ति स्थापना गर्नुको साथै मन्दिर निर्माण पनि गरेका थिए ।सो मन्दिरको बगलमा काठमाण्डौं खाल्डोबाट बाहिर पश्चिमतिर लागेपछि नेपाली काष्ठकलामा खामिएको कामुक सरसता (EROTIC THEMES) जुन गोरखाको मनकामना, गोरखा दरबार, पोखराको भीमसेन मन्दिर, तानसेनको अमरनारायण मन्दिरमा देखिन्छ त्यही माफिकको काष्ठकलामा खामिएको कामुक सरसता सत्येश्वर महादेवको बगलमा रहेको पिहाली पौवामा पनि देख्न पाइन्छ । दोहरो दलान भएको सो पौवामा बेजोड काष्ठकला खामिएको छ (श्रेष्ठ,२०७२:४) । हावाको झोक्का, वर्षातको चिसाई अनि घामको तप्ततालाई वर्षौंसम्म खेपेको काष्ठको स्वप्निल रचनामा रति संयोगका आकृतिहरू कुँदिएको पिहाली पौवा तानसेनको गहना बनेको छ ।

## बौद्धचैत्यको निर्माण :

साना काजी अमरसिंह थापा पाल्पाको तैनाथवाला भएर आए पछि तानसेनमा स्मारक एवम् मठ मन्दिर बनाउनका लागि काठमाडौं खाल्डोबाट कालिगढहरू ल्याएका थिए । काठमाडौंबाट ल्याएका ती कालिगढहरूको टोलीको नेतृत्व सुन्दर बाँडाले गरेका थिए । सुन्दर बाँडा बौद्धमार्गी भएकाले उनले तानसेनको टुँडिखेल नजिक ढुङ्गाको चैत्य निर्माण गरेर तानसेनमा बज्रयानी परम्पराको बौद्धधर्मको सुरूवात गरेका थिए । तानसेनको टुँडिखेल

निर भीमसेन टोलमा विहार र चैत्य निर्माण गरिएको छ, जुन 'आनन्द विहार' नामले परिचित छ। यो पश्चिम नेपालको नै सबभन्दा पूरानो विहार हो । आनन्द विहारमा रहेको चैत्यमा चढाइएको घण्टमा त्यस ठाउँमा घण्ट चढाउनुअघि नै चैत्य निर्माण भएको कुराको उल्लेख भएको छ । उक्त सन्दर्भलाई जोडेर हेर्दा वि.सं. १८६३ मा सो चैत्य निर्माण भएको देखिन्छ (क्षत्री, २०७२:८२) ।

## टुँडिखेलको निर्माण :

अमरसिंह थापा तैनाथी लिएर पाल्पा आए लगतै कम्पनी सरकारले पूर्वको १२२ मौजा साथै बुटवल र स्यूराजको विषयलाई लिएर खिचलो उठाउन थालेको थियो। सैनिक शक्तिलाई चुस्त र दुरुस्त बनाउन, सैनिकहरूको लागि कवाज खेल्न र तालिम दिने हेतुले खनालहरूको बसोबास गर्दै आएको जग्गामा वि.सं. १८७० सालमा टुँडिखेल निर्माण गरेका थिए। सो खनालहरूको बसोबास रहेको जग्गामा टुँडिखेलको निर्माण गरे पछि वि.सं. १८५३ मा पृथ्वीपालसेनबाट नरोत्तम उपाध्याय खनालले विर्ता पाएको ध्रुवघाटको जग्गा जुन रैकरमा परिवर्तन भएको थियो, सो जग्गालाई साना काजी अमरसिंह थापाले वि.सं. १८७९ साल मिति आश्विन शुदि ३ रोज २ का दिन पुनःविर्तामा नै परिणत गरि दिएका थिए (निराकार,२०७४: ९६) । यसको साथै टुँडिखेलको मुखैको चौपारीमा रहेको हनुमान ढोका दरबारबाट ६९ कोस टाढा उल्लेखित कोसेढुङ्गा, जुन अमरसिंह थापाको तैनाथी कालमा राखिएको थियो, तानसेनको गहनाको रूपमा रहेको छ ।

## कर्णेल उजीरसिंह थापाको पाल्पा आगमन :

साना काजी अमरसिंह थापा पाल्पाका तैनाथवाला हुँदाको बखत कम्पनी सरकारले पूर्वका १२२ मौजा साथै बुटवल र स्यूराजको विषयमा पनि खिचिलो उठाइ रहेका थिए । यही खचपच बीच २५ दिन भित्र नेपालले बुटवल नछाडे कम्पनी सरकारले सो ठाउँमा अधिकार गर्ने छ भन्ने हाँक सहितको आशय-पत्र वि.सं. १८७० साल फाल्गुन महिनामा कम्पनी सरकारले पठाएको थियो । नेपाल सरकारले छलफल नै गर्न नपाउदै वि.सं. १८७१ साल बैशाख १० गतेका दिन बुटवल चौकीमा रहेका दुई चारजना नेपाली रक्षकहरूलाई हताहत गरी कम्पनी सरकारले बुटवल कब्जा गऱ्यो। एक्कासी कम्पनी सरकारले बुटवल कब्जा गरे पछि पाल्पाका तैनाथवाला अमरसिंह थापाले बुटवल फिर्ता गर्न वि.सं. १८७१ साल जेष्ठ १० गतेका दिन बुटवल तिर लागे । यसै क्रममा बुटवल जाँदा सुतार कार्कीहरूले शुक्र पश्चिम हुँदा कुलायन पूजा तानसेनको हुलाङ्दीमा गर्ने गर्दथे, लडाईमा गएका अमरसिंह थापाले कुल उत्रेका लामासँग लडाईमा कसरी फत्ते होला भनि सोधे । लामाले यसो गरे फत्ते होला भनि अक्कल सुझाए । कम्पनी सरकारका सिपाहीहरूसँग लडी अमरसिंह थापाले बुटवललाई फिर्ता गरे (श्रेष्ठ,२०७२:५) । यसरी कम्पनी सरकारको युद्धको झोक्कालाई परास्त गरेका अमरसिंह थापाको पाल्पामा सम्वत १८७१ साल कार्तिक ७ गते महाअष्टमीका दिन मृत्यु भयो । अमरसिंह थापाको मृत्युको मितिको सम्वन्धमा एउटा अर्को हस्तलिखित कागजमा '...आश्विन मैन्हामा जनरल अमरसिंह थापा खस्या...' भन्ने रहेको छ । अमरसिंह थापाको मृत्यु भएको र उजीरसिंह थापा पाल्पा आउँदै गर्दाको बेला पाल्पामा कोही तैनाथवाला थिएनन् । त्यसबखत उजीरसिंह थापा नआउनजेल सम्वत् १८७१ साल मिति कार्तिक वदि ९ रोज १ का दिन रणध्वज थापा मार्फत रहेको भगिरथ जैसीलाई लेखिएको रूक्कामा "स्वस्ति श्रीमन्महाराजाधिराज कस्य रूक्का...... आगे भागिरथ जैसी प्रति तेस तरफ गर्ना काजको अक्तियारी कर्णेल उजीरसीं थापालाइ बक्स्याको छ . कार्तीकका दीन २६ जादाको सायत गरि हाम्रा हजुरमा विदा भै आउँछ तिमी ले पनी येसका साथमा ताँही रही ज्योतिसीको हेर्न्या कोर्न्या काम गर घर आउन्या काम नगर्नु पालपा रहनु इति संम्वत् १८७१ साल मीती कार्तीक वदि ९ रोज १ शुभम्" भन्ने उल्लेख भएको पत्रले आफ्ना हजुरबुवा साना काजी अमरसिंह थापाको मृत्यु पछि साना काजी अमरसिंह थापाका छोरा नयनसिंह थापाका जेठा छोरा कर्णेल उजीरसिंह थापा पाल्पाको तैनाथी लिएर पाल्पा आएको देखिन्छ (श्रेष्ठ, २०७२:६)।

## महिषासुर मर्दिनी भगवती

कम्पनी सरकारले नोवेम्बर १ तारिख १८७२ का दिन नेपाल माथि एकतर्फी युद्ध घोषणा गरेपछि नेपालले पनि आफ्नो तर्फबाट युद्धको तयारी गरेको थियो ।




पाल्पाका तैनाथवाला भई आएका कर्णेल उजीरसिंह थापा पनि गढी गौडा, बाटोघाटो मर्मत गर्नुका साथै सैन्यवल मजबुत गर्न तर्फ लागेका थिए । युद्ध भूमिमा जानु अघि तानसेन बजारको मध्यभागमा अवस्थित महिषासुर मर्दिनी भगवतीको पाउमा छोइ 'युद्धमा विजय प्राप्त भए सिंदुर जात्रा गरी चारैचौरास भगवतीको महिमा फैलाउने छु' भनी भाकल गरेका थिए । पाल्पाको बुटवल क्षेत्रमा युद्धमा विजयश्री प्राप्त भएपछि भाकल बमोजिम कर्णेल उजीरसिंह थापाले काष्ठकलाको बेजोड नमूना खामिएको

तले शैलीको तीनतले भव्य मन्दिरको निर्माण वि.सं. १८७२ मा थालनी गरी वि.सं. १८७६ मा पूरा गरेका थिए । आफ्नो उचाई बराबरको सुनको मोल्मवो चढाइएको गजुर अर्पण गरी चाँदीको छत्र ओडाइएको अष्टधातुले बनेको अठारबाहु भएकी 'महिषासुर मर्दिनी भगवती' को मूर्तिलाई आफूले युद्धमा जाँदा भाकल गरेको पुरानो प्रस्तरको 'भगवतीको मूर्ति'लाई गर्भमा पारी स्थापना गरे । दुर्गा पञ्चायन विधिविधानलाई अवलम्वन गरी बनाइएको सो मन्दिरको भित्री प्रदक्षिणा मार्गको वायव्य कोणमा सूर्य, इशान कोणमा बिष्णु, आग्नेय कोणमा शिव, नैऋत्य कोणमा गणेशको मूर्ति र बीचमा भगवतीको मूर्ति स्थापना गरी दुर्गा पञ्चायनको रूप दिइएको छ । मन्दिर निर्माण र मूर्ति स्थापना गरिसकेपछि नित्य पूजा, जात्रामा गरिने वर्षवन्धन पूजा/कारण पूजा र कालरात्री अष्टमी एवम् चैते दशैमा त्रिसमाधी तान्त्रिक विधिबाट गरिने पूजाका लागि मातृमण्डलका ज्ञाता ललितपुर महानगरे जयश्री मित्र संस्कारित मयुरवर्ण विहारका गौतम गोत्रीय चन्द्रमणि गुभाजुलाई ल्याइएको थियो । वर्षेनी कृष्णजन्माष्ठमीको भोलिपल्ट हुने रणउजीरेश्वरी भगवतीको रथयात्रा, विजय उत्सवको रूपमा मनाउने गरिन्छ (श्रेष्ठ, २०७२:५)। सो रथ-यात्रा तानसेनेलीहरूको मात्र नभई, प्रदेशको मात्र पनि नभई, अखण्ड नेपालको राष्ट्रिय गौरवसँग गाँसिएको छ ।

**तानसेन बजारको व्यवस्थापन :**

कर्णेल उजीरसिंह थापाको स्वर्गारोहण भएपछि पाल्पाको तैनाथवाला भई आएका साना काजी अमरसिंह थापाका साहिला छोरा बख्तावरसिंह थापाको पाला वि.सं. १८८६ सालमा तानसेनमा ठूलो आगलागी भई पाल्पा तानसेन शहर सखाप भयो । त्यसबखत घर र घरले चर्चेको जमिनमा रैतीहरूकोआफ्नो स्वामित्व हुदैन थियो । स्थानीय अधिकारी वा अमालीको तजविजले कुनै पनि व्यक्तिको घर पजनी हुन सक्दथ्यो । आगलागी भएको ठाउँमा पुनः घर बनाई बजार बसाउन हिच्किचाउन थालेका थिए । स्थानीय रैती र महाजनहरूले सरकार समक्ष सुरक्षाको माग गरी विन्तिपत्र चढाएका थिए । सम्पत्ति सुरक्षाको प्रत्याभूति गरी लालमोहर तैनाथवाला बख्तावरसिंह थापाको पालामा रूक्का भएको थियो । सो लालमोहर यस प्रकारको रहेको छ :

*वस्तिश्री मन्महाराजाधिराज कस्यरूक्का ..........*
*आगे पाल्पा तान्सेन् बस्न्या मनीराज मेहेरवान् साधुराम मनीरत्न*
*तेजनारान चुडकीदेवी नरसिं गैरह महाजन बेपारी नेवारके......*
*आफ्ना षातिजर्मासंग पक्की घर बनाई झीगटी लगाई बजार*
*गुल्जार गर्न्या कामगर*
*इतिसंवत् १८८६ साल मिति आश्वीं सुदी ४ रोज ६ शुभम्..........."*

(नेपाली, २०२२:२१५,२१६) । उक्त रूक्काले तैनाथवाला बख्तावरसिंह थापाको पालामा व्यवस्थित बजारको रूपमा तानसेन विकास भएको देखिन्छ ।

## सन्दर्भ सामग्री


- नाथ योगी नरहरि, इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १, प्र.राप्ति दाङ्गका अध्यात्मिक सम्मेलनमा प्रकाशित, वि.सं. २०२२
- निराकार वनमाली, खनाल वंशावली, प्र. खनाल परिवार, ध्रुवघाट, तानसेन, पाल्पा, वि.सं. २०७४
- नेपाली चित्तरञ्जन, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, प्र. रत्न पुस्तक भण्डार, नेपाल, वि.सं. २०२२
- पाँडे क्षत्री सरदार भीमबहादुर, राष्ट्रभक्तिको झलक भाग १, प्र. रत्न पुस्तक भण्डार, भोटाहिटी काठमाडौं, नेपाल, वि.सं. २०३४
- पाण्डे बद्री दत्त, कुमाऊँका इतिहास, प्र. श्याम प्रकाशन अल्मोडा, उ.प्र. सन् १९९०
- बज्राचार्य गौतमबज्र र पन्त महेशराज, पूर्णिमा, पूर्णाङ्क ६, वर्ष २ अङ्क २, प्र.संशोधन मण्डल, काठमाडौं, वि.सं. २०२२
- भण्डारी देवीप्रसाद(सं.), बाबुरामआचार्य रचित नेपालको संक्षिप्त इतिहास, प्र. संशोधन-मण्डल, काठमाण्डौं, पूर्णिमा, पूर्णाङ्क ६४, वर्ष १६, अंक ४, २०४१
- श्रेष्ठ निर्मल, मुझुङेली कार्की, प्र. प्रेमाकुमारी कार्की, मुझुङ, पाल्पा, वि.सं. २०७४
- श्रेष्ठ निर्मल, पाल्पालाई फर्केर हेर्दा, पाल्पा टाइम्स, वर्ष १० अंक ९, प्र.झपेन्द्र गहिरे, पाल्पा, वि.सं. २०६२
- श्रेष्ठ निर्मल, रूरू क्षेत्र, रिडी जहाँ भौतिकवाद परास्त भए झैं लाग्छ, पाल्पा टाइम्स, प्र. झपेन्द्र गहिरे, पाल्पा, वि.सं. २०७२
- श्रेष्ठ निर्मल, सुतार कार्की र कुलायन पूजा, दैनिक पत्र, वि.सं. २०७२
- श्रेष्ठ निर्मल, चरितनायक भगिरथ जैसी, अन्नपूर्ण पोष्ट, वि.सं. २०७२
- श्रेष्ठ निर्मल, राष्ट्रिय गौरवको प्रतीक : पाल्पा रणउजीरेश्वरी भगवतीको जात्रा, अन्नपूर्ण पोष्ट, वि.सं. २०७२
- श्रेष्ठ निर्मल, काष्ठकलाको स्वप्निल रचनामा रति संयोग, प्र. पाल्पाली समाज रुपन्देही, वि.सं. २०६८
- क्षेत्री उषा, बौद्धधर्म र पाल्पामा यसको विकास, शोधपत्र, बौद्ध अध्ययन केन्द्रिय विभाग, कीर्तिपुर, काठमाडौं, वि.सं. २०७२
- Hamilton Francis Buchanan, An account of The Kingdom of Nepal, Pub. Asian Educational Services, New Delhi, 1990 A.D.
- टुँडिखेल सम्बन्धी अभिलेख साभार खनाल वंशावली, २०७४


(लेखक तथा इतिहासकार)

क्रमशः


हाम्रो पहिचानः
नगर सरसफाइ अभियान
अनुरोधक –तानसेन नगरपालिका

# तानसेन पाल्पामा जात्रा पर्वको उत्पत्ति, विकास र वर्तमान अवस्था



*झपेन्द्र जीसी*

**विषय प्रवेश :** हाम्रो देश नेपाल बहुसांस्कृतिक विविधताले युक्त देश हो । सगरमाथा र लुम्बिनी नेपालको गौरवपूर्ण पहिचान हुन् । यसरी नै नेपाललाई मन्दिरै मन्दिरको देश भनेर पनि चिनिन्छ । मन्दिरमूर्ति निर्जीव हुन्छन् । उनीहरूमा अभिव्यक्ति क्षमता हुँदैन तर संस्कृति जीवन्त हुन्छ, गतिशील हुन्छ र संस्कृतिले युगसापेक्ष अभिव्यक्ति दिन्छ । संस्कृति झल्किन्छ, टल्किन्छ, गुञ्जिन्छ, घन्किन्छ, हाउभाउ गर्छ, नाच्छ, हाँस्छ, रून्छ, फेरि हाँस्छ, रमाउँछ । १२६ जाति र १२३ भाषाका नेपालीहरू आआफ्नै ढङ्गले आफ्नो अभिव्यक्ति दिन्छन् र आआफ्नै भिन्नभिन्न निशानी छ । यति हुँदाहुँदै पनि भिन्नताका बीचमा आपसी अन्तर्घुलन भएर सबै जातिको एउटा साझा संस्कृतिलाई फेरि आफ्नै संस्कृति भनेर बहुसंख्यक नेपालीले मनाउँछन् । ती संस्कृतिमध्ये चाडपर्व, जात्रा उत्सव पनि हुन् ।

## चाडपर्व जात्रा उत्सवको व्यूत्पत्ति

चाडपर्व जात्रा उत्सव भनेको-सुख दुःख, विजय पराजय, जन्म र मृत्युको सामुदायिक अभिव्यक्ति हो । जंगली अवस्थाका आदिम मानव समुदाय झुण्डझुण्डमा मिलेर बस्थे । यसरी झुण्डमा मिलेर बस्दा उनीहरु हिंस्रक जीवजन्तु र अर्को मानव झुण्ड र गण समाजबाट सुरक्षित हुन सक्दथे । आफ्नो समुदायमा मिलेर बस्दा त्यो जङ्गली अवस्थामा खानाका लागि फलफूल, माछा, मासु, कन्दमूल आदि जम्मा गर्न सजिलो हुन्थ्यो । आदिम मानव समाजको विकासक्रमसँगै केही जङ्गली पशुपन्छी मानव गणसँग नजिकिन थाले । ती पशुपन्छीलाई पनि हिंस्रक जनावरबाट सुरक्षित हुन सहाराको जरूरी थियो । त्यस्ता जनावर र पन्छीमध्ये गाई, बाख्रा, परेवा, कुखुरा, भेंडा आदि प्रमुख रूप थिए भनेर मानव शास्त्रीहरूले हामीलाई बताउने गरेका छन् । यीमध्ये गाई बहुउपयोगी जनावर हो । हिन्दू समुदायबाहेक अद्यापि गोमांस अन्य समुदायमा ग्राहय छ । गाईको दूध बहुउपयोगी छ । छाला सिङ, खुर, पुच्छरसमेत उपयोगी छन् । त्यसैले यसरी गाई पालेर एउटै झुण्डमा बस्ने समुदायलाई गोत्र भन्न थालियो । यिनीहरूको पूर्वज एउटै हुने हुँदा सगोत्री भन्न थालियो । 'गो' माने गाई अर्थात् पशुहरु र 'त्र' माने तिनीहरूलाई राख्ने ठाउँको अर्थमा बुझियो । यसरी गोत्र भनेपछि पशु सम्पदालाई एउटै गुफामा वा एउटै गोठमा वा थलोमा रक्षा गर्नेहरूको समुदाय भन्ने बुझिन्छ । यसरी के प्रष्ट हुन्छ भने एउटै वा समान उत्पादन पद्धतिमा आबद्ध समुदायलाई गोत्र भन्न थालेको पाइन्छ । यो बैदिक शब्द हो । जे होस् यसरी एउटै गोत्रमा आबद्ध यी मानव समुदायले प्राप्तिमा उत्साहित र खुसी हुनु स्वभाविकै हो । खुसी हुँदा मानिसहरु नाच्न, गाउन, हाउभाउ गर्न थाले । यसक्रममा हरेक युगमा युगसापेक्ष पर्वहरु र जात्रा उत्सवहरु जन्म भए । चाडपर्व जात्रा उत्सव भनेका खास युग चरणका उत्पादन पद्धतिका सन्तति हुन्, उपलब्धि र अनुपलब्धिका सूचक हुन् । दशैं, तिहार, तीज, बैशाखे पूर्णिमा, इन्द्र जात्रा, गाई जात्रा, भगवती जात्रा, गणेश जात्रा आदि । गुणकारी, हितकारी आगो, पानी, हावा, बोटबिरूवाप्रति कृतज्ञ हुँदै प्रकृतिको पूजा गर्न थाले । त्यही अनुसार पर्वका रूपमा मनाउन थाले । पौराणिक कालमा आएर ती जेजति प्राकृतिक चाडपर्व, उत्सवहरु थिए तिनमा धार्मिक जामा लगाईदिएको पाइन्छ । जनसमुदायले क्रमशः ती यावत् पर्वलाई परम्परागत रूपमा मनाउन थाले । यसबाट के स्पष्ट हुन्छ भने सबै चाडपर्व, जात्रा, उत्सव दैवी उत्पत्ति नभई मानव निर्मित हुन् । उपलब्धि र प्राप्तिका हिसाबले उत्पादन पद्धतिको फेरवदलसँगै नयाँनयाँ चाडपर्वहरु जन्मने कुरालाई नकार्न सकिदैन । चाड पर्व वा जात्रा मानव समुदायले जन्माउँछन् र चलाउँछन् ।

## पाल्पा तानसेन र जात्रा उत्सव

पाल्पा तानसेन आफैमा बहुसांस्कृतिक संग्रहालय हो । नेपालका अन्य भागमा जस्तै यहाँ पनि विविध चाडपर्व र जात्राहरु मनाइन्छ । यहाँ पाल्पामा मनाइने चाडपर्व अन्तर्गत जात्रा उत्सव सम्वन्धमा छोटो चिनारी दिने प्रयास गरिन्छ ।

### १. गाईजात्रा

पशुहरूमध्ये श्रेष्ठ अर्थात् बहुगुणी मानिएको गाईबाट मानव समुदायको गोत्र बनेको छ । मातृ सत्तात्मक युगमा मार्तका नाउँबाट यथादीतिका सन्तान दैत्य गोत्र, अदीतिका सन्तान आदित्य गोत्र, विनीताका सन्तानहरु वैन्तेय गोत्र, कुन्तीका सन्तानहरु कौन्तेय गोत्र, राधाका सन्तानहरु राधेय गोत्र, भद्राका सन्तानहरु भाद्रेय गोत्र भए भने पुरूषप्रधान समाज शुरु भए पछि प्रजापतिका सन्ततिका रूपमा काश्यय गोत्र, आत्रेय गोत्र आदि शुरु भएको हो । गाई सर्वश्रेष्ठ छन् र जीवनपर्यन्त गुणकारी बहुउपयोगी भएको हुँदा गाईको महत्त्वलाई प्राथमिकता दिँदै धर्म भीरूहरु जसले मृत्युपश्चात् पनि

मानव समुदायलाई हित भलो गर्नसक्छ भन्ने विश्वासले गौदान गर्ने प्रचलन अघि बढ्यो । त्यसरी नै कान्तिपुरे राजा प्रताप मल्लले आफ्ना छोरा चक्रवर्तेन्द्र मल्लको मृत्युबाट शोक पीडामा परेकी रानीलाई सान्त्वना गराउने उद्देश्यले वि.सं. १७२७ मा रानीपोखरी निर्माण गर्नुका साथै गाई जात्रा चलाउन आव्हान गरेका थिए । सोही बमोजिम गाईजात्रा शोक पर्वका रूपमा अगाडि बढेको देखिन्छ । सोहीबमोजिम पाल्पामा गाई जात्रा मनाइन्छ । यो गाईजात्रा पाल्पामा विशेष गरी नेवार समुदायले मनाउन थालेको भए पनि अहिले यो पाल्पाका सबै जातिको पर्व भएको छ । यो पर्व कहिलेबाट मनाउन थालियो यकिन मिति थाहा नभए पनि यो गाईजात्रा पर्व अहिले पाल्पा तानसेन, आर्य भन्ज्याङ हुमिन, ताहूँ, सिलुवा, रामपुर, गाडाकोट, हार्थोक, रिडी, भैरवस्थान जस्ता नेवार समुदायको वस्ती रहेको गाउँ हटिया बजारमा भाद्र महिनाको जनैपूर्णिमाको भोलिपल्ट मनाइन्छ । यस अवसरमा, कालो मोसो घसेर, गाईको फोटो टाँसेर, चुच्चे टोपी लाएर, युवाहरू हिडेको पाइन्छ । मृतकको घरबाट कृत्रिम गाई बनाएर, अथवा निर्गुण भजन गाएर मृतकप्रति श्रद्धाञ्जली दिने गरिन्छ । यो जनस्तरको पर्व हो ।

## २. रणउजीरेश्वरी भगवती जात्रा

रणउजीरेश्वरी भगवती जात्रा पाल्पामा मनाइने जात्राहरूमध्ये सबै भन्दा ठूलो जात्रा हो । यो जात्रा उत्सव नेपाल राष्ट्रको अस्तित्व, अस्मिता र स्वाधीनतासँग जोडिएको छ । यो जात्रा १८७६ देखि शुरु भएको हो । नेपालको गौरवपूर्ण इतिहास र संस्कृतिलाई यो जात्राले सूचना प्रवाह गरिरहेको छ । माथि नै उल्लेख गरियो कि चाडपर्व, जात्रा, उत्सवको उत्पत्तिका पछाडि खास किसिमको भौतिक पृष्ठभूमि रहेको हुन्छ । त्यस्तै भगवती जात्राको प्रारम्भसँग नेपाल अंग्रेजयुद्ध (सन् १८१४-१८१६) को पृष्ठभूमि, सुगौली सन्धि, नेपालले मेचीपारि दार्जिलिङ क्षेत्र र महाकाली पश्चिम कुमाउ गढवाल क्षेत्र गुमाउनु परेको राष्ट्रिय व्यथा पनि छ साथसाथै नेपाल अंग्रेज युद्धको बेला पाल्पाली कर्णेल उजीरसिंह थापाको अगुवाइमा पाल्पाली जनता र यस आसपासका जनताहरूको सहभागितामा नुवाकोट र बुटवल जितगढीमा अत्याधुनिक हातहतियारले सुसज्जित अंग्रेज फौजलाई सामान्य हातहतियारका सहायताले अंग्रेजलाई परास्त गरेको गौरवपूर्ण विजयगाथा पनि छ । वि.सं. १८६१ जेठ २० गते राजा रणबहादुर शाह र प्रधानमन्त्री भीमसेन थापाको योजनामा अमरसिंह थापा, वीरभद्र र दलभञ्जन पाण्डेको फौजले पाल्पा राज्यलाई नेपाल राज्यमा एकीकरण गरेको थियो । पाल्पा अन्तर्गतको बुटवल जिल्ला र शिवराज क्षेत्र हालको लुम्बिनी अञ्चलको तराई क्षेत्र स्वभावैले नेपालको हुने नै भयो तर यसमा अंग्रेजको आपत्ति रह्यो । उनीहरूले बुटवल र शिवराज क्षेत्र अवध राज्यबाट पाल्पाले करद राज्यका रूपमा प्रयोग गरेकोले यो क्षेत्र नेपालको हुन सक्दैन अवध राज्यको भएको हुँदा नेपालले सन् १८१४ मार्च ११ का दिन २५ दिनमा बुटवल र शिवराज खाली गर्न अल्टिमेटम दियो । नेपालले इन्कार गरेपछि इस्ट इन्डिया कम्पनी सरकारले बुटवलमा १ ठाना चौकी र शिवराज (कपिलवस्तु ) मा ३ ठाना चौकी स्थापना गरेर करदस्तुर उठाउन थाले । विस्तारवादी अंग्रेजको यो मिचाहा प्रवृत्तिलाई नेपालीले इन्कार गरे । सानाकाजी अमरसिंह थापाको आदेशमा २९ मई १८१४ (१८७१) मा उक्त ठाना चौकी ध्वस्त गर्नुको साथै पाल्पाको




रणउजीरेश्वरी भगवती जात्रा, तानसेन

प्रशासन शुरु हुन्छ । स्मरणीय छ बुटवल र शिवराज मुकुन्दसेन प्रथमको पालादेखि नै पाल्पाको थियो । मुकुन्द सेन प्रथमको मृत्यु भएपछि उनका भाइ भतिजा छोराहरूले एकीकृत विशाल पाल्पा (पूर्वमा जल्पाइगुडी, पश्चिममा कुमाउ गढवाल र दक्षिणमा गंगा टिस्टा नदीसम्म रहेको) राज्यलाई अंश लगाएर माणिक्य सेनले पाल्पा, विनायक सेनले मकवानपुर, राम सेनले रिसिङ, कुवेर सेनले राजपुर (चम्पारन हाल भारत), खड्ग सेनले मडरियामा राज्य सञ्चालन गर्दै आएको हुँदा पनि बुटवल र शिवराज अवधको स्वामित्वमा थियो भन्ने स्वतः खण्डन हुन्छ तर हाम्रा इतिहासकारहरूले अंग्रेज इतिहासकार बुचामन हेभिल्टनलाई उद्धृत गर्दै बुटवल र शिवराज अवध राज्यका तर्फबाट पाल्पाले मोहियानीमा भोग चलन गरेको भनेर लेख्दै आएका छन् जुन सोह्रै आना गलत र विडम्वनापूर्ण छ । यसरी नेपालले चौकीथाना ध्वस्त गरेर नेपाली प्रशासन चलाउन थालेपछि अंग्रेजले वि.सं. १८७१ कार्तिक ४ (सन् १८१४ नोबेम्वर १) मा युद्धको घोषणा गरे । वि.सं. १८७१ असोजमा पाल्पाली प्रशासक अमरसिंह थापाको निधनपश्चात् प्रमुख प्रशासक र सैनिक कमाण्डर भई कर्णेल उजीरसिंह थापा पाल्पा आए । राजधानी काठमाडौंमा भएको भारदारी सभाका अधिकांश सदस्यले बुटवल र शिवराज क्षेत्र अंग्रेजलाई सुम्पेर सन्धि गर्ने मत राखे भने भीमसेन थापाले सियो बनेर छिर्ने र हात्ती भएर निस्कने, वितण्डता मच्चाउने चाल भएकाले उक्त क्षेत्र अंग्रेजलाई सुम्पन नहुने र बाध्यतावश हामी युद्धमा होमिनुपर्ने मत जाहेर गरेपछि मातृभूमिको रक्षार्थ युद्ध गर्ने तयारी भयो । अंग्रेजले नेपाललाई ४ ठाउँबाट आक्रमण गर्ने योजना बनाए ।जनरल अकटरलोनीको नेतृत्वमा सुदूर पश्चिम नेपालमा आक्रमण गर्ने, मेजर जनरल मार्लेको नेतृत्वमा मकवानपुरबाट काठमाडौं आक्रमण गर्ने र जनरल सुलिमान उडको नेतृत्वमा बुटवलबाट पाल्पा आक्रमण गरी राजधानी काठमाडौंतिर अघि बढ्ने योजना अंग्रेजले अगाडि बढाएको थियो । जनरल उडसँग अत्याधुनिक हतियारसहित ४ हजार सैनिक थिए भने नेपालतर्फ कर्णेल उजीरसिंह थापाको नेतृत्वमा लगभग दुई हजार सेना थिए तर उक्त सेनालाई सहयोग गर्ने स्थानीय जनसहभागिताको संख्या हजारौं थियो ।

युद्ध दुई पटक भयो । पहिलो युद्ध १८७१ पौष २२ र दोस्रो युद्ध १८७२ बैशाखको पहिलो हप्तादेखि शुरु भयो । नेपाली सेनाले स्थानीय पाल्पाली जनसहभागितामा दुवै पटक अंग्रेजलाई परास्त गरे । दोस्रो पटक त नेपाली पक्षले अंग्रेजलाई लखेट्दै भैसालोटनसम्म पुऱ्याएको वीरतापूर्ण इतिहास छ । युद्ध नुवाकोट र जितगढीमा भएको हो । बुटवल गढीको नाम जितगढी हुनुका पछाडि जितेको वा विजय प्राप्त गरेको प्रमाणिक इतिहास छ । स्मरण रहोस् पहिलो पटकको युद्धमा अग्रेज फौजलाई माथागढीबाट फर्काइएको थियो ।

युद्धमा जानुपूर्व उजीरसिंह थापाले अंग्रेजलाई युद्धमा जित्न सक्ने बर देऊ, जितेपछि तिम्रो सम्फनामा विशाल मन्दिर बनाउनुको साथै सिन्दूर जात्रासहित रथ यात्रा गर्ने भाकल गरेबमोजिम १८ बाहु भएकी भगवतीको मूर्ति स्थापना गरिएको हो । गजुरसहित तिनतले मन्दिर निर्माण कार्य १८७२ देखि १८७६ मा पूरा भएपछि रथयात्रा प्रारम्भ भयो । वि.सं. १८७७ आषाढ १९ गते एउटा निर्णय गरियो । त्यो निर्णय थियो त्यही १८७७ भाद्र कृष्ण जन्माष्टीको भोलिपल्ट अर्थात् नवमीको दिनमा भव्य रूपमा रथयात्रा गर्ने । तद्उपरान्त यो भगवती जात्रा



**हृषिकेश मन्दिर रिडी**

पाल्पा जिल्लाको तानसेनमा आजसम्म हुँदै आएको छ । यो जात्रामा प्रमुख जिल्ला अधिकारी, निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, राजनीतिकर्मी, जनप्रतिनिधिलगायत ठूलो जनसमुदायले भाग लिने गर्छन् । राजकीय सम्मानका साथ अष्टमीका राति मन्दिर परिसरमा रथलाई ३ पटक परिक्रमा गराइन्छ भने नवमीका दिन बजार परिक्रमा गराइने प्रचलन कायमै छ । यो नेपालको गौरवपूर्ण जात्रा हो । पाल्पामा जात्रा संस्कृतिको शुभारम्भ कर्ताको श्रेय वीर नायक एवम् युद्ध विजेता कर्णेल उजीरसिंहलाई जान्छ ।

यी जात्राबाहेक पाल्पामा अमर नारायण जात्रा, रोपाइँ जात्रा (किसानहरूको जात्रा), भीमसेन जात्रा, बाघ जात्रा, भैरव जात्रा, गणेश जात्रा, हृषिकेश जात्रा (रिडी) आदि मुख्य रूपमा रहेका छन् । तराई मधेश निवासी एवम् भारतबाट व्यापार व्यवसाय र वैवाहिक सम्वन्ध कायम गरी अंगीकृत नागरिकतासमेत लिई तानसेनमा बसोबास गर्दै आएका हिन्दू समुदायले पनि २०४७ सालदेखि कृष्ण रथ यात्रा सञ्चालन गर्दै आएका छन्, त्यसमा पनि पाल्पालीको राम्रै सहभागिता हुनुले नयाँ समावेशी सभ्यता संस्कृतिको विकास भएको छ ।

अन्त्यमा भगवती र नारायणको पूजा व्यवस्थापन र रथ यात्रा समेतका लागि उजीरसिंह थापा र अमरसिहं थापाले गुठीको व्यवस्था समेत गरेका थिए तर पछिल्ला दिनमा गुठीलाई रैकरमा परिणत गर्ने आवाज आउनु, स्रोत परिचालन नहुनु, पुराना गहनाको अवस्था गुपचुप रहनु, टीका भेटीको राम्रो रेकर्ड राख्ने उपयुक्त व्यवस्था नहुनु, पुजेरी र अन्य सहयोगी कामदारलाई उचित पारिश्रमिक नतोकिनु जस्ता कमजोरी देखिन्छन् । आजको नयाँ परिवेशमा नयाँ व्यवस्थापनको खाँचो छ । पूजेरी होस् वा पुरोहित उसलाई उचित पारिश्रमिकको व्यवस्था गरेर भेटी, दक्षिणा दानलाई वैज्ञानिक अभिलेखीकरण गरेर जानुपर्ने देखिन्छ । अन्य जात्रा पर्वहरु जनस्तरबाट मात्र सञ्चालित छन् । सबै जात्रा महोत्सवलाई उचित व्यवस्थापन गरेर जानसके पाल्पा जिल्लाले सांस्कृतिक पर्यटन उद्योगबाट मनग्य आम्दानी गर्न सक्ने देखिन्छ । इतिहास, धर्म संस्कृतिलाई नयाँ किसिमले व्यवस्थापन गरेर जानसके पाल्पाको गौरव बढ्ने छ । त्यसैले सम्वन्धित सरोकारवाला पक्षले संस्कृतिलाई पर्यटन व्यवसायसँग जोड्ने गरी योजना थाल्नु पर्‍यो । गुनासाहरूको बेलैमा सम्वोधन गर्नु पर्‍यो । तानसेन सरकारले चासो लिएर गुरूयोजना बनाएको छ त्यसलाई कार्यान्वयन गर्न थालोस् । नगरवासीले सहयोग गरौँ ।

(तानसेन नगरपालिकाका विकास सद्भावना दूत तथा साविक जिल्ला विकास समिति पाल्पाका पूर्व सभापति )

◆

कविता

# तानसेन



चक्रपाणि गौतम

तानसेन !
आहा कति सुन्दर,
कति प्यारो मेरो तानसेन !!
कहिले 'सेन राज्य'को राजधानी,
एकीकरणपूर्व पाल्पा राज्यको शासकीय केन्द्र,
यस्तै यस्तै इतिहास बोकेर-
अघि बढ्दै छ तानसेन ।
शिक्षा स्वास्थ्य पर्यटनको नारा बोकेर,
विकासको निम्ति-
पाइला चाल्दैछ मेरो तानसेन ।
श्रीनगर, मूलढोका र दरबार यसको शान !
ढाका करूवा यसको पहिचान ॥
तर अहिले यो-
कताकता निदाए जस्तो,
कताकता ध्यानमग्न जस्तो
शान्ति मुद्रामा-
सुस्ताएको छ आज तानसेन !
उठ तानसेन अव तिमी उठनु पर्छ
दुनिया कहाँ पुगिसक्यो,
तिमी पनि विकास र प्रगतिमा अव जुटनु पर्छ
भौगोलिक आकार मात्र बढाएर के गर्नु ?
गन्तव्यतर्फ पनि त लम्किनु पर्छ ।
नगपालिका मात्र भएर के गर्नु ?
गरपालिका भएर पनि चम्कनु पर्छ
यसैले तानसेन,
अब अघि बढ, मेरो यही कामना !
इतिहासलाई जीवन्त राख मेरो यही शुभकामना !

(साहित्यकार)

# चीनको लशान र तानसेनबीच भगिनी सम्वन्ध

पाल्पा, मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको लशान नगरका कार्यकारी मेयर ची लुन पीन र तानसेन नगर प्रमुख अशोककुमार शाहीद्वारा असार ७ गते दुई नगरबीच सौहार्दपूर्ण सम्बन्ध कायम गर्ने बारे सहमति भएको विज्ञप्ति जारी गरिएको छ । असार ६ र ७ गते लशान नगरबाट कार्यकारी मेयर ची लुन पीनको नेतृत्वमा काठमाडौं, लुम्बिनी हुँदै तानसेन आएको चिनिया टोलीको सम्मानमा तानसेनस्थित होटल श्रीनगरमा असार ६ गते आयोजित स्वागत कार्यक्रममा दुबै नगरका मेयरले अर्न्तसम्बन्धबारे आआफ्ना कुरा राख्नु भएको थियो । धन्यवाद ज्ञापन तानसेन नगरउपप्रमुख लक्ष्मीदेवी पाठकले गर्नुभयो । समारोहमा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । उक्त अवसरमा भ्रमणटोलीका संयोजक डा. सागर न्यौपाने लगायतले कुरा राख्नु भयो। पाहुनाको सम्मानमा सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरिएको थियो । उक्त अवसरमा कार्यक्रम सञ्चालन तानसेन नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत दुर्गा थापाले र तानसेनको परिचय योजना अधिकृत विष्णु पौडेलले प्रस्तुत गर्नुभयो ।



**स्वागत मन्तव्य राख्दै तानसेन नगरप्रमुख अशोककुमार शाही**



**सहमतिपत्र हस्तान्तरण गर्दै दुई मेयर**

### *लशान नगरका पाहुनाहरूको सम्मानमा तानसेन नगर प्रमुखको मन्तव्य*

मित्रराष्ट्र जनवादी चीनको लशान नगरबाट तानसेनमा उपस्थित आदरणीय कार्यकारी मेयर श्री ची लुन पीन, उहाँको टोलीमा सम्मिलित सम्पूर्ण पाहुनाहरू र तानसेन नगरपालिकाबाट उपस्थित साथीहरू, विश्व शान्तिका प्रर्वतक गौतम बुद्धको जन्मभूमि लुम्बिनी निकट मनोरम पहाडी शहर तानसेनमा यहाँहरूलाई स्वागत गर्न पाउँदा हामी हर्षविभोर भएका छौँ । यस अवसरमा प्राकृतिक रूपमा सुन्दर, प्रदूषणमुक्त शहर तानसेन ऐतिहासिक तथा धार्मिक दृष्टिले समेत चर्चित रहेको सन्दर्भ स्मरण गराउन चाहन्छु । हामीलाई सम्झना छ चीनले विगतमा साम्राज्यवादविरूद्ध अथक युद्ध जीतेको थियो । यस्तै पाल्पा तानसेनका तत्कालीन कर्णेल उजीरसिंहको नेतृत्वमा हामीले अंग्रेज साम्राज्यवादलाई परास्त गरेको इतिहास छ ।

विभिन्न कालखण्डमा जहानीया राणशासन, निरङकुश पञ्चायती व्यवस्था र बहुदलीय ब्यवस्थालाई व्यहोरेका नेपाली नागरिकले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गरेको पनि एक दशक पार भएको छ । जननिर्वाचित प्रतिनिधिबाट नेपालको संविधान बनेपछि स्थानीयतह, प्रदेश तह र संघीय तहको निर्वाचन सम्पन्न भइ तीन तहको सरकार गठन भएको तथा आवश्यक ऐन, कानून निर्माणको काम अघि बढेको अवस्थाबारे अवगत गराउन पाउँदा खुसी लागेको छ । यतिबेला हामी संघीयता कायान्वयनको चरणमा रहेका छौँ ।

**चीनको लसान नगर र नेपालको तानसेन नगरपालिकाबीच सुसम्वन्ध कायम भएको अवसरमा जारी संयूक्त बक्तव्य**

जनवादी गणतन्त्र चीनको लसान नगरका कार्यकारी मेयर श्री ची लुन पीन (Zhou Lunbin) को नेतृत्वमा २०७५ असार ६ र ७ ( 20 and 21 June 2018) गते नेपालको काठमाडौं, लुम्विनी हुँदै तानसेन नगरपालिकाको मैत्रीपूर्ण भ्रमणमा आएको टोलीले भ्रमण उपलब्धिमूलक भएको अनुभूति गरेको छ । तानसेनको कला, संस्कृति,पर्यटन क्षेत्रको विकास र नागरिकबीचको सम्वन्धलाई थप उचाइमा पुऱ्याउन भ्रमण फलदायी भएको तानसेन नगरसरकारको मूल्याङ्कन छ । बुद्धसन्देश पछ्याउँदै लुम्विनीहुँदै तानसेन आएको लसान नगरको टोलीप्रमुख कार्यकारी मेयर ची लुन पीन र तानसेन नगर सरकार प्रमुख श्री अशोककुमार शाहीबीच दुवै नगरको हितका लागि निम्न बुँदाहरुमा सहकार्य गर्ने सहमति भएको छ ।

(१) परम्परागत रुपमा नेपाल चीनबीच सरकार र जनस्तरमा कायम दौत्य सम्वन्धलाई सम्मान गर्दै तानसेन र लसान नगरबीच विकास निर्माणका सकारात्मक अनुभव आदान प्रदानका लागि सहकार्य र सहयोग गरिने छ ।

(२) दुवै नगरको पर्यटकीय विकासका लागि बुद्ध सर्किट, शिल्करोड, बुद्धदर्शन लगायतका अवधारणालाई आत्मसात गर्दै सम्भव समन्वय, सहकार्य र सहयोग जनस्तरबाटै कायम गरिने छ ।

(३) तानसेन नगरपालिका र चीनको लसान नगरबीच सहयोग र सहकार्य हेतु आजैका मितिदेखि सौहार्दपूर्ण सुसम्वन्ध कायम भएको घोषणा गर्दछौं ।

(अशोककुमार शाही)
प्रमुख
तानसेन नगरपालिका, नेपाल

(ची लुन पीन)
कार्यकारी मेयर
लसान नगर, चीन

लामो बलिदानीपूर्ण संघर्षपछि नेपाली नागरिकले आफूले चुनेका प्रतिनिधि सम्मिलित सरकार प्राप्त गरेका छन् । नागरिकको अर्थपूर्ण सहभागितामा विकास निर्माणका योजना, कार्यक्रम तथा आयोजनाहरू बन्नुका साथै कार्यान्वयनको क्रम अघि बढेको छ तर नागरिक अपेक्षाले पूर्णता प्राप्त गर्न अझै केही समय लाग्ने निश्चित छ ।

नेपाल मित्रराष्ट्र जनगणतन्त्र चीनदेखि हिमाल, पहाड, तराई हुँदै मित्रराष्ट्र भारतसँग सिमाना जोडिएको स्वतन्त्र राष्ट्र हो भन्ने तथ्य यहाँहरूलाई अवगत नै छ । छिमेकी देशहरूसँगको तटस्थ सम्वन्धलाईनेपालले सधै सम्मान गरेको छ । यद्यपि नेपालको विकासको लागि परापूर्वकालदेखि चीन सरकार र चिनिया नागरिकको अहम भूमिका रहेको यथार्थ स्मरण गर्नै पर्दछ । इतिहास साक्षी छ–नेपाली कलाकार अरनिकोलेकलाको माध्यमबाट नेपालचीन सम्वन्ध उचाईमा पुऱ्याएका थिए । नेपालकी चेली भृकुटीले बैबाहिक सम्वन्ध मार्फत नेपालचीन सम्वन्धलाई प्रगाढ तुल्याएकी थिइन । यी केही उदाहरण हुन् । नेपाल र चीनबीच जनस्तरमा समेत सधै सुमधुर सम्वन्ध रहिआएको तथ्य प्रष्ट छ । नेपालको समग्र विकासको लागि चीन सरकारको चासोलाई हामीले सम्मानपूर्वक नियालेका छौं ।

हामी तानसेन नगरपालिकामा निर्वाचित भएर आएपछि १ वर्षको दौरान नागरिकले अनुभूति गर्नसक्ने केही काम गरेका छौं । नगरबासीले विकास, निर्माणसँगै पर्यटन प्रवर्द्धनका लागि लसान नगर र तानसेनबीच सहकार्य होस साथै जनस्तरमा सम्वन्ध विकास होस् भन्ने आग्रह गरेको कुरा यहाँ राख्न चाहन्छु ।

लसान नगरले गरेका विकास अनुभवबाट तानसेनले धेरै कुरा सिक्न सक्ने हाम्रो ठम्याइ छ । स्थानीय सरकारको हैसियतमा तानसेन र लुसान नगरबीच सौहार्दपूर्ण सम्वन्ध कायम होस, साथै विकासका लागि सहकार्य र समन्वय होस भन्ने हाम्रो चाहना छ ।

अन्त्यमा, यहाँहरूको भ्रमण उपलब्धिमूलक र सुखद रहोस भन्ने कामनासहित यो भेटको लागि भ्रमण टोलीका प्रमुख लगायत सम्पूर्ण पाहुनालाई धन्यवाद एवम् हार्दिक आभार प्रकट गर्दछु । कार्यक्रमको लागि समन्वयपूर्ण भूमिका निर्वाह गर्ने कार्यक्रमका संयोजक डा सागर न्यौपाने तथा सम्वन्धित सबैप्रति विशेष धन्यवाद प्रकट गर्दछु । साथै व्यवस्थापनको कार्यमा तानसेन नगरपालिकाबाट खटिएका प्रमुख प्रशासकीय अधिकृत लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

–अशोककुमार शाही, प्रमुख तानसेन नगरपालिका

२०७५ असार ६ गते (जुन २०, २०१८)

# Sister Relationship between Tansen and Lashan



*Gopal Prasad Bashyal*

An agreement letter to establish sister relationship between Tansen Municipality and Lashan Municipal Government of Sichuan Province, China was signed and exchanged by the Mayor Ashok Kumar Shahi and the Executive Mayor Zhou Lunbin on behalf of Tansen and Lashan respectively on June 21, 2018 at a ceremony at Tansen city of Province No. 5, Nepal. The agreement emphasizes local economic development, Buddha Circuit, Silk road and Buddha philosophy and relationship among people are at the priority of supports to each other.

As the Mayor Shahi stresses, the agreement is a key to spread good relationship among the citizens of two countries, especially of two Provinces. This agreement shows the initiation of Tansen Municipality to develop arts, cultures, tourism and local economic growth as priorities of Tansen government.

The agreement will be meaningful if two governments can work together for the betterment of

people of both Municipalities as the agreement stresses, says Laxmi Pathak, the Deputy Mayor of Tansen Municipality.

Located at the hill station of mild weather throughout the year and only a three hours drive from Lumbini, the birthplace of Lord Buddha, and on the way to Pokhara, the biggest naturally gifted town of Nepal, Tansen is one of huge attractions to the visitors of home and abroad. There is ample opportunity to share multiple cultures of various communities. The most remarkable contribution of this agreement would be spreading peace, harmony, prosperity of local people in the light of messages of Lord Buddha. This will bring opportunities to the governments and local people to step in to international forums, learn from each other and live a happy life. This is a significant achievement of Tansen Municipality as it allows the local government and people to learn from the government and people of advanced China.

**A joint press note released on the occasion of established good relationship between Lashan Municipal Government, PR China and Tansen Municipality, Nepal**

The 2 days (20 and 21 June 2018) friendship visit program of Lumbini and Tansen of Nepal led by Executive Mayor Mr. Zhou Lunbin has been satisfactory and fruitful. Tansen Municipality expects that the visit program has encouraged the effort of Tansen in the development of Art, Culture, Tourism and local economic development. The two mayors has agreed to work in cooperation as following sectors between two cities as per the norms and values given by lord Buddha in coming days.

1. The two cities will help each other in the sector of local economic development.
2. Buddha Circuit, Silk Road and Budhha philosophy will be priority sector for betterment of two cities.
3. We official declare that a sister relationship has been established between two cities by the date of today.

Ashok Kumar Shahi
Mayor
Tasnen Municipality
Nepal

Zhou Lunbin
Executive Mayor
Lashan Municipal Government
Sichuan Province
China

Date : 21 June, 2018

# तानसेन नगरपालिका बारे संक्षिप्त जानकारी

## १. परिचय :

तानसेन नगरपालिका प्रदेश नं ५ को ऐतिहासिक र धार्मिक दृष्टिकोणले प्रसिद्ध रमणीय क्षेत्रको रूपमा रहेको पाल्पा जिल्लाको सदरमुकाम हो । तानसेन नगरपालिकाको स्थापना लाई हेर्दा नेपालका नगरपालिकाहरू मध्ये पुरानो नगरपालिका हो । यसको स्थापना बि.स. २००७ साल चैतमा भएको हो । बि.सं. २०४८ सम्म ११ वटा वडा मात्र रहेकोमा २०४९ साल देखि १५ वडामा बिभाजित भएको थियो भने हाल संघीय संरचना अनुसार २०७३ देखी लागूहुने गरी १४ वडा रहेका छन् । जसको क्षेत्रफल १०९.८ वर्ग मि. रहेको र ४५९ जनघनत्व रहेको छ । सेन वंशका दशौं पुस्ताका राजा चन्द्र सेनका छोरा रूद्र सेनले वि.स. १५६३ मा पाल्पा राज्यको स्थापना गरेका थिए । त्यस समयमा पाल्पाका शक्तिशाली राजाको रूपमा चिनिने रूद्र सेनले पाल्पा राज्यको विस्तार गरी आफ्नो राज्यको राजधानी तानसेनलाई बनाएको तथ्य पाइन्छ । सेन बंशका राजाको नामबाट तानसेन भयो भन्ने किम्बदन्ती रही आएको छ । अर्को तर्फ दक्षिणबाट उत्तरी तर्फ वस्ती बिस्तार भएको र मगर जातीको बाहुल्यता रहेको मगर शब्द तान्सिङबाट तानसेन बन्न गयो भन्ने भनाइ पनि रहेको पाइन्छ । नगरको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

| | | |
|---|---|---|
| प्रदेशको नाम | : | ५ नम्बर प्रदेश |
| जिल्ला | : | पाल्पा |
| स्थापना बर्ष | : | २००७ साल |
| वडा संख्या | : | १४ |
| टोल विकास संस्था | : | १७३ |
| जनप्रतिनिधि | : | ७३ |
| कार्यरत कर्मचारी संख्या | : | १०९ |

## २. भौगोलिक अवस्थिति

उचाई : १३७२ मीटर (मूख्य बजार क्षेत्र)
क्षेत्रफल : १०९.८ कि.मी.
औषत तापक्रम : २४ डि.से.
औषत वर्षा : १८०० मी.मी.
हावापानी : समशितोष्ण,शितोष्ण
प्रमुख नदी तथा खोलाहरू : कालीगण्डकी नदी, तिनाउंखोला, डुम्रेखोला, कुरूङ्गखोला, बराङ्दी खोला आदि
ताल तलैया : प्रभास ताल, कमलपोखरी अर्गली

## ३. नगर सिमाना

पूर्व : बगनासकाली गाउँपालिका
पश्चिम : रिब्दीकोट गाउँपालिका
उत्तर : बगनासकाली गाउँपालिका
दक्षिण : तिनाउ र माथागढी गाउँपालीका

## ४. जनसंख्या विवरण

जम्मा घरधुरी संख्या : १३६४६
जम्मा जनसंख्या : ५०,४०५
महिला : ५४.७३ ५
पुरूष : ४५.२७ ५
जनघत्व : ४५९ व.कि.मि.

जनसंख्या वृद्धि दर : २.०७ प्रतिशत

## ५. जातिगत जनसंख्या

मगर : ३१.९८५
पहाडी ब्राहमण : २७.७४५
क्षेत्री : १४.६६ ५
कामी : ६.७३ ५
अन्य : १८.९० ५
औषत परिवार संख्या : ३.६९

*(श्रोत : रा.ज.ग.२०६८)*

## ६. धर्म

हिन्दू, वौद्ध, मुस्लिम, क्रिश्चियन

## ७. शिक्षा

कुल साक्षरता दर : ८३.४४ प्रतिशत
महिला साक्षरता दर : ७७.६० प्रतिशत
पुरूष साक्षरता दर : ९०.७२ प्रतिशत

शैक्षिक संस्थाहरूको विवरण:

| विवरण | सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|
| बाल विकास केन्द्र | ४५ | २० | ६५ |
| प्रा. वि. | २६ | ६ | ३२ |
| नि. मा. वि. | ८ | १ | ९ |
| मा. वि. | १८ | १६ | ३४ |
| क्याम्पस | १ | ६ | ७ |
| वेद विद्याश्रम | १ | - | १ |
| मदरशा | - | - | - |
| गुम्बा | - | - | - |
| अन्य (प्राविधिक शिक्षालय) | ३ | ६ | ९ |

## ८. स्वास्थ्य संस्था र स्वास्थ्य सेवा :

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या |
|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | १ |
| २ | सरकारी अस्पताल | १ |

# Some Information of Tansen Municipality

## 1. Introduction :

Tansen is district headquarter of Palpa district located in province no. 5 of Nepal. It is famous for natural beauty along with many historical monuments and diversified cultural heritages. Since the municipality was established in March of 1950, it is considered as the third oldest municipalities of the country. Until the 1992, municipality had only 11 wards, however it was extended to 15 wards after 1993 and as per the federal structure, there are only 14 wards after 2017. The area of municipality is 109.8 Sq. KM with 459 population density per square kilometer.

| | | |
|---|---|---|
| **Name of Province** | : | **5 No. Province** |
| **District** | : | **Palpa** |
| **Establishment** | : | **1950 AD** |
| **Number of Ward** | : | **14** |
| **TLOs** | : | **173** |
| **Elected Representatives** | : | **73** |
| **Employees** | : | **109** |

According to the history, RudraSen, son of King Chandra Sen who was tenth generation of the SenDynasty had established the Palpa Kingdom in 1506 AD.The king RudraSen, then known as a powerful emperor had extended the territory of Palpa Kingdomwidely and declared "Tansen" the capital of the state. Some historians claim that the name "Tansen" had been formulated by SEN dynasty, however some sociologists emphasis that "Tansen" is modified term of "Tansing" originated from Magar language, more than 50% population are belonging to Magar ethnic within the district.

**Some facts of Tansen are given below:**

## 2. Geographical Situation

Longitude : 83°31'49" - 83°34'45"(Earth)
Latitude : 27°52'11" - 27°52'21"(North)
Area : 109.8 Sq. K.M.
Temperature (Average) : 24 Degree Celcius
Maximum : 35°C
Minimum : 0°C
Climate : Sub Tropical
Precipitation
Maximum : 1900 mm
Average : 1600 mm(Yearly)
Major Rivers : Kali Gandaki, TinauKhola, DumreKhola, KurungKhola, BarangdiKhola

**Lake/Pond:**
Prabhas Lake, Kamal Pokhari Argali

## 3. Boundary

East : Bagnaskali Rural Municipalit
West : Ribdikot Rural Municipality
North : Bagnaskali Rural Municipality
South : Tinau and Mathagadi Rural Municipality

## 4. Demographic Status

Population : 50405
Female : 27589
Male : 22816
Total Households : 13646
Density : 459/Sq.KM
Population Growth Rate: -0.28%/Year

## 5. Cast and Ethnic

- Magar : 31.98%
- Brahmin(Hill) : 27.74%
- Kshetri : 14.66%
- Newar : 11.47%
- Bishwokarma : 6.73%
- Other : 7.42%

Average Family Members : 3.69

## 6. Major Religion

Hindu, Buddhist, Islam, Christian

## 7. Literacy :

Total Literacy Rate : 83.44%
Female Literacy : 77.60%
Male Literacy Rate : 90.72%
Description of Educational Institutes

| Description | Community | Private | Total |
|---|---|---|---|
| Child Development Centre | 45 | 20 | 65 |
| Primary | 26 | 6 | 32 |
| Lower Secondary | 8 | 1 | 9 |
| Secondary | 18 | 16 | 34 |
| Collage | 1 | 6 | 7 |
| Vedic School | 1 | – | 1 |
| Madrasah | – | – | – |
| Gumba | – | – | – |
| Technical School | 3 | 6 | 9 |

## 8. Health

| SN | Service Centre | Number |
|---|---|---|
| 1 | District Health Centre | 1 |
| 2 | Government Hospital | 1 |

| | | |
|---|---|---|
| ३ | प्रसुती गृह | ५ |
| ४ | आयुर्बेद अस्पताल | १ |
| ५ | स्वास्थ्य चौकी | ६ |
| ६ | निजी अस्पताल | २ |
| ७ | लुम्विनी मेडीकल कलेज | १ |
| ८ | युनाईटेड मिशन अस्पताल | १ |
| १५ | टि.बी. उपचार केन्द्रः | १२ |

## ९. सरसफाइ

ल्याण्डफिल साईट १
फोहर संकलनमा संलग्न कर्मचारी १८
फोहर संकलन गर्ने साधन ३
दैनिक फोहर उत्पादन ९ टन
सार्वजनिक शौचालय १५

## १०. खानेपानीको श्रोतको आधारमा घरधुरी

खानेपानी सेवा प्राप्त कुल घरधुरी : ८३.६८ प्रतिशत
ता.न.पा.भित्र संचालित आयोजना

| आयोजनाको नाम | तानसेन खानेपानी योजना (भुल्के, सिस्ने, होलाङ्दी, तिनधारा) |
|---|---|
| संचालित आयोजना | १,२,३,४,५,६ |
| स्वामित्व | उपभोक्ता समिती |
| पानीको श्रोत | मुल, खोला |
| अवस्था | चालु |
| लाभान्वित घरधुरी संख्या | २८०७ |
| ऋण योजनाले समेटेको क्षेत्र | साविक १,२,३,४,५,६,७,८,१०,१३,१४ र खयरतुङ |

*स्रोत : (खानेपानी तथा सरसफाई डिभिजन वा सव डिभिजन कार्यालय)*

## ११. बत्तीको प्रयोग

विद्युत सेवा पुगेका कुल घरधुरी : ९७.९३ प्रतिशत

## १२. संचार तथा पत्र पत्रिका :

| | | | |
|---|---|---|---|
| टेलिभिजन | ३ | एफ. एम. रेडियो | ५ |
| सामुदायिक रेडियो | २ | व्यवसायिक रेडियो | ३ |
| पत्रिका | १० | दैनिक | १ |
| अर्धसाप्ताहिक | २ | साप्ताहिक | ४ |
| अर्धपाक्षिक | ३ | पाक्षिक | १ |
| हुलाक | १ | अनलाइन | - |

## १३. उद्योग व्यापार व्यवसाय :

| उद्योगको नाम | संख्या |
|---|---|
| साना | ७२५ |
| घरेलु | ३९ |
| लघु | ५२ |

पाल्पाक प्रमुख उद्योग : ढाका र करूवा
श्रोत : उद्योग शाखा, पाल्पा

## १४. वन तथा जडिबुटी

सामुदायिक वन : ८६
निजी वन : २
मुख्य जडिबुटी तथा गैरकाष्ठ प्रजातिहरू
तेजपात, असुरो, हर्रो, अमला ,चिउरी, सजिवन, ऐंसेलु, लप्सी, बेल, चुत्रो अम्रिसो, बांस, आदि

## १५. बैंक तथा वित्तीय संस्थाहरू:

क वर्गको बाणिज्य वैंक १७
ख वर्गको विकास वैंक ५
ग वर्गको फाईनान्स -
घ वर्गको लघु वित्तीय संस्था १५
सहकारी संस्थाहरू ५२

## १६. मुख्य पर्यटकीय स्थलहरू :

१. श्रीनगर डाँडा
२. बतासे डाँडा
३. रानीघाट
४. गुफाचौर
५. पाल्पा दरबार
६ .रूरू हृषिकेश धाम
७. नारायणस्थान मन्दीर
८. भगवती मन्दीर
९. शीत्तलपाटी परिसर
११. माडी माण्डव्य क्षेत्र

## १७. जनप्रतिनिधिहरूको विवरण :

| सि.नं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| 1 | अशोककुमार शाही | नगर प्रमुख | ९८५७०६०५५२ |
| 2 | लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ९८५७०६८३३७ |
| 3 | रामप्रसाद वस्याल | वडा अध्यक्ष१ | ९८५७०२११०० |
| 4 | बरूणप्रसाद रेग्मी | वडा अध्यक्ष २ | ९८५७०६०९०३ |
| 5 | महेशलाल शाक्य | वडा अध्यक्ष ३ | ९८४७०४३०१८ |
| 6 | राजेन्द्रमुनी शाक्य | वडा अध्यक्ष ४ | ९८४७०२९८७५ |
| 7 | रामबहादुर रावल | वडा अध्यक्ष ५ | ९८४७०६९२८८ |
| 8 | सागरमान महर्जन | वडा अध्यक्ष ६ | ९८५७०७८०२१ |
| 9 | मुक्तिराम जी.सी. | वडा अध्यक्ष ७ | ९८५७०६००४६ |
| 10 | रामप्रसाद घिमिरे | वडा अध्यक्ष ८ | ९८४४७९२१६६ |
| 11 | हरिसुमर रेग्मी | वडा अध्यक्ष ९ | ९८४७०५९६०२ |
| 12 | लोचनप्रसाद तिमिल्सेना | वडा अध्यक्ष १० | ९८४७१३८३८० |
| 13 | दामोदरप्रसाद घिमिरे | वडा अध्यक्ष ११ | ९८५७०६२१५३ |
| 14 | देवेन्द्रबहादुर राना | वडा अध्यक्ष १२ | ९८४७१०१६५५ |
| 15 | टुकप्रसाद भट्टराई | वडा अध्यक्ष १३ | ९८५७०६५५१५ |
| 16 | कमल राना | वडा अध्यक्ष १४ | ९८५७०६८०३९ |

(स्रोत : तानसेन नगरपालिका)

| | | |
|---|---|---|
| 3 | Maternity | 5 |
| 4 | Ayurveda Hospital | 1 |
| 5 | Health Post | 6 |
| 6 | Private Hospital | 2 |
| 7 | Lumbini Medical Collage | 1 |
| 8 | United Mission Hospital | 1 |
| 8 | Birthing Centre | 5 |
| 10 | Eye Hospital | 1 |

## 9. Solid Waste Management

Landfill site : 1
SWMWorkers : 18
Vehicles : 3
Waste Generation : 9 Tons/Day
Public Toilet : 15

## 10. Drinking Water Supply

Total Beneficiaries HHs : 11418 (83.68%)
One House : One Tap 63.67 %
Drinking Water Projects in Tansen Area

- Bhulke
- Sisne
- Holangdi
- Tindhara
- Kaligandaki (Under construction)

Managed by : Tansen Water User Committee

## 11. Electricity

Coverage HHs : 97.93%
Number of Solar Street Light :
Number of Street Light :

## 12 Communication

Local Television : 3
FM Radio : 5
- Community Radio : 2
- Commercial Radio : 3

News Paper : 10
- Daily : 1
- Bio-weekly : 2
- Weekly : 3
- Fortnightly : 2
- Quarterly 1
- Online also

## 13. Forest and Herbal

Forest Area: 47.41 Sq. KM

* Community Forest : 86
* Private Forest : 2

## 14. Trade and Industry

| Type of Industry | Number |
|---|---|
| Small | 725 |
| Cottage | 91 |

Major Production : Dhaka (Handloom Fabric) and Karuwa ( Bronze Water Jar)

## 15. Bank and Financial Institution

| Type | Class | Numbers |
|---|---|---|
| Commercial Bank | A | 17 |
| Development Bank | B | 5 |
| Finance Company | C | 0 |
| Micro Credit | D | 15 |
| Cooperatives | | 52 |

## 16. Main Touristic Points

| SN | Points | SN | Points |
|---|---|---|---|
| 1 | Shreenagar Hill | 7 | RuruKshetra |
| 2 | BataseDanda | 8 | AmarNarayan Temple |
| 3 | Rani Mahal | 9 | BhagawatiMandir |
| 4 | GufaChaur | 10 | ShittalPati Area |
| 5 | Palpa Darbar | 11 | Tribhuvan Campus |
| 6 | BanshGopal Park | 12 | MadiMandabya |

## 17. Municipal Representatives

| Name | Designation | Mobile No. |
|---|---|---|
| Ashok K. Shahi | Mayor | 9857060552 |
| Laxmi D. Pathak | Dy. Mayor | 9857068337 |
| Ram P.Basyal | Wd. Chairperson 1 | 9857021100 |
| BarunPsd.Regmi | Ward CP 2 | 9857060903 |
| Mahesh L.Shakya | Ward CP3 | 9847043018 |
| Rajendra MShakya | Ward 4 | 9847029875 |
| Ram B.Rawal | Ward CP 5 | 9847069288 |
| Sagar M.Maharjan | Ward CP 6 | 9857078021 |
| Mukti R. GC | Ward CP 7 | 9857060046 |
| Ram P.Ghimire | Ward CP 8 | 9844792166 |
| HariSumarRegmi | Ward CP 9 | 9847059602 |
| LochanP.Timilsena | Ward CP 10 | 9847138380 |
| Damodar P.Ghimire | Ward CP 11 | 9857062153 |
| Devendra B Rana | Ward CP 12 | 9847101655 |
| Tuk PBhattarai | Ward CP 13 | 9857065515 |
| KamalRana | Ward CP 14 | 9857068039 |

(Source : Tansen Municipality)

# सरसफाइ शाखाको महत्वपूर्ण काम



*शंकर भण्डारी*

तानसेन नगरपालिका सरसफाइ शाखाले आ.व. २०७४/७५ मा सम्पादन गरेका केही काम बुदाँगत रूपमा प्रस्तुत गएिको छ ।

- कुहिने फोहरबाट मल बनाउने नमूना प्रदर्शन ।
- कुहिने फोहरबाट मल बनाउने ३०० कम्पोष्ट बिन बितरण टोल बिकास संस्थालाई ।
- चालीस वटा सचेतीकरण तालिम ।
- ता.न.पा २ मा १५ सार्बजनिक स्थानमा १५ वटा बाल्टी बितरण ।
- ता.न.पा ३ मा ४० थान फोहर राख्ने वाल्टी बितरण ।
- आफनो आगन आफै सफा गरौ अभियान सञ्चालन ।
- देउराली सामुदायिक बनमा रहेको नकुहिने फोहर निजी क्षेत्रबाट बिक्रीका लागि लैजाने सहमति प्रदान ।
- मेडिकल फोहरको सदुपयोग र ब्यबस्थापनका बारेमा बिज्ञ मार्फत योजना तयार ।
- टोल बिकास मार्फत ३०० बटा फोहर संकलनका लागि बिन बितरण गरिएको जसका कारण बाटोमा फोहर फाल्ने कम भएको महसुस ।
- निजी क्षेत्र र बिभिन्न संघसंस्थासँग मिली १८० स्थानमा सरसफाइ अभियान सञ्चालन गरिएको ।
- सार्वजनिक स्थान र बाटोमा फोहर फाल्ने २१ जनालाई जरिवाना र ७८ जनालाई सचेत गराइएको ।
- बाटो र खोल्सामा फोहर फाल्नेलाई अभियान सञ्चालन गरी कारबाही गरिएको ।
- सिसी क्यामेरा मार्फत फोहर फाल्नेको निगरानी गरिएको ।
- सामाजिक सञ्जाल र आमसञ्चारमार्फत् फोहर गरे जरिवाना वा सजाय भन्ने अभियान सञ्चालन गरेको ।
- सफा टोल, सफा सहर सबै तानसेनवासीको रहर भन्ने अभियान र ७० स्थानमा होर्डिङ्ग बोर्ड राखिएको
- सरसफाइको लागि टोल विकास परिचालन गर्ने योजना निर्माण भएको ।
- ल्यान्डफिल साइट मर्मतको लागत अनुमान र योजना तयार गरी समन्वय समिति गठन गरिएको ।
- जसले फोहर गर्छ उसले कर तिर्नु पर्छ भन्ने सचेतना कार्यक्रम सञ्चालन गरेको ।
- बाँसटारी, गोर्खेकोट, बतासेडाँडा भित्रको शहरी क्षेत्रमा सफाइ अभियान जारी रहेको ।
- तानसेनको वडा नं. १४ अर्गली र वडा नं. ९ मदनपोखरा क्षेत्रमा शहरीकरणको विकाससँगै फोहरको उत्पादन कम गर्ने बारेमा योजना निर्माण भएको ।
- बिभिन्न संघ संस्थालाई क्षेत्र बिभाजन गरी फोहर कम गर्न अनुगमन कार्य गरिएको ।
- सहरको क्षेत्र बिस्तार भएको मानिसको चाप बढेको तर जनशक्ति कम भएता पनि सहरको सुन्दरतालाई कायमै राख्ने प्रयत्न गरिएको ।
- निजी क्षेत्रसँग नगर सफाइका लागि सहकार्यको सुरूवात गरिएको ।
- कुहिने फोहरबाट मल बनाइ कौशी खेती प्रवर्द्धन गर्ने काम प्रारम्भ गरिएको ।
- कुकुरमार्फत् गरिने फोहर रोक्न सचेत गरी कारबाहीको प्रक्रिया अगाडि बढाइएको ।
- छाडा चौपायाका कारण बजारमा फोहर बढेपछि फोहर नियन्त्रणको लागि चौपायाको उचित ब्यबस्थापन र सचेतना आरम्भ ।

(प्रमुख, सरसफाइ शाखा)

# आ.व २०७४।७५ मा सम्पन्न पशु विकास शाखा अन्तर्गतका कार्यक्रमहरु



*हरिप्रसाद कोइराला*

तानसेन नगरपालिका पशु विकास शाखाले आ.व. २०७४/७५ मा गरेका केही काम बुदाँगत रूपमा निम्न अनुसार छन् ।



**(दूध डेरी अनुगमनको झलक)**

१. कुखुराको चल्ला वितरण – ५०० , तानसेन नगरपालिका ७ पक्लुवा लगायतमा ।

२. हिउँदे घाँस (जै,मेच, वर्सिम वितरण ) – डेरी पकेट क्षेत्रहरूमा ।

३. वर्षे घाँस (टियोसेन्टी वाजरा) – डेरी पकेट क्षेत्रहरूमा

४. वहुवर्षीय घाँस विरूवा वीउ स्लिप वितरण – डेरी पकेट क्षेत्रमा

५. स्थलगत पशु स्वास्थ्य शिविर सञ्चालन (तानसेन नगर पालिका ५, ८, १३) ३ ठाउँमा ।

६. दूध तथा मासु पसल अनुगमन (तानसेन वजार क्षेत्र) ३ पटक

७. पशु नश्ल सुधार, कृत्रिम गर्भाधान सेवा – ५१०(गाई भैसी)

८. पशुसेवा स्थलगत तालिम – ३ पटक (ता.न.पा. ८,११,१४)

९. पशुजन्य पदार्थ उपभोग सम्वन्धी जागरण गोष्ठी – १ पटक (तानसेन नगरपालिका भवन)

१०. डेरी पकेट क्षेत्रमा पशुमा बाँझोपन शिविर – १ (तानसेन नगरपालिका - १२)

११. डालेघाँस उत्पादन तथा बेर्ना वितरण – (तानसेन नगरपालिका - १, धुवाघाट नर्सरी मार्फत)

१२. वाख्रावोका वितरण सक्रिय महिला समूह – (२१ परिवार तानसेन नगरपालिका - ६ कोकरङ्गा) लाई ।

(संयोजक, नगर पशु विकास शाखा)

# कृषि विकास शाखाबाट सम्पन्न भएका कार्यक्रमहरु



निशा कँडेल

गतआ.व. २०७४/०७५ मा सम्पन्न कार्यक्रमका बुँदाहरु -

क) सिंचाइँ

- उद्देश्य : सिंचाइँको सुविधा नभएको ठाउँमा आकासेपानी संकलन बाट सिंचाइँ सुविधा पुर्‍याउन ।

  २१ वटा प्लाष्टिक पोखरी निर्माण
- ७ वटा कृषक समूहका२१ कृषक सदस्यहरू लाभान्वित ।

ख) कृषिउपज प्रवर्द्धन तथा बजारीकरण

१) प्लास्टिक क्रेट वितरण ( ५० प्रतिशत अनुदानमा )

- उद्देश्य : तरकारीको पोष्ट हार्भेष्ट क्षतिको कम गरी कृषकलाई बजारीकरणमा सहजता ।
- लाभन्वित कृषक समूह/ सहकारी = १४
- कृषक संख्या = १८०
- कार्यक्रममा बाडिएको क्रेट संख्या = ४२६

२) तौलिने मेसिनवितरण ( ५० प्रतिशत अनुदानमा )

- उद्देश्य :तरकारी बालीबिक्री तथा बजारीकरणमा सहजता ।
- बाडिएको तौलिने मेसिन संख्या = १३ वटा (१०० के.जी जोख्ने क्षमता बराबरको )
- लाभन्वित कृषक समूह/ सहकारी = ९

३) च्याउ सुकाउने सोलार डायर वितरण (५० प्रतिशत अनुदानमा )

- उद्देश्य :च्याउको मूल्यअभिवृद्धि गरी उत्पादनमा विविधिकरण र राम्रो मूल्य प्राप्तगर्न, पोष्ट हार्भेष्ट क्षतिन्यून गर्न
- बाडिएको संख्या = १ वटा
- लाभन्वित कृषक समूह/ सहकारी/ फर्म = १

४) कृषिमेला प्रदर्शनी

- उद्देश्य : सफल कृषकलाई प्रोत्साहित गर्न , कृषिका उन्नत प्रविधिहरूका बारेमा जानकरी गराउन । (मेलामा आएका दर्शक कृषकलाई)
- पुरस्कृत कृषक = १५ जना (नगद पुरस्कार र प्रमाण पत्र द्धारा सम्मानित)

ग) बाली विकास कार्यक्रम

१. मेटलविन वितरण (५० प्रतिशत अनुदानमा)

उद्देश्य : मकै भण्डारण हुने क्षति न्यूनगर्न

बाडिएको विन संख्या : २०

लाभान्वित समुह : ५

२. सूर्यमुखी किट वितरण (२० के.जी. वितरण )

उद्देश्य : नगर क्षेत्रमा हावापानी सुहाउदो सूर्यमुखीको जात छनौट गरी क्षेत्र बिस्तार, मौरी पालकलाई चरनक्षेत्र वृद्धि

कृषक संख्या : २६ (लाभान्वित)

घ. बागवानी विकास कार्यक्रम

१. सुन्तला जात फलफूल विरूवा वितरण (५० %अनुदानमा)

बिरूवावितरण : १७ हेक्टरको लागि

संख्या : ५००० ( सुन्तला, कागती र जुनार)

उद्देश्य : सुन्तला जात फलफूल क्षेत्रको विस्तार

२. नर्सरी स्थापना तथा सुदृढीकरण

उद्देश्य : कृषकलाई नर्सरी स्थापनागर्न सहयोग तथा तयारी नर्सरीलाई सामाग्री वितरण गरी सुदृढीकरण गर्ने

लाभान्वित वडा : ९

नर्सरी संख्या : १ ( पुष्प नर्सरी स्थापना )

३. प्राङगारिक कौसीखेती प्रविधि प्रर्दशन

उद्देश्य : बजार क्षेत्रमा कौसी खेतीलाई प्रर्वदन गरी प्राङगारिक उत्पादन बढाउन

लाभान्वित कृषक : ४० जना

लाभान्वित वडा : ३ र ६

ङ. बाली संरक्षण कार्यक्रम

१. मौरी सामाग्री वितरण (खाली घार र गोला सहितको घार- ५०% अ. मा.)

वितरण घार : ६६

लाभान्वित मौरी कृषक : ४१

२. आकस्मिक बाली संरक्षण सेवा

उद्देश्य : रोग/किरा प्रकोपको रूपमा देखा परेको ठाँउमा बाली संरक्षण सामाग्री वितरण

लाभान्वित समूह : ८ वटा

क्रमश २३ पेजमा

वितरण सामाग्री : निमजन्य विषादी, किरा छोप्ने पासो

३. विषादी प्रयोग गर्ने प्लाष्टिक स्प्रेयर वितरण

उद्देश्य : विषादीको संरक्षित प्रयोगको लागि

स्प्रेयर संख्या वितरित : २०

लाभान्वित कृषक : ८ जना

च) कृषि प्रसार कार्यक्रम

१. माटो शिविर

उद्देश्य : माटोको स्वास्थ्य अवस्था पहिचान

लाभान्वित कृषक : ९९

२. एक वडा एक उत्पादन सम्भाव्यता अध्ययन

उद्देश्य : वडागत सम्भाव्य वाली पहिचान (एक प्रमुख वाली), आ.व. ०७५/७६ को कृषिकार्यक्रम सञ्चालनको लागि आधार तयार गर्न ।

अध्ययनको नतिजा :

- वडा १,५,६,७,८,१०,११ र १३ मा मौसमी/वेमौसमी तरकारी
- वडा १२ मा सुन्तला वाली
- वडा १४ मा अन्न वाली
- वडा ९ मा तरकारी वाली तथा अन्न वाली (वडा २,३र४ मा नगण्य व्यक्तिमात्र कृषि पेशामा संलग्न भएकोले उक्त वडामा अध्ययन नगरीएको )

३. घुम्ती तालिम

उद्देश्य : क्षमता अभिवृद्धि

लाभान्वित कृषक समूह : ३७

(संयोजक, नगर कृषि विकास शाखा)



# तानसेन नगरपालिका स्वास्थ्य शाखाको गतिविधि

## (आव ०७४/०७५ मा सम्पन्न बुँदागत कार्य विवरण)

*सीरबहादुर राना*

- तानसेन नगरपालिका अर्न्तगत सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई DMT Tools & Mec Wheel मार्फत परिवार नियोजनको तालिम सञ्चालन ।
- परिवार नियोजन सेवा सुदृढीकरणको लागि शुक्ष्म योजना तर्जुमा साथै परिवार नियोजन सेवा दिवस ।
- स्टाफ नर्स तथा अनमीहरूलाई Clinical Update तालिम सञ्चालन ।
- एकीकृत शिशु तथा वाल्यकालीन पोषण शुक्ष्म पोषकतत्व बाल भिटा प्रवर्द्धन कार्यक्रम ।
- RDQA (Routine Data Quality Self Assessment) पोषण सम्बन्धी कार्यक्रम तानपा-१३, बन्दीपोखरा स्वस्थ्य चौकीमा सञ्चालन ।
- VIA Camp (Visisual Inspection Acitic Acid) तानपा-१४, अर्गली स्वास्थ्य चौकीमा सञ्चालन ।
- तानसेन नगरपालिकाको खोप सम्बन्धी शुक्ष्म योजना तर्जुमा गोष्ठी सम्पन्न ।
- निजी स्वास्थ्य संस्थासंग समन्वय गरी क्षय रोग व्यवस्थापन मुलप्रभाहीकरण ल्याउने कार्यक्रम अन्तर्गत लुम्बिनी मेडिकल कलेज (लुमेक) मा सञ्चालन गरेको ।
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत लुमेक पाल्पा, अर्गली स्वास्थ्य चौकी, मदनपोखरा स्वास्थ्य चौकीमा १८५७ जनालाई सेवा दिइएको ।
- राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम अुसार कार्तिक २ र ३ साथै बैशाख ६ र ७ गते ५ वर्ष मुनिका बालबालिकालाई जुकाको औषधि र भिटामिन 'ए' वितरण गरेको ।
- नगरपालिका अन्तर्गत ८९ जनालाई २ पटक पुर्नताजगी तालिम तथा अर्धवार्षिक समीक्षा कार्यक्रम सञ्चालन गरेको ।
- विद्यालय स्वस्थ्य शिक्षा कार्यक्रम अन्तर्गत विभिन्न विद्यालय २० वटा कक्षा सञ्चालन गरेको ।
- सामाजिक स्वास्थ्य बिमा अन्तर्गत अल्पसंख्यक दलित ९५३ घर परिवारको निःशुल्क बिमा गराइएको ।
- सुत्केरी स्याहार प्रोत्साहन कार्यक्रम अनुसार १७३ जनाले सेवा पाएको ।
- निःशुल्क वितरणको लागि शर्त तर्फ रू.७०५००० र निशर्त तर्फ रू.१६६००० गरी रू. ८७१०००।- को औषधि खरिद गरी वितरण गरेको ।
- तानसेन नगरपालिका १४ वटै वडाका २ वर्षमुनिका बालबालिकाहरूको पूर्ण खोप सम्बन्धी तथ्याङ्क संकलन विश्लेषण गरी पूर्ण खोप सुनिश्चित गरेको ।

(संयोजक, नगर स्वास्थ्य शाखा)

# समृद्धिका लागि समयमै काम सकौं



*विशाल ओली*

गत आर्थिक वर्ष (२०७४।०७५) मा निर्वाचित जनप्रतिनिधिहरूले तानसेन नगरलाई सडक वर्षको रुपमा मनाउने संकल्प सहित पहिलो नगरसभा भव्य, सभ्य र सर्वसम्मत रुपमा पारित गरि सम्पन्न गर्नुभयो । सोहीअनुसार नगरपालिकामा भएको सम्पूर्ण प्राविधिक जनशक्ति योजना कार्यान्वयन गर्न अहोरात्र खटिरह्यो । पहिलो चौमासिक अन्तर्गत विनियोजित रकम फ्रेममा रही योजनाहरूको सर्भे गर्ने, लागत अनुमान तयार गरी वडाहरूवाट स्वीकृति लिने र नियमानुसार योजनाहरु सम्झौता गर्ने गरियो भने अर्को तिर सूचना प्रकाशित गरी टेन्डर आह्वान गर्ने र खरिद ऐन बमोजिम निर्माण व्यवसायी छनोट गरी योजना सम्झौता गर्दै धमाधम कार्य प्रारम्भ गरियो । विभिन्न चाडपर्वहरूलाई लक्षित गरी ग्रामीण वडाहरूमा रहेका कच्ची मोटरवाटोहरूलाई सफाइ गर्ने र पहिरो पन्छ्याउदै यातायात सहज र सुचारू गरियो ।

आर्थिक वर्षको दोश्रो चौमासिक सम्म आइपुग्दा सम्पूर्ण योजनाहरु जनप्रतिनिधिहरूको प्रत्यक्ष रोहवर र निगरानीमा द्रुत गतिमा अघि बढेको थियो भने अर्कोतिर निर्धारित लक्ष्य अनुसार कतिपय योजनाहरु सम्पादन भइ वडा कार्यालयहरूवाट सम्पन्न भएको सिफारिस, प्राविधिक मूल्यांकन र अनुगमन समितिको रिपोर्ट पश्चात नियमानुसार फरफारक पनि भएको थियो । तेश्रो चौमासिक सम्म आइपुग्दा खासगरी ठुला सडक योजना अन्तर्गत निकै साँघुरो र अप्ठ्यारो सेतीपोखरी, सिस्ने, वडहरवोट, गुफाचौर जाने मोटर वाटो यसै आ.ब मा दुई लेन फराकिलो गरि ८.३ किलो मिटर स्तरोन्नति गरिएको छ । हरेक वडालाई तानसेन जोड्ने हेतुले गुम्दा, छेर्लुंग, कालिगण्डकी कोरिडोर, पोखराथोक, लुहुंग, जोर्ते, प्रभास, गणशाल, आमडाँडा, नर्सरी, डीवारी, सारिखोला, वतासे T.U क्याम्पस साफाखुम आमडाँडा जस्ता महत्वका ठूला सडकहरूलाई स्तरोन्नति गरिएको छ । बजारका कैयन सडकहरूलाई मर्मत गरी कालोपत्रे गरिएको छ । साना ठूला गरी ६५ किलो मिटर सडक यस आ.व. मा निर्माण तथा स्तरोन्नति गरिएको छ ।

सडकको अलावा प्रभासमा सूर्यकुण्ड, माडीफाँटमा माण्डव्य ऋषिको अंगारे कुण्ड, कोकलदेवी मन्दिर जानको लागि सिढी निर्माण, रतन पाँडेको मन्दिर जान सिढी निर्माण, होलाङ्दीमा आइ पार्क निर्माण, कुसुण्डाँडा तानसेन ७ काजीपौवामा पार्क बिशेष गेट, खा.पा, तारजाली लगाउने कार्य, रिडीमा शवदाह निर्माण, तानसेन २ नारायणस्थान नजिकै हाटबजार सञ्चालनार्थ पूर्वाधार निर्माण, भगवती मन्दिरको गुरुयोजना तयार गरिएको, वीरेन्द्र फूलवारीलाई स्तरोन्नति, कव्रस्थान बतासेमा सेड निर्माण, कुँडापानी तानसेन १२ मा खेल मैदान तथा पार्क निर्माण, प्रभासमा सांस्कृतिक मंच तयार, दमकडामा वृद्हरूको लागि न्यानो तथा शितलो घर, बाँझा, अर्गली, पक्लुवा कुन्सरे, शिर्सिरे तानसेन ७ लगायतका स्थानहरूमा खानेपानी र सिंचाइको लागि लिफ्ट गर्ने त कतै बोरिङ गरेर पानी निकाल्ने आदि...आदि ... अलि भिन्न तर दीर्घकालीन महत्व राख्ने योजनाहरु समेत सु-सम्पन्न गरेको छ । बिबिध कारणले रोकिएको निर्माणाधीन कोल्डस्टोर र भ्यू टावरको कार्यले समेत यस आ.वमा गति लिएको छ ।

परिवर्तन विकास होइन, सकारात्मक र आवश्यकीय परिवर्तनलाई मात्र विकास मान्न सकिन्छ । यस आ.व. को अन्त्य सँगै हाम्रो प्राविधिक शाखा सम्बन्धी समेत केही सवालहरु खडा भएका छन् । जस्तो कि, विगत वर्ष जस्तै गरी यस वर्ष पनि आ.व को अन्त्यतिर मात्रै धेरै योजनाहरु फरफारक भएका छन् किन यसो भयो ? के यो प्रवृत्ति अन्त्य गर्न सकिदैन थियो ? वास्तवमा यो हाम्रो नगरको मात्रै समस्या होइन मुलुककै जटिल समस्या हो । खासगरी साउन देखि चैत्र सम्म वजारमा अपेक्षित पैसा नजाने र राज्यको खातामा पैसा थन्कने भएपछि वजार असन्तुलित भई कालोबजारीया र विभिन्न अस्तित्वका माफियाहरूको योजना मुताविक समाज र राज्य संचालित हुने स्थिति देखा पर्छ । धनी र गरीव वीचको दुरी समेत फराकिलो बन्दै जान्छ अर्कोतिर वैशाख, जेठ र असारमा मात्र राज्यको पैसा योजना फरफारक हुँदै वजारमा जाने हुँदा समेत पनि समाज झन् असन्तुलनमा रहन्छ । यसले परिवर्तन त होला तर सकारात्मक परिवर्तन अर्थात् बिकास र सम्वृद्धि सम्भव छैन । त्यसकारण चालू आ.व मा तानसेन नगरले प्राविधिक जनशक्तिलाइ थप योग्य बनाउदै, उपभोक्ता समितिलाई जागरूक बनाउदै र जनप्रतिनिधीहरूलाई थप जिम्वेवार, समन्वयकारी र नेतृत्वदायी बनाउदै समयतालिका अनुरूप हरेक महिना योजना फरफारक गरी वजारमा पैसा रिलिज गर्ने र सामाजिक तथा आर्थिक सन्तुलन कायम गर्नुपर्ने छ ।

जसको लागि सकेसम्म साउन महिनाभरि विनियोजित योजनाहरूको प्रारम्भिक स्थलगत सर्भे गर्ने र रकम फ्रेममा रही लागत तयार गर्नुका साथै टेन्डरमार्फत हुने योजनाहरूको टेन्डर समेत गरिसक्नु पर्दछ । भाद्र महिनाभरि सम्पूर्ण योजनाहरु (उपभोक्ता समितिवाट संचालित गरिने होस् या निर्माण व्यबसायीमार्फत गरिने होस) सम्झौता गरी कार्यादेश दिनु राम्रो हुन्छ । असोज, कार्तिक र मंसिर गरी तीन महिनामा पूँजीगत खर्च २५ प्रतिशत सम्पन्न गरिसक्नु पर्दछ । पुस, माघ, फाल्गुन, चैत्र र वैशाख महिनासम्म हरेक महिना १५५ का दरले वाँकी रहेको ७५ योजना सम्पन्न गरिसक्नु पर्दछ । जेठ र असार महिनाभरि योजना तर्जुमा र नगरसभावाट पारित गरिसक्नु पर्दछ । माथि उल्लिखित भनिए झैँ वार्षिक कार्ययोजना बनाइयो भने पक्कै पनि हाम्रो तानसेन नगरले खर्च गर्न सक्ने सामर्थ्य बढाउन सक्नुका साथै आर्थिक अनुशासनलाई पालना समेत गर्न सक्नेछ र समृद्धिको यात्रा छिटो छिटो पार गर्नेछ ।

(सहायक इन्जिनियर)

◆

# आ.ब. ०७४र०७५ मा तानसेन नगरपालिका शिक्षा शाखाद्धारा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरु



*रेशमलाल न्यौपाने*

१. नगरपालिकास्तरीय प्रधानाध्यापकहरूको बैठक सञ्चालन आबश्यकता अनुसार निर्देशन प्रेषण ।

२. आधारभूत तहको अन्तमा लिने परीक्षा (कक्षा ८) सञ्चालन,ब्यबस्थापन कार्यबिधि स्वीकृत गरी सो परीक्षा सञ्चालन,प्रमाणीकरण, तथा अभिलेख ब्यबस्थापन ।

३. नगरपालिका क्षेत्र भित्र रहेका सबै सामुदायिक बिद्यालयहरूको एउटा कक्षामा भूइँ बसाइ ब्यबस्थापन गरेको ।

४. नगरपालिका भित्र रहेका ९ वटा माध्यामिक शिक्षा परीक्षा केन्द्रमा सञ्चालन भएको SEE परीक्षा अनुगमन ।

५. बिद्यालय स्व-मूल्यांकन तथा स्थलगत अनुगमनका आधारमा शैक्षिक सत्र २०७४ मा राम्रो कार्य संपादन गर्ने ३ वटा बिद्यालय छनौट गरी प्रोत्साहन गरेको ।

६. बिद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरी उत्कृष्ट ५ प्रतिभाहरूलाई पुरस्कृत गरिएको ।

७. विद्यालयहरू संबन्धित अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरू सम्बन्धमा स्थलगत छानबिन गरी प्रतिबेदन पेश गरेको ।

८. सामुदायिक माध्यामिक बिद्यालयका प्रधानाध्यापक,लेखा कर्मचारी,तथा बिद्यालय ब्यबस्थापन समितिका अध्यक्षहरूका लागि लेखा ब्यबस्थापन तालिम सञ्चालन गरेको ।

९. स्थायी शिक्षकहरूको कार्य सम्पादन मूल्यांकन सम्बन्धी कार्य गरेको ।



**प्रतिभा पहिचान कार्यक्रममा उपस्थित नगरवासीहरु**

१०. सम्बन्धित निकायद्वारा माग भए बमोजिम पत्राचार गरेको ।

११. शिक्षक र कर्मचारीहरूको तलव भत्ता, छात्रबृति, पाठ्यपुस्तकको रकम, बिद्यालय ब्यबस्थापन अनुदान, सामाजिक तथा ले. प. अनुदान, एकमुष्ठ अनुदान, निरन्तर बिद्यार्थी मूल्यांकन अनुदान, सामुदायिक सिकाइ केन्द्रहरूको सूचना प्रबिधि सुधारका लागि अनुदान लगायत बिद्यालयमा निकास गर्नु पर्ने सम्पूर्ण रकम निकासा गरिएको ।

**तानसेन नगरपालिका नगरशिक्षा समिति गठन**

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व | संम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अशोककुमार शाही | संयोजक | नगर प्रमुख | ९८५७०६०५५२ |
| २ | जीवन झवाली | सदस्य | प्र.प्र.अधिकृत | ९८५७०७४१११ |
| ३ | दामोदर घिमिरे | सदस्य | नगर का.सदस्य | ९८५७०६२१५३ |
| ४ | मैयादेवी घिमिरे | सदस्य | नगर का.सदस्य | ९८४७५९९५४४ |
| ५ | बुद्धिसरा बि.क. | सदस्य | नगर का.सदस्य | ९८४७०६८०८० |
| ६ | सुशीला श्रेष्ठ | सदस्य | शैक्षिक बुद्धिजीबी | ९८४७०२८५२६ |
| ७ | सोमनाथ अर्याल | सदस्य | शैक्षिक बुद्धिजीबी | ९८४७०४३२०२ |
| ८ | भेषराज सुबेदी | सदस्य | शैक्षिक बुद्धिजीबी | ९८४७०२९६१४ |
| ९ | दयाराम पाण्डे | सदस्य | बि.ब्य.स.अध्यक्ष | ९८५७०२५७३१ |
| १० | हरि घिमिरे | सदस्य | महासंघ प्रतिनिधि | ९८५७०६२०३४ |
| ११ | युबराज पन्त | सदस्य | प्र.अ.प्रतिनिधि | ९८४७०४३९६६ |
| १२ | भरत न्यौपाने | सदस्य | प्याबसन प्रतिनिधि | ९८५७०६०६२४ |
| ११ | शिबप्रसाद आचार्य | सदस्य | स्रोतब्यक्ति | ९८५७०६२३८० |
| १२ | मीनप्रसाद ढकाल | सदस्य | स्रोतब्यक्ति | ९८५७०६०८५१ |
| १३ | रेशमलाल न्यौपाने | स.सचिब | नगर शिक्षा प्रमुख | ९८५७०१६६७० |

(संयोजक, नगर शिक्षा समिती)

- ❑ कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।
- ❑ कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।
- ❑ कर तिरौं, सभ्य नागरिक बनौं।
- ❑ समयमै कर तिरौं, जरिवानाबाट बचौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# तानसेन सरकारले शुरु गरेको अल्पसंख्यक दलित परिवारलाई स्वास्थ्य बिमा प्रभाकारी बन्दै



*किरण कौशल*

तानसेन नगरपालिका वडा नं. २ मेहलधाराका सूर्यप्रकाश दर्नालका दम्पत्तिलाई बुढेसकालसँगै रोगहरू देखिएपनि ढुक्क भएर औषधि उपचार गर्न पाएकोमा खुसी छन् । छोरा, बुहारी र नातिसँग बसेका उनीहरूका लागि तानसेन नगरपालिकाले स्वास्थ्य बिमा गराइ दिएपछि उपचारकै लागि रकम जोहो गर्न झन्झट हटेको छ । दर्नाल भन्दछन् – "पेट सम्बन्धी समस्याले सताएको थियो, भिडियो एक्सरे, एक्सरे, इसिजी, रगत र पिसाब परीक्षण गरेपछि औषधि लिएर फर्किएँ, मेरो र श्रीमतीको गरी पैसा तिरको भए ७ हजार जति खर्च हुने थियो होला, बिमा गरेकाले रकम तिर्नु परेन" । उनले आफ्नो र श्रीमतीको भाडा मात्रै खर्च भएको बताए ।

तानसेन नगरपालिकाले आर्थिक अवस्था कमजोर भएका दलित र अल्पसंख्यक १ हजार परिवारलाई स्वास्थ्य उपचारमा सहयोग गर्न स्वास्थ्य बिमालाई प्राथमिकता दिएर गतवर्ष अगाडि बढाएको थियो । गरीब तथा अल्पसंख्यक परिवारलाई सरकारको प्रत्याभूति दिलाउन स्वास्थ्य बिमा गराउने र त्यो बापत लाग्ने रकम नगरपालिकाले दिने नीति लिएको नगर प्रमुख अशोककुमार शाहीले बताउनु भयो । नगरपालिकाले आर्थिक बर्ष २०७४/०७५ मा १४ वडाका ९ सय ५३ परिवारको स्वास्थ्य बिमा प्रिमियम सहयोग गरेको छ । बिमाको प्रिमियम बापत ५ जनाको परिवारमा लाग्ने २ हजार ५ सय रकम नगर पालिकाको कोषबाट तिरेर बिमा गराइएको छ । स्वास्थ्य बिमा गराए पछि एक बर्षसम्म रू ५० हजार बराबरको स्वास्थ्य उपचार सेवा पाउने गर्दछन् । वडा कार्यालयको सिफारिसको आधारमा दर्ता सहयोगीहरूले उनीहरूको घर घरमा पुगेर दलित र अल्पसंख्यक परिवारको स्वास्थ्य बिमा गराएको नगर प्रमुख शाहीले बताउनु भयो । यस अगाडि कतिपयले आफै बिमा गरेको भएपनि यसपटक नगरपालिकाले रकम तिर्ने व्यवस्था गरेको छ भन्दा बिमा गर्नेहरू खुसी भएको र राहतको अनुभूति गरेको दर्ता सहयोगी कल्पना ढकालले बताउनुभयो । तानसेन नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा नगरपालिकाको १४ वडामा १२ जना दर्ता सहयोगीहरूले बिमा गराएका हुन् ।

आ.ब. २०४७/०७५ मा स्वास्थ्य बिमा गराएकाहरूको विवरण

| वडा नं. | संख्या | वडा नं. | संख्या | वडा नं. | संख्या |
|---|---|---|---|---|---|
| १ | ३३ जना | २ | १० जना | ३ | ४६ जना |
| ४ | १७ जना | ५ | ७६ जना | ६ | १०३ जना |
| ७ | ९४ जना | ८ | १०६ जना | ९ | ७८ जना |
| १० | ७३ जना | ११ | १३० जना | १२ | ३५ जना |
| १३ | ६५ जना | १४ | ६९ जना | | |

बिमा गराएका घरपरिवार मध्ये झण्डै ६५ प्रतिशतले २०७४ जेठबाट सेवा पाएका छन् भने बाँकीले २०७५ भाद्र देखि सेवा पाउने भएका छन् । तानसेन नगरपालिका सरकार हरेक वर्ग र समुदायसंग साथ, साथमा छ, पछाडि पारिएका समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने बिमामा सहयोग गरी सरकारको प्रत्याभूति दिलाउने स्वास्थ्य बिमाको कार्यक्रम प्राथमिकतामा राखेको तानसेन नगरपालिका नगरप्रमुख अशोक कुमार शाहीले प्रष्ट पार्नु भयो । "विकासका अन्य कार्यसंग सामाजिक विकास हुने र बहुसंख्यक समुदायको आत्मवल विकास गर्ने र स्वास्थ्य उपचारका क्षेत्रमा सकारात्मक सन्देश विस्तार गर्ने पहल हो यो निरन्तर हुनेछ ।" नगरप्रमुख शाहीले बताउनु भयो ।

स्वास्थ्य बिमा गरेपछि एम आर आई, सिटि स्क्यान, भिडियो एक्सरे सेवा, अप्रेशन सेवा सहित करीब एक हजार भन्दा बढी औषधि निःशुल्क बिमा रकमले पुगे सम्मको सेवा पाउने व्यवस्था गरेको छ । बिमा गराउने व्यक्तिहरूले आफ्नो पायक पर्ने अस्पताल रोजेका छन् भने त्यहीबाट सेवा समेत लिएका छन् । नियमित औषधि खाने रोग लागेका र नियमित स्वास्थ्य उपचार गराउने बिरामीका लागि स्वास्थ्य बिमा अझै प्रभावकारी हुने देखिएको छ । श्रीमान र श्रीमती दुवै सुगरको बिरामी नियमित औषधि खानुपर्ने र नियमित जाँच गराउनुपर्दा रकम खर्च भइरहेको थियो तर तानसेन नगर पालिकाले स्वास्थ्य बिमा गरिदिएपछि खर्च हुने रकम बँचेको

तानसेन नगरपालिका २ का काशीराम बुढापृथीले बताउनुभयो । स्वास्थ्य बिमामा सहयोगको लागि नगरपालिकालाई धन्यवाद दिनुर्पछ, बिमाकै २ हजार ५ सय तिर्न नसक्ने परिवारका लागि अति नै राम्रो हो यसलाई निरन्तरता दिन जरूरी छ बुढापृथीले भन्नुभयो । तानसेन नगरपालिका ८ र ९ वडामा अन्य व्यक्तिहरूले समेत आफ्नै लगानीमा लगभग ९० प्रतिशत घरपरिवारले स्वास्थ्य बिमा गरेर सेवा लिइरहेका छन् । तानसेन नगरपालिकाले शुरू गरे जस्तै अन्य स्थानीय सरकारले पनि आर्थिक अवस्था कमजोर भएकाहरूको स्वास्थ्य बिमा गराउन रकम सहयोग गरेका छन् । स्वास्थ्य बिमाले गरीब तथा अल्पसंख्यक परिवारलाई राहत मिलेको बताउदै तानसेन नगरपालिका कार्यापालिका सदस्य भीमबहादुर कुमालले आफूले समेत स्वास्थ्य बिमाबाट औषधि गरेको अनुभव सुनाउनुभयो । उहाले वडा तहमा अझै केही व्यक्तिहरू छुटेकाले यस बर्ष छुटेका समेतको बिमा गर्न पहल गर्ने बताउनुभयो ।



(सूर्यप्रकाश दर्नाल दम्पति)

सरकारले द्रोस्रो चरण अर्न्तगत २०७३ साल पौषबाट पाल्पामा स्वास्थ्य बिमा लागू गरेको हो । स्वास्थ्य बिमा लागू भएका २८ वटा जिल्ला मध्ये पाल्पा सबै भन्दा उत्कृष्ट जिल्ला बनेको छ । स्वास्थ्य बिमा बोर्ड तथ्याङ्कमा बिमा गराउने उत्कृष्ट दश दर्ता सहयोगी मध्ये पाल्पाका आठ जना रहेका छन् । जिल्ला भर ८३ जना दर्ता सहयोगी गाउँ गाउँमा खटिएका छन् । स्वास्थ्य बिमाबाट ५६ प्रतिशत महिलाहरूले सेवा लिएका छन् भने हाइपर टेन्सन प्रेसर, पेटको समस्या भएका विरामीको संख्या बढी रहेको छ । पाल्पामा स्वास्थ्य बिमा मार्फत ४ करोड भन्दा बढी प्रिमियम संकलन भएको र उपचारमा ३ करोड ५० लाख भन्दा बढी रूपैयाँ खर्च भएको स्वास्थ्य बिमा बोर्ड ५ नम्बर प्रदेशका संयोजक मनोज पौडेलले बताउनुभयो ।



जिल्लाको ५५ हजार घरपरिवार मध्ये २०७५ चैत्र मसान्त सम्म ३५ हजार घरपरिवारमा बिमा गराउने लक्ष्य स्वास्थ्य बिमा वोर्डले लिएको छ । स्वास्थ्य बिमा गरेपछि उपचार सेवा लिनका लागि जिल्लाका ७ अस्पताल र लुम्बिनी अञ्चल अपस्ताल तोकिएको छ । स्वास्थ्य बिमा लागू भएपछि निजी मेडिकलहरूमा भन्दा सरकारी अस्पतालहरूमा सेवा लिन जाने बिरामीको संख्यामा समेत बृद्धि भएको छ ।

(सचिव, नेपाल पत्रकार महासंघ पाल्पा)




- ❑ विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं।
- ❑ विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- ❑ बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- ❑ बाल बिबाहलाई निरूत्साहित गरौं।
- ❑ बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा




*कृष्ण मल्ल*

# हाम्रो तानसेनः सङ्ग्रहणीय पुस्तक

तानसेन वरिपरिका विषयवस्तु अर्थात पाल्पाका विविध पक्षलाई समेटी तानसेन नगरपालिकाले प्रकाशित गरेको हाम्रो तानसेनको पहिलो अंक पढ्ने अवसर मिल्यो । बुलेटिनमा तानसेनको विकासका लागि जनप्रतिनिधिले योजना गरेका, सोचेका र अगाडि सारेका बिषयलाई समेट्ने प्रयास गरेको पाएँ । अग्रज लेखक, पत्रकार, जनप्रतिनिधि, सामाजिक संघ संस्थामा क्रियाशील व्यक्तित्वहरूको सहभागीताले बुलेटिनमा सुन्दरता थपिएको पाएँ ।

बुलेटिनको आकार, पठनीय र सङ्ग्रहणीय सामग्री, साजसज्जामा तस्विरको प्रयोग, बिबिध पक्षका लेखकहरूको सहभागिता र कागजको गुणस्तरले बुलेटिनमा सुन्दरता थपिएको छ भन्न मन लाग्यो । सामान्य रूपमा संघ संस्थाहरूले निकाल्ने बुलेटिनभन्दा यो बुलेटिन फरक र ओजनदार पाएँ । अर्को शब्दमा भन्नुपर्दा यस बुलेटिनमा समेटिएका सामग्रीको स्तरलाई हेर्ने हो भने बुलेटिनलाई बुलेटिनको रूपमा मात्रै बुझ्दा अन्याय नै हुन्छ । बुलेटिनमा नगरपालिकाको योजना, कार्यक्रम र प्रगति मात्र नभई तानसेन बारे सोधकार्यका लागि उपयुक्त हुने सामग्री पनि समेटिएको हुदा बुलेटिन भन्दा माथि राखेर मूल्याकंन गर्दा पनि फरक पर्दैन । जहाँ तानसेनको गरिमा, इतिहास, अवस्था र भविष्यमा जनप्रतिनिधिले खेल्नु पर्ने भूमिका, गर्नुपर्ने योजनालाई पनि पाल्पाली लेखकहरूले विचार मार्फत प्रष्ट राखेका छन् । तानसेनमै बसोबास गरिरहेका र तानसेनमा जन्मे हुर्केर तानसेनलाई माया गरिरहेका, राष्ट्रिय पहिचान बनाएका व्यक्तित्वहरूको लेख मार्फत आएको अनुभव र सुझाव कम गहकिला छैनन् । जसलाई जनप्रतिनिधिले आफ्नो कार्यकालयमा योजना बनाइ काम गर्न सके, नगरको नीतिमा समेट्न सके तानसेनको विकास फर्किने मात्र होइन जनप्रतिनिधिहरू पनि हाइहाइ हुने देखिन्छ ।

बुलेटिनमा तानसेनको वडा गतिविधिसँगै सडक, पर्यटन, शिक्षा, कृषि, घरेलु उद्योग, व्यवशाय, कला, सस्कृति, पत्रकारिता, खानेपानी जस्ता बिषय उठेका छन् । लेखकले बिषय मात्र उठाएका छैनन् सुझाव सल्लाह पनि पस्केका छन् । यसले तानसेनका जनप्रतिनिधि मात्र नभई तानसेनको विकास चाहनेहरूलाई काम गर्नलाई दिशानिर्देश समेत गर्न सक्छ । पाल्पा तानसेनको अध्ययन गर्ने, खोज गर्ने र जान्ने बुझ्न मन गर्नेलाई बुलेटिनले साथ दिनेछ । पहाडी सुन्दर ठाउँ तानसेनको देखिने सुन्दरतामा यस बुलेटिनले सुन्दरताभित्रको सुन्दरता थप्ने देखिन्छ । बुलेटिन प्रकाशनको जिम्मेवारी बोकेकाबाट भएको सामग्रीको संयोजन र लेखकको मिहिनेतलाई धन्यवाद दिनै पर्छ ।




**तानसेनको गौरव, स्वास्थ्य, शिक्षा, पर्यटन, कला हाम्रो पौरख** भन्ने नगरपालिकाले अगाडि सारेको नारालाई पूरा गर्नका लागि बुलेटिनका विचार महत्वपूर्ण छन् । बुलेटिनमा यसरी नै क्रमशः सबैको विचारलाई समेट्दै जान सके प्रधान सम्पादकले भने झै तानसेन बोल्नेछ । तानसेन पहाडकी रानी बनेरै आन्तरिक र बाह्य पर्यटकलाई तान्नेछ । तानसेनको विकासमा जनप्रतिनिधिहरूको मात्र जिम्मेवारी हो भन्ने बुझाइलाई परिवर्तन गर्दै नगरवासी र नागरिक समाजका प्रतिनिधिहरू पनि हातेमालो गर्नेछन् । पाल्पाको ऐतिहासिक, प्राकृतिक पर्यटकीय सम्पदा, संस्कृति, मौलिक उद्यम कला, जीवजन्तु, वनस्पति, शिक्षा र स्वास्थ्य जस्ता बिषयको अवस्था र संम्भाव्यतालाई बुलेटिन प्रकाशनले क्रमश बाहिर ल्याउने छ ।

अबको बुलेटिन यात्रामा विकाससँग जोडिएका गाउँले चाहना, विकासले गाउँलेलाई पारेको प्रभावको अनुभव, पौरखी व्यक्तिबाट सिक्ने कुरा जस्ता सामग्रीहरूलाई पनि समेट्ने प्रयास गर्नका लागि सल्लाह दिदै बुलेटिन प्रकाशनको निरन्तरताको लागि शुभकामना दिन चाहन्छु ।

(सम्पादक, बुटवल टुडे दैनिक)

# बृद्धबृद्धाको लागि न्यानो तथा शीतल घर बन्दै

परिवारमा समुदायमा जेष्ठ नागरिकको अनुभवको उत्तिकै उपयोगी भूमिका रहन्छ । जेष्ठनागरिकलाई सम्मान गर्नु पर्छ भन्ने उद्देश्यले तानसेन नगरपालिकाले न्यानो तथा शीतलघर बनाउन शुरू गरेको छ ।



**तानसेन-९, दमकडामा जेष्ठ नागरिकहरू जुटेर कुरा गर्दै**

जाडोमा बतास छेक्ने, गर्मीमा शीतल गराउने उद्देश्यले तानसेन नगरपालिका वडा नं. ९ दमकडा, पाल्पामा न्यानो तथा शीतल घरकोशिलान्यास २०७५ असारमा भयो । क्षेत्रफल १ रोपनी ४ आनामा १ करोड २५ लाख लागतमा ४ तल्ले भवन निर्माण हुने सोच सहित नक्सा बनेको छ ।

बैदिक संस्कृति अध्यापन केन्द्र व्यवस्थापन समितिका अध्यक्ष भवन निर्माण समितिका सल्लाहकार अर्थात स्थानीय अगुवा तानसेन नगरपालिकाका विकास सदभावना दूत प्रेमनाथ बस्याल भन्नुहुन्छ –"न्यानो तथा शीतल घर निर्माणका लागि तानसेन नगरपालिकाले आव ०७४/०७५ मा ७ लाख र यो आवमा १५ लाख रूपैयाँ विनियोजन गरेको छ । प्रदेशको समेत सहयोग जुटाएर यो आर्थिक वर्षको अन्त्यसम्म १ तल्ला पूरा गर्ने नगर प्रमुख अशोक कुमार शाहीले बताउनु भएको छ । जेष्ठ नागरिकको लागि निर्मित यो घरमा नगरप्रमुखले चासो देखाउनु भएको छ ।"

वि.सं. २०५५ ताका दमकडा सेरोफेरोमा हरेकदिन बृद्धबृद्धा अर्थात स्थानीय जेष्ठ नागरिक एकै थलोमाजुटेर भजन, कीर्तन गर्ने, ज्ञानगुनका कुरा सुन्ने सुनाउने उद्देश्यले कुटी समेत निर्माण भएको अगुवा प्रेमनाथ बस्यालले बताउनु भयो । स्थानीय निर्वाचन २०७४ ताका हालका नगर प्रमुख त्यसतर्फ जाँदै गर्दा बृद्धबृद्धा घामपानी नभनी कुटीतर्फ जाँदै गरेको देखेपछि आफूसँग न्यानो तथा शीतलघर बनाउनका लागि निवेदन पठाउन भन्नु भएको बस्यालले बताउनु भयो । २०५५ ताका ढुण्डीराज खनाल, लीलाबल्लभ पाण्डे, हीरामणि घिमिरे, शुकदेव लुँइटेल, नोयनारायण सुवेदी, दुर्गाप्रसाद भट्टराई, राधाकृष्ण शर्मा, देवराज अर्याल लगायत जेष्ठ नागरिक जुटेर ज्ञानगुनका कुरा गर्थे । अहिले पनि दैनिक १५ देखि ३०-३५ जना जुटेर छलफल नित्य गर्छन् ।

न्यानो तथा शीतल घर बनेपछि हरेक दिन ३-४ घण्टा जेष्ठ नागरिक जुट्ने ध्यान, योग समेत गर्ने बस्याल बताउनु हुन्छ । भवनको स्वरूपबारे निर्माण समितिका अध्यक्ष मीनप्रसाद बञ्जाडे भन्नु हुन्छ –"२ तल्ला मध्ये माथिल्लो तल्ला जेष्ठ नागरिकका लागि र भूइँतल्ला योग हल बनाउने सोच छ । दुबै तल्लामा करीब २ सय जना अट्ने हल बन्ने छ ।" बञ्जाडे थप्नु हुन्छ–"दीर्घकालसम्म उपयोग हुने गरी भवन बनाउँदै छौं । यहाँ सबैका लागि उपयोगी पुस्तक हुनेछन् । विभिन्न उमेर समूहका लागि समेत हल उपयोगमा आउनेछ । "

निर्माण समितिमा ताराबहादुर थापा (उपाध्यक्ष), छविलाल भट्टराई (सचिब), मेनका सापकोटा (कोषध्यक्ष) र विन्दु लुइँटेल, विष्णुदेवी पाण्डे, खिमलाल गैरे, एकबहादुर गाहा, गणेश अर्याल, यमनाथ रेग्मी, विष्णुप्रसाद बस्याल सदस्य हुनुहुन्छ । सल्लाहकारमा प्रेमनाथ बस्याल, दुर्गाप्रसाद अर्याल, देवराज अर्याल, राधाकृष्ण





निर्माण समितिका सल्लाहकार प्रेमनाथ बस्याल र अध्यक्ष मीनप्रसाद बञ्जाडेसँग कुरा गर्दै प्रधान सम्पादक गोविन्द भट्टराई

शर्मा र खुमकान्त देवकोटा रहनु भएको बञ्जाडेले बताउनु भयो । बैदिक संस्कृति अध्ययन केन्द्र व्यवस्थापन समितिमा अध्यक्ष प्रेमनाथ बस्याल, उपाध्यक्ष खिमलाल गैरे, सचिब पुरूषोत्तम अर्याल, कोषाध्यक्ष यमनाथ रेग्मी र सदस्यहरूमा देवराज अर्याल, विष्णुकुमारी पाण्डे, यमप्रसाद न्यौपाने, विष्णु बस्याल, भगवती भट्टराई, राधा अधिकारी रहनु भएको प्रेमनाथ वस्यालले वताउनु भयो ।


"कुटीमा जुट्नेमा महिलाको संख्या बढी हुन्छ । दिउँसो १ बजेदेखि ३-४ बजेसम्म जुट्ने ज्ञानगुनका कुरा गर्ने दिनचर्या बन्यो । १ दिन नआए के बिराए झै हुन्छ हामीलाई ।" नवलपरासी सर्दी घर भै हाल तानसेन अम्लिहान छोरी ज्वाइँकोमा बसेर कुटीमा आउने खोपनारायण श्रेष्ठले बताउनु भयो ।

रूपन्देही रामपुर घर भै हाल दमकडा छोरीकोमा बस्दै आएका अर्का जेष्ठ नागरिक शिवलाल पाण्डे न्यानो तथा शीतल घर अब सबैको आश्रम बन्ने विश्वास व्यक्त गर्नुहुन्छ । निर्माण समितिका अध्यक्ष मीनप्रसाद बञ्जाडे भन्नु हुन्छ-' घर परिवारमा समन्वयका लागि सहयोग पुगेको छ ज्ञान गुन र अनुभव साटासाटका हिसाबले ।'

निर्माण समिति सल्लाहकार प्रेमनाथ वस्याल भन्नु हुन्छ -"न्यानो तथा शीतल घर सबैको साझा सम्पत्ति हो । सबैको सद्भाव यसले पाएको छ ।"



*राजेशकुमार अर्याल*



*हरिसुमर रेग्मी*

नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष तथा स्थानीय नागरिक राजेशकुमार अर्याल भन्नुहुन्छ -"जेष्ठ नागरिकहरूले जुटेर अनुभूति साटासाट गर्ने ज्ञानगुनका कुरा गर्ने उपयुक्त थलो मात्र होइन नयाँपुस्ताले ज्ञान, संस्कार सिक्ने ठाउँ समेत बन्ने छ न्यानो तथा शीतल घर । घरमा एक्लै बस्नु सट्टा जेष्ठ नागरिकले त्यहाँ साथीसँग बोल्न पाउँछन्, पुस्तक पत्रपत्रिका हेर्न पाउँछन् ।" वडा अध्यक्ष हरिसुमर रेग्मी भन्नु हुन्छ- "यस सेरोफेरोमा जेष्ठ नागरिक झरी र घाम नभनेर पहिले देखि जुट्ने प्रचलन थियो । प्रत्यक्ष देखेपछि नगरप्रमुखले के गर्नुपर्छ भनेपछि नगरस्तरीय कार्यक्रममा पारेर सहयोग शुरू गरिएको हो । निर्माण हुन्छ ।" बहु उद्देश्यीय भवन हुनाले प्रदेश सरकारले समेत नगरपालिकालाई सहयोग गर्नुपर्ने पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले बताउनुभयो । नगरप्रमुख अशोककुमार शाही भन्नुहुन्छ "यो काम फत्ते गर्छौं ।"

•

तानसेन नगरपालिका, हालका वडा सचिवहरूको विवरण

| वडा नं. | वडा सचिवको नाम | साविक वडा नं. | फोन नं. |
|---|---|---|---|
| १ | चुरामणी मरासिनी | तानसेन १० वराङ्दी २,६ | ९८५७०६१८०९ |
| २ | राधा न्यौपाने | साविक तानसेन १, २, १५ | ९८४९१६९०६४ |
| ३ | मीरा क्षेत्री | साविक तानसेन ५, ६, ८ | ९८६७२७०२२१ |
| ४ | बैकुण्ठ कोईराला | साविक तानसेन ४ | ९८४९३२४९५९ |
| ५ | जीवन बस्याल | साविक तानसेन ७, १२, १३ बराङ्दी ३,४,५ | ९८४९७९२६७९ |
| ६ | जयदीप पन्थी | साविक तानसेन ३,९ | ९८४७०२३८६५ |
| ७ | तुल्सिराम कोईराला | साविक तानसेन ११, १४ | ९८४९७९२६७९ |
| ८ | सीताकुमारी भट्टराई | साविक मदनपोखरा २,३,४,५,९ | ९८४७१४०१२३ |
| ९ | टंकप्रसाद भण्डारी | साविक मदनपोखरा १,६,७,८ | ९८४७४२४४१५ |
| १० | टंकप्रसाद भण्डारी | साविक तेल्घा गा.वि.स पुरै | ९८४७४२४४१५ |
| ११ | शिव आत्रेय | साविक बन्दिपोखरा गा.वि.स | ९८५७०६२५१४ |
| १२ | मञ्जु आचार्य | साविक बौघापोखराथोक गा.वि.स | ९८४७१०२५७२ |
| १३ | कृष्णप्रसाद भट्टराई | साविक बौघागुम्हा गा.वि.स | ९८५११९८३१३ |
| १४ | शंकरप्रसाद पाण्डे | साविक अर्गली गा.वि.स | ९८५७०६५०१८ |

colour page

colour page

colour page

colour page



*दुर्गाबहादुर थापा,*

# तानसेन नगरपालिकाद्वारा सहकारी संस्था दर्ता शुरु



तानसेन नगरपालिका क्षेत्रमा विभिन्न पेशा व्यवसाय गरी बस्ने वासिन्दाहरूले तानसेन नगरपालिका वडा नं ६ मा कार्यालय रहने गरी समाजसेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड स्थापना गरेका छन् । तानसेन नगरपालिकाद्वारा नेपालको संविधानको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ख) को प्रावधान बमोजिम स्थानीय तहको क्षेत्र भित्र कार्यक्षेत्र रहने गरेर सहकारी दर्ता गरिएको हो ।

२०७५ श्रावण २९ गतेका दिन नगरपाकिलाका विभिन्न पदाधिकारी तथा सम्वन्धित संस्थाका प्रतिनिधिहरूको सहभागितामा एक कार्यक्रमकावीच तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले संस्थाका अध्यक्ष दानबहादुर कुवँरलाई सहकारी संस्थाको दर्ता प्रमाण-पत्र तथा स्वीकृत विनियम प्रदान गर्नु भयो । सो क्रममा नगरप्रमुख शाहीले पहिलो पटक दर्ता भएको यो संस्था सहकारी अभियानको कार्यमा पनि नगर क्षेत्रमा प्रथम रहनु पर्छ भन्दै शुभकामना दिनुभयो ।

यस क्रममा शाहीले स्थानीयबासीको जीवनस्तर माथि उठाउन सहकारी संस्था प्रमुख माध्यम हुन सक्ने भन्दै जनताको सामाजिक विकास र आर्थिक विकासको मेरूदण्डको रूपमा सहकारी संस्थाले कार्य गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत एवंम् दर्ता रजिस्ट्रार कीर्तनराज पौडेल, तानसेन-६ का वडा अध्यक्ष सागरमान महर्जन, बरिष्ठ अधिकृत दुर्गाबहादुर थापा, योजना तथा प्रशासकीय अधिकृत विष्णु पौडेल, सूचना प्रविधि अधिकृत प्रकाश गैरे तथा संस्थाका पदाधिकारी लगायतको सहभागिता रहेको थियो । संस्था स्थापनाको क्रममा हाल संस्थामा १८ महिला, १९ पुरूष सहित कुल ३७ जना सदस्यहरू रहेका छन भने शेयर पूँजी रकम रू. ११ लाख ११ हजार र प्रवेश शुल्क वापतको रकम रू. ३ सय ७० रहेको छ । संस्थाको तदर्थ संचालक समितिमा अध्यक्ष दानबहादुर कुवँर, उपाध्यक्ष जयप्रकाश उप्रेती, सचिव लक्ष्मणप्रसाद आचार्य, सहसचिव राजेशकुमार भट्टराई, कोषाध्यक्ष मदन सिंह राना र सदस्यहरूमा केशव नेपाल, युवराज पंगेनी, मीना कुवँर र शान्ता आले के.सी.रहनु भएको छ ।

(बरिष्ठ अधिकृत)

•

# तानसेन नगरपालिकाको तेस्रो नगरसभा



*दिपक विश्वकर्मा*




तानसेन नगरपालिकाको तेस्रो नगरसभा २०७५/०३/१० मा पहिलो र ०७५/०३/२७ गते दोस्रो बैठक बसी सम्पन्न भएको छ । तेस्रो नगरसभामा स्थानीय सरकारलाई प्राप्त व्यवस्थापिका अधिकारलाई पूर्ण रूपमा प्रयोगमा ल्याइएको थियो । सभा बैठक शुरू हुनुभन्दा १५ मिनेट अगाडि नै सम्पूर्ण नगर सभा सदस्यहरू बैठक सभामा प्रवेश गर्नुभएको थियो । विहान ठीक ११ बजे सभाअध्यक्ष एवंम् नगर प्रमुख अशोककुमार शाही सभाहलमा प्रवेश गर्दा राष्ट्रिय गान बजेको थियो । सभाअध्यक्षको सम्मानार्थ सम्पूर्ण सभा सदस्यहरू आ–आफ्नो ठाउँबाट उठेर सम्मान प्रकट गर्नुभएको थियो । सहिदहरू प्रति १ मिनेट श्रद्धाञ्जली अर्पण गरी सभालाई सभाअध्यक्षबाट सम्बोधन सहित तेस्रो नगरसभाको बैठक प्रारम्भ गर्नुभएको थियो ।

बैठकको कार्यतालिका अनुसार नगर उपप्रमुख लक्ष्मीदेवी पाठकबाट आ.व. २०७५/०७६ लागि "**समृद्ध नगर, आत्मनिर्भर नगरवासी, सफा नगर, सुखी नगरवासी**" मूल नारा सहितको प्रस्तावित नीति तथा कार्यक्रम र आ.व. २०७५/०७६ को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट रकम खर्च गर्ने र विनोयोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "**विनियोजन विधेयक २०७५**" टेवल गर्नुभएको थियो । विधेयक समिति संयोजक मैयादेवी घिमिरेले आ. व. २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्न बनेको विधेयक "**आर्थिक विधेयक २०७५**" प्रस्तुत गर्नुभएको थियो । पहिलो बैठकमा आ.व. २०७५/०७६ को लागि नीति तथा कार्यक्रम र आर्थिक विधेयक २०७५ माथि नगर सभासदस्यहरूले छलफल गरी सर्वसम्मत पारित गरिएको थियो । सभा अध्यक्षद्वारा धन्यवाद सहित २०७५/०३/२७ गते पुनः बैठक बस्ने गरी सभा स्थगन गर्नुभएको थियो ।

२०७५/०३/२७ गते विहान १०:३० बजे सभाका सम्पूर्ण सदस्यहरू बैठक सभामा प्रवेश गरी ठीक ११ बजे सभाअध्यक्ष अशोककुमार शाही सभाहलमा प्रवेश पश्चात सहिदहरू प्रति १ मिनेट श्रद्धाञ्जली अर्पण सहित तेस्रो नगरसभाको दोस्रो बैठक प्रारम्भ गर्नुभएको थियो । बैठकको कार्यतालिका अनुसार उपप्रमुख लक्ष्मीदेवी पाठकले आ.व.२०७५/०७६ का लागि तेस्रो नगरसभाको पहिलो बैठकमा टेवल गर्नुभएको विनियोजन विधेयक २०७५ पारित गरियोस भनी प्रस्ताव पेश गर्नुभएको थियो ।




तेस्रो नगरसभामा सहभागी नगरसभासदस्यहरूः एक झलक


सो प्रस्तावमाथि नगरसभाका सदस्यहरूले व्यापक छलफल गरी सर्वसम्मत पारित गरिएको थियो । बैठककै कार्यतालिका अनुसार नगर उपप्रमुख लक्ष्मीदेवी पाठकबाट आ.व.२०७५/०७६ का लागि प्रस्ताव गरिएको बजेट तथा कार्यक्रम पेश गर्नुभयो । उक्त बजेट तथा कार्यक्रम पूर्वाधार विकास तर्फ १२ करोड ३६ लाख १० हजार (१७.५७%), सामाजिक विकास तर्फ ४३ करोड २५ लाख (६१.४८%), आर्थिक विकास तर्फ ७ करोड ११ लाख ४४ हजार (१०.११%), वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४ करोड ३६ लाख ३७ हजार (६.२०%), सुशासन तथा संस्थागत विकास तर्फ रू.३ करोड २५ लाख ४० हजार (४.६३%) गरी जम्मा कुल बजेट रू.८० करोड १३ लाख १० हजारको रहेको छ । प्रस्तुत बजेट तथा कार्यक्रममाथि सभाका सदस्यहरूले छलफल गरी कार्यक्रममा केही संशोधन सहित बहुमतले पारित गरिएको थियो ।

बैठकमा समाजिक विकास समितिका संयोजक दिपक विश्वकर्माले नेपालको संविधान २०७२ को धारा २२६ वमोजिम नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित अधिकार क्षेत्रको काम गर्ने गरी सामाजिक विकास अगाडि बढाउन, स्थानीय रूपमा क्रियाशील गैरसरकारी संस्था, सामाजिक संघ संस्था, टोल विकास संस्था, आमा समूह, युवासँग सम्बन्धित सञ्जाल वा क्लव वा परिषद, बालबालिकाको क्लव वा सञ्जाल लगायत नागरिक संस्थाहरू दर्ता, नवीकरण, सूचीकृत तथा परिचालन गर्न बनेको ऐन विधेयक "**स्थानीय सामाजिक विकास ऐन २०७५**" पेश गर्नुभएको थियो । उक्त ऐन माथि सभाका सदस्यहरूको छलफल पछि सर्वसम्मत पारित गरिएको थियो । सभा बैठकमा विधयक समिति संयोजक मैयादेवी घिमिरेले तानसेन नगरपालिकाको वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यशाला, अर्न्तक्रिया, गोष्ठी, तालिम, अवलोकन भ्रमण, बैठक, अनुगमन, लगायतका कार्यक्रम सञ्चालन गर्दा हुने खर्चमा एकरूपता ल्याउन र कार्यक्रमहरूलाई मितव्ययी तथा प्रभावकारी बनाउन "**स्थानीय सरकार सञ्चालन ऐन २०७४**" को दफा १०२ को उपधारा २ ले दिएको अधिकार प्रयोग गरी **तानसेन नगरपालिकाको कार्यक्रम सञ्चालनका लागि खर्चको मापदण्ड सम्बन्धी निर्देशिका २०७५** प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत निर्देशिका माथि नगरसभाका सदस्यहरूले छलफल गरी सर्वसम्मत पारित गरिएको थियो । उक्त बैठकको कार्यतालिका अनुसार सभाअध्यक्षले नगरसभा सदस्य महेश्वर श्रेष्ठको संयोजकत्वमा ५ सदस्यीय लेखा समिति मनोनयन गरेकोमा सभाले पारित गरेको थियो । सभाको बैठकमा सार्वजनिक महत्वका विशेष प्रस्तावहरू पारित गरिनुका साथै विशेष शुन्य समयमा नगरसभाका सदस्यज्यूहरूले नगरमाविकास र सार्वजनिक महत्वका विषयमा आ-आफ्ना भनाइहरू राख्नुभएको थियो । कार्यतालिका अनुसार अन्तमा सभा अध्यक्ष अशोककुमार शाहीले तेस्रो नगरसभा समापन गर्नुभएको थियो । तेस्रो नगरसभामा पर्यवेक्षकको रूपमा बरिष्ठ पत्रकार मेघराज शर्मा, पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजे शकुमार अर्याल लगायतको सहभागिता रहेको थियो ।

तेस्रो नगरसभाबाट पारित बार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, ऐन, विधेयकहरू बारेमा सोही दिन नगर प्रमुखले विज्ञप्ति जारी गर्नुभएको थियो भने मिति २०७५/०४/०४ गते तानसेन नगरपालिकाको सभाहलमा पत्रकार सम्मेलन गरेर सार्वजनिकीकरण गरिएको थियो ।

(कार्यपालिका सदस्य)

# तानसेन नगरपालिकाको चालू बजेटका विशेषताहरु



*विष्णु पौडेल*

विगतका वर्षहरू जस्तै यो वर्ष पनि तानसेन नगर पालिकाले वार्षिक बजेट सार्वजनिक गरिसकेको छ । २०७५ असार १० गते प्रारम्भ भएको तेस्रो नगर सभा असार २७ गते सम्पन्नभयो र यो सभाबाट आर्थिक वर्ष २०७५/२०७६ को लागि रू ८० करोड १३ लाख १० हजारको बजेट सर्वसम्मतिमा पारित भएको छ । यो बजेट गतवर्ष भन्दा २४.३० प्रतिशतले वृद्धि भएको हो । ढांचा र स्वरूपको दृष्टिकोणले विगतको बजेट कै निरन्तरता जस्तो देखिएतापनि यस वर्षको बजेटमा केही नबीनतम अवधारणाहरू सहित रचनात्मक कार्यक्रमहरू समावेश भएका छन् ।

स्वभावैले बजेट भन्नासाथ आम्दानी र खर्चका पाटोहरू समावेश भएका हुन्छन् । मुलुक संघीयतामा प्रवेश गरेको केहीवर्ष भएतापनि पहिलो पटक संघीयताको आभाष हुनेगरी तानसेन नगर सरकारबाट यो बजेट तयार भएको छ । बजेटमा नगरबासीहरूबाट संकलन हुने कर, दस्तूर र शुल्क आदिबाट प्राप्त आन्तरिक आम्दानी बाहेक केन्द्र सरकार अर्थात संघ र प्रदेश नं. ५ बाट निशर्त र सशर्त गरी दुवै खाले अनुदानहरू प्राप्त भएको छ । केन्द्र, प्रदेश र स्थानीय तहमा स्रोतको बांडफांड गर्ने पद्दतिको सुरूवात हुनु आफैमा संघीयताको बलियो सुरूवात हो । प्रदेश भित्रका स्रोत साधनहरूको अनुकुलतम परिचालन गर्ने र त्यसको बांडफांड सम्बन्धी यथेष्ठ नियम कानून नबनेर हुन सक्छ यस पटक प्रदेशबाट आशा गरे अनुरूप अनुदान प्राप्त भएन ।

तानसेन नगरपालिकाको चालूवर्षको लागि स्वीकृत गरेको बजेट राशि रू ८० करोड १३ लाख १० हजारको स्रोतको बाँडफाँड देहायअनुसार रहेको छ ।

| | | |
|---|---|---|
| आन्तरिक आम्दानी | : | रू. ५,४८,४०००० (६.२८%) |
| नेपाल सरकार (संघ) | : | रू ६१,६९,१२००० (७६.९८%) निशर्त र सशर्त समेत |
| प्रदेश सरकार | : | २,२०,०८००० (२.७४%) निशर्त र सशर्त समेत |
| ऋण अनूदान | : | रू १,५०,००००० (१.८७%) |
| अन्य | : | रू ९,२५,५०,००० (११.५३%) |

नेपालको संबिधानले आर्थिक अधिकार सम्पन्न स्थानीय सरकारको परिकल्पना गरेतापनि माथिको तथ्याङ्क अनुसार स्थानीय सरकार सञ्चालनमा केन्द्रीयनिर्भरता घटाउन केहीवर्ष लाग्ने देखिन्छ । वाास्तवमा केन्द्र सरकारको अनुदान क्रमशः घटाउदै सोही तुलनामा प्रदेश सरकारलाई बलियो र सक्षम गराउदै लैजाने रणनीति व्यवहारमा लागू गर्न सकिए मात्र सक्षम स्थानीय सरकार सहितको संघीयता परिकल्पना गर्न सकिन्छ ।

सहभागितामूलक योजना तर्जुमा प्रकृयाबाट हरेक वर्ष झैं यस वर्ष पनि तानसेन नगरपालिकाका १४ वटै वडाहरूमा कम्तिमा ५० लाखको दरले बिनियोजन भएको छ यस अनुसार वडा तहका कार्यक्रम सञ्चालनमा ७ करोड र नगरस्तरीय पुँजीगत तथा प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गर्नकालागि करीव १३ करोड बजेट बिनियोजन भएको छ । सन्तुलित विकासकालागि क्षेत्रगत रूपमा बजेट बिनियोजन गर्ने अवधारणाको सफलतम् प्रयोग भएको छ । कुल बजेटको १८ प्रतिशत पूर्वाधार विकासमा, ६२ प्रतिशत सामाजिक विकासमा, १० प्रतिशत आर्थिक विकासमा, ६ प्रतिशत वातावरण विकास र ५ प्रतिशत संस्थागत विकासमा बजेट बिनियोजन भएको आंकडाले देखाउछ ।

यो वर्ष नियमित कार्यक्रमका अतिरिक्त केही नौला कार्यक्रमहरू समावेश गरिएका छन् । तानसेनको विकासमा दीर्घकालीन महत्व राख्ने योजनाहरूलाई नगर गौरवका आयोजनाभित्र समावेश गरेर कार्यक्रम सञ्चालनगर्ने नीति अनुरूप रू ३ करोड १० लाख छुट्टाइएको छ । जसले कालीगण्डकी करिडोर जोडिने स्तरीय सडक निर्माण, सेतीपोखरी गुफाचौर सडक स्तरोन्नति, नयाँपाटी दमकडा कृषि सडक स्तरोन्नतिका काम हुने छन् । तानसेन बजारलाई सांस्कृतिक सहरको रूपमा पुर्नस्थापित गर्न, प्रशिद्ध श्रीनगर बनको सौन्दर्यकरण सम्बन्धी कार्यहरू सञ्चालनमा आउने छन् । प्रदेश सरकार र केन्द्र सरकारसंग लागत साझेदारीमा कामगर्न रू ३ करोड रकम सम्पूरक कोषमा जम्मा गरिएको छ, जसबाट यसै वर्षभित्र नगर विकासमा दूरगामी प्रभाव पार्ने कार्य हुने विश्वास लिइएको छ । बिपद्, आकस्मिक मर्मत र भैपरी आउने कार्यकालागि रू ५५ लाख ६४ हजार बराबरको विशेष कोष खडा गरिएको छ।

बजेटको अर्को सकारात्मक पक्ष भनेको चालू तथा प्रशासनिक खर्चमा गरिएको मितव्ययिता पनि हो । वर्षभरिको प्रशासनिक खर्चका लागि केवल रू ९ करोड ४२ लाख ३२ हजार २ सय २१ बिनियोजन गरिनु जो कुल बजेटको ११.७५ प्रतिशत मात्र हो आफैंमा आदर्शबादी बाँडफाँड हो । नेपाल सरकारको चालू

आर्थिक वर्ष २०७५/२०७६ को संघीय बजेटको बांडफांड गर्दा केवल २६.२१ प्रतिशत मात्र पूँजीगत खर्चमा छुट्टाएको सन्दर्भमा तानसेन नगरपालिकाले यो वर्ष कुल बजेटको ५९.४० प्रतिशत चालू र ४०.६० प्रतिशत पूँजीगत बजेटमा बांडफांड हुनु आफैंमा अनुकरणीय हो ।

यस वर्षको बजेटले स्वस्थ्य नगरबासीको परिकल्पना गरेको छ र सोही अनुसार स्वास्थ्य क्षेत्रमा उल्लेख्य रकम बिनियोजनमा जोड दिएको छ । जेष्ठ नागरिकहरूको दीर्घ जीवनका लागि घरघरमा गई स्वास्थ्य परीक्षण गर्न स्वास्थ्य सेवा अभियान सञ्चालन गरिने कार्यक्रम छ । मुटु तथा मृगौला रोगीहरूलाई लक्षित गरेर उपचारका लागि स्थानीय स्वास्थ्य संस्थासंगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ बिमा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

युवाहरूलाई स्वरोजगारी र आत्मनिर्भर बनाउन युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनुका अतिरिक्त क्षमता विकासका लागि युवा परिषद् गठन गरी रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्न बजेट व्यवस्था भएको छ । विगत लामो समयदेखि अवरूद्ध रहेको शिवपोखरी ल्याण्डफिल साइट पुनः सञ्चालनमा गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । तानसेन बजारलाई पुनः चलायमान गराउन बसपार्क, लहरे पीपल, बनदेवी बतासे सडक खण्डलाई प्रस्तावित Dedicated Fast Track गराउन प्रथम चरण सडक चौडा गर्न बजेट विनियोजन गरिएको छ । बनदेवी क्षेत्रमा वातावरण मैत्री बस टर्मिनल निर्माणका लागि बजेट व्यवस्था भएको छ । पर्यटन प्रवर्द्धनका लागि Tourism Action Committee Tansen- TACT लाई थप जिम्मेवार र क्रियाशील बनाइएको छ । गतवर्ष देखि प्रदान गरिदैं आएको खानेपानी उपभोक्ताहरूलाइ दिइदैं आएको महसुल अनुदानलाई निरन्तरता दिइएको छ ।

समग्रमा तानसेन नगरपालिकाको यस वर्षको बजेट गतवर्षभन्दा प्रगतिशील, कल्याणकारी, विकासमुखीभन्दा अतिशयोक्ती नहोला । यद्यपि बजेटको सफलता वा असफलता आगामि दिनमा हुने बजेट अनुकुलतम परिचालन र नागरिकको सन्तुष्टिमा भर पर्नेमा भने दुई मत छैन ।

(योजना तथा प्रशासकीय अधिकृत)

# तानसेन नगरपालिकाद्वारा पारित ऐन नियम सूची (२०७५)

**ऐनको नाम**

आर्थिक ऐन २०७५

विनियोजन ऐन २०७५

स्थानीय सामाजिक विकास ऐन २०७५

तानसेन न.पा. ऐन नियम सूची (२०७४)

**ऐनको नाम**

आर्थिक ऐन २०७४

विनियोजन ऐन २०७४

आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको ऐन २०७४

विनियोजन ऐन २०७४ (संसोधन)

प्रशासकीय कार्यविधि नियमित गर्न वनेको ऐन २०७४

न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि ऐन २०७४

कृषि व्यवसाय प्रर्व४न ऐन २०७४

सहकारी ऐन २०७४

नियमावली, कार्यविधि, निर्देशिका, विनियम, आचार संहिताको नाम

तानसेन नगरपालिकाको कार्यक्रम सञ्चालनको लागि खर्चको मापदण्ड सम्बन्धी निर्देशिका २०७५

तानसेन नगरकार्यपालिकाको वैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४

तानसेन नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि २०७४

तानसेन नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४

तानसेन नगरपालिकाको कार्यविभाजन नियमावली २०७४

एकीकृत सम्पत्ति कर लगत तथा असुली कार्यविधि २०७४

स्थानीय राजपत्र प्रकाशन कार्यविधि २०७४

तानसेन नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४

तानसेन नगरपालिका साझेदारी विकास कोष सञ्चालन निर्देशिका २०७४

'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४

उपभोक्ता समिति मार्फत गरिने योजनाको सञ्चालन कार्यविधि २०७४


नगर सुत्केरी स्याहार खर्च वितरण कार्यविधि २०७४

विपन्न दलित तथा अल्पसंख्यक समुदायको स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि २०७४

नगरपालिकाको पदाधिकारीहरूको आचारसंहिता २०७४

श्रोत : दुर्गा बहादुर थापा, बरिष्ठ अधिकृत

# तानसेनका जनप्रतिनिधिलाई प्रशिक्षण



*भरत आचार्य*



तानसेन नगरपालिकाको आयोजना र पाल्पा विकास केन्द्रको संयोजनमा  योजना तर्जुमा, योजना कार्यान्वयन तथा सिफारिस विषयमा दुई दिने प्रशिक्षण भएको छ । नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, वडा सचिव, विषयगत शाखाका प्रमुख तथा कार्यपालिका सदस्यहरूको सहभागितामा प्रशिक्षण कार्यक्रम भएको हो ।

प्रशिक्षण कार्यक्रममा तत्कालीन प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद ढकाल, तत्कालीन प्रमुख कोषनियन्त्रक बासुदेव शर्मा, जिल्ला समन्वय समितीका समन्वय अधिकारी रामप्रसाद पाण्डे, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पाल्पाका प्रमुख रामप्रसाद पाण्डे, मालपोत अधिकृत सुरणप्रसाद शर्मा,  जिल्ला प्राविधिक कार्यालयका इन्जिनियर प्रेमनारायण बस्याल, पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, पाल्पा विकास केन्द्रका कार्यक्रम संयोजक किरण कौशल लगायतले  सहजीकरण गर्नुभएको थियो ।

अभिमुखीकरण कार्यक्रममा नगरपालिकाका वडा अध्यक्षले जिल्ला प्रशासनले गर्दै आएका सिफारिसको अवस्था, सिफारिस गर्दा अपनाउनु पर्ने विधि ऐन नियम कानूनको बारेमा प्रमुख जिल्ला अधिकारी ढकालले जानकारी दिनुभयो । ऐन नियम विपरित तथा विधि नपुर्‍याईकन तथा कुनै प्रलोभनमा परी गलत सिफारिस गर्दा हुने दण्ड, सजाय तथा जरिवानाको अवस्था बारेमा समेत प्रजिअ ढकालले जानकारी दिनुभयो । प्रमुख कोष नियन्त्रक बासुदेव शर्माले स्थानीय सञ्चित कोषको सञ्चालन, केन्द्रबाट प्राप्त हुने सशर्त र निशर्त अनुदान खर्च गर्ने कार्यविधि, स्थानीय श्रोत साधनमा राजश्व संकलन, व्यबस्थित लेखा प्रणाली, अनलाईन राजश्व संकलन तथा खर्च सार्वजनिकीकरण, पेश्की तथा खर्च सार्वजनिकीकरण लगायतका विषयमा सहजीकरण गर्नु भएको थियो ।



जिल्ला समन्वय समितीका समन्य अधिकारी रामप्रसाद पाण्डेले स्थानीयतह शासन ऐन २०७४, स्थानीय संघीय मामिला मन्त्रालयले जारी गरेका विभिन्न किसिमका नीति नियम तथा निर्देशिकाको बारेमा जानकारी गराउनु भयो । स्थानीयतहका अधिकार, त्यसको कार्यान्वय गर्ने विधि र प्रक्रिया, स्थानीयतहबाट संकलन हुने राजश्व, त्यसको बाडफाँड, जिल्ला समन्वय समिति, प्रदेश सरकार, र संघीय सरकारसंग गर्नुपर्ने समन्वय साझा अधिकारका विषयमा समन्वय अधिकारी पाण्डेले बताउनु भयो । ईन्जिनियर प्रेमनारायण बस्यालले योजना तर्जुमा, योजना अनुगमन, योजनाको फरफारक सार्वजनिक खरिद ऐन नियम, पेश्की फर्छ्यौट लगायतका विषयमा जानकारी गराउनुभयो । मालपोत अधिकृत सुरणप्रसाद शर्माले वडा वडा तहबाट घर जग्गा सिफारिस गर्दा अपनाउनु पर्ने पत्रिया, व्यबहारिकता भन्दा पनि नीति नियम भित्र बसेर काम गर्नुपर्ने अवस्था, सार्वजनिक जग्गाहरूको संरक्षण लगायतका विषयमा जानकारी दिनुभयो । पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले नगरपालिकाले अपनाउनु पर्ने सूचना प्रणाली, सूचना सार्वजनिकीकरण विधि, हरेक क्षेत्रको आम्दानी खर्चको सार्वजनिकीकरण लगायतका विषयमा चर्चा गर्नुभयो ।

यस किसिमको तालिमले नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीलाई काम गर्न सहज हुने, वडा वडा तहबाट हुने सिफारिसमा एकरूपता आउने, विधि र पत्रियागत  काम हुने उप प्रमुख लक्ष्मी पाठकले बताउनुभयो । कार्यक्रम नगरपालिका प्रमुख अशोककुमार शाहीको सभापतित्वमा भएको थियो । समारोह बीच सहभागीहरूलाई तालिमको निस्सा प्रदान गर्दै नगरप्रमुख शाहीले भन्नुभयो –"सिकेका सीप काममा लगाऔं अनि सेवाग्राहीलाई सहजरूपमा सेवा प्रदान गरौं ।" कार्यक्रम सञ्चालन पाल्पा विकास केन्द्रका कार्यक्रम संयोजक किरण कौशलले गर्नुभएको थियो ।

(शाखा अधिकृत)

◆

# तानसेन नगरपालिका वडा नं ९ मा अनलाइन सफ्टवेयर मार्फत राजश्व संकलन शुरु



तानसेन नगरपालिकाले वडा नं ९ मा वडा कार्यालयहरूमध्ये पहिलो पटक अनलाइन सफ्टवेयर मार्फत साउन ३१ देखि राजश्व संकलन शुरू गरेको छ ।

तानसेन नगपालिका वडा नं ९, दमकडा मा आयोजित राजश्व संकलन कार्यक्रम उद्‌घाटन गर्नुहुँदै नगर प्रमुख अशोककुमार शाहीले जिल्लामै उदारहणीय कार्य सम्पन्न गर्नमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै नगर प्रमुख शाहीले नगर लाई सूचना प्रविधियुक्त बनाउने लक्ष्य अनुरूप कार्यसम्पादन गर्नमा सहयोग पुऱ्याउने नगरपालिका कार्यालयका सम्वन्धित कर्मचारीलाई पनि धन्यवाद दिनु भयो । सूचना प्रविधि अधिकृत प्रकाश गैरे र नगरपालिकाका राजश्व अधिकृत मधुसुदन धर्तीले यस प्रविधि मार्फत सम्पति कर, व्यवसाय कर, सरसफाइ कर लगातका नगरपालिकाद्धारा प्रदान गरिने घटना दर्ता सम्मका विभिन्न सेवाहरू लिन सकिने एवं तानसेन नगरपालिकाका अन्य वडा कार्यालयहरूमा समेत यस प्रविधिको जडान कार्य अन्तिम चरणमा पुगेको बताउनु भयो । नगर प्रमुख अशोककुमार शाही, उप प्रमुख लक्ष्मीदेवी पाठक, पूर्व जि. वि. स सभापति प्रेमनाथ बस्याल, वडा अध्यक्ष हरिसुमर रेग्मी, वडा सदस्य विनिता लुँइटेल, दमकडा मा. वि का प्रमुख मोहनप्रसाद सापकोटा, माण्डव्य बहुमुखी क्याम्पसका प्रमुख प्रेमराज पंगेनी, वागखोला सामुदायिक बनका अध्यक्ष बेदप्रसाद सुवेदी, नमूना टोल विकास संस्थाका संयोजक ताराबहादुर थापा, दमकडा मा.विका पूर्व प्रधानाध्यापक श्रीधरप्रसाद घिमिरे सहित विभिन्न महानुभावहरूको उपस्थिति रहेको सो कार्यक्रमको सञ्चालन वडा सचिव टंकप्रसाद भण्डारीले गर्नुभएको थियो ।

◆



**सेवा प्रवाहबारे सहजीकरण गर्दै राजश्व अधिकृत मधुसुदन घर्ती र वडा सचिव टंकप्रसाद भण्डारी**

# धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गुफाचौर गणेश धाम



*कृष्ण पोखरेल*



**गुफाचौरमा प्रदेश नं. ३ का मन्त्री केशव स्थापित, नगर प्रमुख शाही, नमूना बस्तीका संयोजक नेत्रप्रसाद पाण्डे, पत्रकार , जनप्रतिनिधि लगायत स्थानीय बासिन्दा**

तानसेन नगरपालिका वडा नं १० तेल्घाको गुफाचौर यस क्षेत्रकै नमूना धार्मिक तीर्थस्थलको रूपमा विकास हुँदै गएको छ । श्री गणेश भगवानको धार्मिक धाम, धार्मिक अध्ययनकेन्द्रको रूपमा विकास गरी यस क्षेत्रकै नमूना धार्मिक पर्यटकीय क्षेत्र बनाउन तानसेन नगरपालिका क्रियाशील भएर लागेको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण, शान्त, मनोरम वातावरण भएको, हिमश्रृङ्खला तराई भूभागको दृश्यावोलन गर्न सकिने, वरिपरि जंगलले भरिएको धार्मिक अध्ययन केन्द्रको रूपमा विकास गर्न तानसेन नगरपालिकाले गौरवको योजना बनाएर काम शुरू गरेको छ ।


श्रीगणेश धामको रूपमा विकसित भइरहेको गुफाचौरको प्रदेश नं ३ का भौतिक योजना तथा पूर्वाधार मन्त्री केशव स्थापित, तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही, नमूना बस्तीका संयोजक नेत्रप्रसाद पाण्डे, पत्रकारमहासंघका राजेशकुमार अर्याल, पत्रकारहरू गोविन्द भट्टराई र कृष्ण कार्की, वडा अध्यक्ष लोचनप्रसाद तिमिल्सिना र सदस्य बिष्णुबहादुर कार्की, साविक तेल्घाका पूर्व गाविस अध्यक्ष मोहन गैरे लगायतका स्थानीयवासीहरूले अवलोकन गर्नुभएको थियो ।

विगत १२ बर्षदेखिको योजना र परिकल्पना साकार हुदै गएकोले श्रीगणेश धामको रूपमा गुफाचौर विकसित भएपछि यस क्षेत्रकै नमूना धार्मिक अध्ययन केन्द्रको रूपमा विकास हुने, धाम निर्माणको लागि आवश्यक पर्ने पूर्वाधार निर्माणको लागि आफ्नो क्षेत्रबाट सहयोग जुटाउने प्रदेश ३ का भौतिक योजनामन्त्री स्थापितले बताउनु भयो ।

तानसेन देखि १० किलोमिटर पश्चिममा पर्ने श्रीगणेशधाम गुफाचौर डाँडाँमा पुग्न यसै बर्ष करीव १ करोडको लागतमा डवल लेनको मोटरबाटो निर्माण गरिएको, गुफाचौरमा लिफ्ट प्रणालीबाट पानी तान्ने योजना शुरू गरिएको, थ्रि फेज विद्युत लाइन विस्तारको काम शुरू भएको नगर प्रमुख अशोककुमार शाहीले बताउनु भयो । तानसेनलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरी यस क्षेत्रको आयआर्जनमा बृद्धि गर्ने, धार्मिक पर्यटकीय चक्रपथ निर्माण गर्ने, धार्मिक अध्ययन केन्द्रको रूपमा विकास गर्ने साथै गुफाचौर धार्मिक अध्ययन केन्द्रलाई नगरको गौरवको योजनामा राखेर काम गर्ने नगर प्रमुख शाहीले प्रष्ट पार्नु भयो । गुफाचौरमा श्रीगणेश धाम बन्ने भएपछि स्थानीयवासीहरू खुसी भएका छन् ।

कोलाहलमुक्त, शान्त सफा वातावरणयुक्त स्थान रहेको गुफाचौरलाई धार्मिक तीर्थस्थलसँगै, अध्ययन केन्द्रको रूपमा विकास गरी संसारभरका हिन्दूहरूको जमघट गराउने गरी योजना बनाएर काम गर्नुपर्ने पत्रकार महासंघका अध्यक्ष राजेशकुमार अर्यालले बताउनुभयो । गुफाचौर गुराँसडाँडामा विश्वकै ठूलो गणेश मूर्ति सहितको मन्दिर निर्माण गर्ने योजनाका साथ काम शुरू भएको छ । मन्दिरको लागि साढे अठार फिट उचाई, आठ फिट चौडाई भएको भगवान श्रीगणेशको मूर्ति निर्माण गरी तानसेनको टुँडिखेलमा राखिएको छ । श्रीगणेशको मूर्तिलाई छिट्टै क्रेनको माध्यमबाट गुफाचौरमा लगिने भएको छ । गुफाचौर गुराँसडाँडामा आधार अष्टकोश भई माथिल्लो भाग पिरामिड आकारमा चुलिएको, वीचमा विशाल चोक भएको करीव १ हजार ५ सय फिट उचाई भएको मन्दिर निर्माणको लागि प्रस्ताव गरिएको छ ।

यसैगरी तानसेन नगरपालिकाले प्रस्ताव गरेको वडा न ५ को सेतीपोखरी, धरमपानी, बन्दीपोखरा, चवनवारी, वडा नं ८ को दमकडा क्षेत्रको एकीकृत बस्ती निर्माणको समेत प्रदेश नं. ३ का भौतिक योजनामन्त्री स्थापितले अवलोकन गर्नु भयो । मन्त्री स्थापितले नेपालका विभिन्न क्षेत्रसँगै विदेशमा भईरहेका नमूना बस्तीहरूको बारेमा जानकारी गराउनु भयो । तानसेनमा एकीकृत नमूना बस्ती निर्माणको लागि नगरपालिकाले नेत्रप्रसाद पाण्डेको संयोजकत्वमा अध्ययन, अनुगमन तथा व्यबस्थापकीय कार्यको लागि समिति गठन गरेको छ । यसै गरी तानसेन ५ वनदेवी क्षेत्रमा प्रस्तावित वातावरणमैत्री वसपार्क क्षेत्रको समेत मन्त्री स्थापित र नगर प्रमुख शाही लगायतको टोलिले अवलोकन गरेको थियो ।



(पत्रकार)



३ नं. प्रदेश मन्त्री केशव स्थापित, नगरप्रमुख शाही लगायत

# विविध समाचारहरु

## हाम्रो तानसेन बुलेटिन लोकार्पण



*गणेश ज्ञवाली*

तानसेन नगरपालिकाले **हाम्रो तानसेन** नामक त्रैमासिक बुलेटिन प्रकाशन गरेको छ । नगरपालिकाको प्रोफाइल, इतिहास, गतिविधि र विभिन्न व्यक्तिहरूको लेख रचना समेटिएको बुलेटिन पहिलो अंक जेठ १ गते लोकार्पण गरिएको हो । नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराई प्रधानसम्पादक रहेको बुलेटिन नगरबासीका लागि मात्र नभएर तानसेनको अध्ययन गर्नेका लागि पनि महत्त्वपूर्ण दस्तावेज बनेको छ । गणेशमन्दिर निर्माणस्थल गुफाचौरमा आयोजित कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही र नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले संयुक्त रूपमा हाम्रो तानसेन बुलेटिनको लोकार्पण गर्नुभयो । नगरपालिकाको आयोजनामा पाल्पाली पत्रकार हरूले बिस्तारित तानसेन गुफाचौर मोटरबाटो अबलोकन निरीक्षणपछि आयोजित कार्यक्रममा नगरप्रमुख शाहीले यो बर्ष तानसेनले ६५ किलोमिटर मोटरबाटो निर्माण गरेको बताउनुभयो । उहाँले जनतालाई घरदैलोमै सेवा पुऱ्याउन सरकार प्रयत्नशील रहेको तर कर्मचारी समायोजन व्यवस्थापनमा भएको ढिलाइका कारणले गति लिन नसकेको उल्लेख गर्नुभयो । नेपाल पत्रकार महासंघका अध्यक्ष राजेशकुमार अर्यालले हाम्रो तानसेन त्रैमासिक बुलेटिनले नगरपालिकाको शक्ति, पुँजी र सामर्थ्य देखाउन सफल हुने विश्वास व्यक्त गर्नु भयो । गुफाचौर पुग्ने मोटरबाटोको बिस्तारले तेल्घा, बन्दीपोखराका जनतामा खुशीयाली थपेको र बाटोको स्तर वृद्धि भएपछि भाडा दर घटाउन पहल गर्नुपर्ने उहाँको सुझाव थियो । नगरपालिकाका प्रवक्ता दामोदर घिमिरेले नगरप्रमुखले जारी गरेको प्रेसनोट वाचन गर्दै यस वर्ष ६५ किलोमिटर मोटरबाटो, दलित तथा अल्पसंख्यक समुदायका १ हजार परिवारको निःशुल्क स्वास्थ्य बिमा, तानसेनको खानेपानी महशुलमा १०० रूपैयाँ कटौती, सुत्केरी पोषणभत्ता जस्ता महत्वपूर्ण कामले जनता र सरकारको सम्बन्ध राम्रो भएको बताउनुभयो ।

कार्यक्रममा पत्रकार सेनानी मेघराज शर्मा, महासंघ पाल्पाका पूर्व अध्यक्ष झपेन्द्र गहिरे, गणेशधाम अभियन्ता मोहन गैरेलगायतले नगरका काम र जनताका भावनाका बारेमा चर्चा गर्नुभयो । उहाँहरूले तानसेन नगरपालिकाले ग्रामीण क्षेत्रलाई समेत विकासमा महत्त्व दिएकोमा धन्यवाद दिनु भयो । कार्यक्रम तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मी पाठकको स्वागत, प्रेस सल्लाहकार गोविन्द भट्टराईको सञ्चालन र नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षतामा चलेको थियो । बुलेटिन नगरपालिकाको सभाहलमा बिमोचन गर्ने उद्देश्य अनुरूप लागेपनि बन्द पहिरोलगायत विविध कारणले निर्धारित समय भन्दा पछाडि पत्रकारहरूबीच लोकार्पण गरिएको बुलेटिनका प्रधानसम्पादक भट्टराईले स्पष्ट पार्नुभयो । उहाँले २०७४ पुस देखि नै नगरपालिकाको सूचना संयन्त्रमार्फत् सामग्री आव्हान गरिएको जानकारी दिदै नियमित प्रकाशन हुनाले रचनात्मक सुझाव र सान्दर्भिक सामग्रीको लागि समेत आग्रह गर्नुभयो । कार्यक्रममा पत्रकारहरू माधव अर्याल, किरण कौशल, मिलन विक, कृष्ण दर्नाललगायतले तानसेन नगरपालिकाको विकास निर्माण सम्बन्धी उठाएका सवालबारे नगर प्रमुख शाहीले प्रष्ट पार्नुभएको थियो ।

(सम्पादक उत्तरदायित्त्व त्रैमासिक)

•

## नगरपालिकाद्वारा डेरी पसल अनुगमन

तानसेन नगरपालिका पशु विकास शाखाको आयोजनामा तानसेन बजारस्थित दूध डेरी पसलहरूको अनुगमन असार ५ गते भएको छ । नगरपालिका, जिल्ला प्रशासन कार्यालय पाल्पा, जिल्ला प्रहरी कार्यालय पाल्पा, घरेलु विकास शाखा पाल्पा, उपभोक्ताहित संरक्षण मञ्च पाल्पा र नेपाल पत्रकार महासंघ पाल्पाका प्रतिनिधि सम्मिलित टोलीले अनुगमन गरेको पशु चिकित्सक हरिप्रसाद कोइरालाले बताउनुभयो । कोइरालाका अनुसार गोरसघर जय किसान डेरी, श्रीनगर डेरी, नमस्ते डेरी, पालुङ्गे डेरी र भैरव डेरीबाट दूधको नमूना संकलन तथा गुणस्तर परीक्षण गरिएको थियो । अनुगमनको क्रममा नमस्ते डेरी, पालुङ्गे डेरी र भैरव डेरीबाट नमूना संकलन गरिएको दूधमा मापदण्ड अनुरूप गुणस्तर नपुगेकोले सचेत गराउने निर्णय गरिएको थियो । त्यस्तै अन्य डेरीहरु गोरसघर र श्रीनगर डेरीबाट उत्पादित दूध पनि मापदण्ड अनुसार प्याकिङ गरी बिक्री वितरण गर्न सुझाव दिने र सबै डेरीवालालाई प्रमाणपत्र

देखिने ठाउँमा राख्नुपर्ने, समयमै नवीकरण गर्नुपर्ने, मापदण्ड अनुसार दूध र दुग्धजन्य परिकार बिक्री वितरण गर्नका लागि सुझाव दिइएको तानसेन नगरपालिकाका पशु विकास चिकित्सक कोइरालाले बताउनुभयो ।

•

## तानसेनमा प्रतिभा पहिचान

तानसेन नगरपालिका नगर शिक्षा समितिको आयोजनामा नगरपालिकास्थित विद्यालयस्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम २०७५ जेठ २५ गते सम्पन्न भएको छ । कार्यक्रम नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता, स्रोत व्यक्ति मीनप्रसाद ढकालको सञ्चालनमा भएको थियो । कार्यक्रमको बारेमा शिक्षा शाखाका प्रमुख उपसचिव रेशमलाल न्यौपानेले बताउनुभयो । मूल पाहुना जिल्ला समन्वय समिति पाल्पाका प्रमुख दयाराज बस्याल, नगर प्रमुख शाही र विशिष्ट पाहुना उपप्रमुख लक्ष्मीदेवी पाठकले विद्यार्थीहरूको क्षमता विकासमा यसखालको अवसर सहयोगी हुने बताउनुभयो । शैक्षिक व्यक्तित्व राजेश्वर उदय, चित्रवलीराम सुवाल, भावना शर्मा र प्रकाश गैरे मूल्याङ्कन समितिमा हुनुहुन्थ्यो । उत्कृष्ट ३ मा जनता माध्यमिक विद्यालय तानसेनका अक्षांश खाती (विज्ञान), सेन्ट कपितानियोकी कमला कनौजे (चित्रकला) र दमकडा माविका बबिन राना (गायन) छनौट भए । यस्तै सान्त्वनातर्फ सेन्ट कपितानियोकी छात्रा रिया शाही (नृत्य) र न्यू होराइजनका विज्ञा तिमिल्सेना (विविध) छनौट भए । नगरपालिका भित्रका १६ विद्यालयबाट ६ विधामा ७० विद्यार्थी सहभागी रहेको शिक्षा समिति सदस्य सोमनाथ अर्यालले बताउनुभयो ।

•

## दलित जनजाति सचेतना कार्यक्रम

तानसेन नगरपालिका वडा नं ३ को आर्थिक सहयोग तथा दलित जनजातिको आयोजनामा दलित जनजाति सचेतना तथा सशक्तीकरण सम्वन्धी २ दिने तालिम सम्पन्न भएको छ । तालिममा दलित र जनजाति आदिबासीहरूको इतिहास, जातीय भेदभाव तथा छुवाछूतको शुरुवात, सशक्तीकरण भनेको के हो ? लक्षित बर्ग भनेको को को हुन् ? २०७२ को संबिधानमा दलित र जनजातिका हक अधिकार, मौलिक हक अधिकार, भेदभाव तथा छुवाछूत गर्नेलाई राज्यद्वारा जारी गरिएका कानूनी प्रावधान, लागू औषधि सेवन र त्यसका असरका बारेमा ठाकुर प्रसाद लोहागुन, दोलखबहादुर रास्कोटी, तीर्थप्रसाद गौतम र जिल्ला प्रहरी कार्यालयका अनुप अर्याल र मुकेश यादवले सहजीकरण गर्नु भयो । समापन कार्यक्रमका मूलपाहुना तानसेन नगरपालिकाका नगर प्रमुख अशोककुमार शाहीले अधिकारका बिषयहरु संबिधानमा उल्लेख गरेर मात्र परिवर्तन सम्भव छैन त्यसलाई व्यवहारमा उतार्नुपर्दछ अर्थात व्यवहारमै देखाउन सक्नु पर्छ भन्नु भयो । तानसेन-३ का वडा अध्यक्ष महेशलाल शाक्य, सहजकर्ता ठाकुरप्रसाद लोहागुन, जनजाति सहभागीको तर्फबाट थानीमया सोमै, दलितका तर्फबाट तुलसा रणपालले तालिमका बारेमा बोल्नु भयो । जनजाति र दलित गरी करीब ८० जना सहभागी रहेको तालिम सञ्चालन समितिका सचिब बिनोद बुढापृथीले बताउनु भयो भने समितिका अध्यक्ष लालमनि अदइ पुनको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

•

## स्थानीय सञ्चार माध्यमसँग नगरप्रमुख

तानसेन, समसामयिक सवालमा स्थानीय सञ्चार माध्यमसँग तानसेन नगर प्रमुख अशोककुमार शाहीले जेठ १६ गते छलफल गर्नुभयो । नगरपालिकाको पछिल्लो अवस्था, विविध गतिविधि, मिडियामा आएका कुराबारे छलफल भएको थियो । नगर प्रमुखले संघीय सरकारले स्थानीय तहको बजेट कटौती गरेकोमा दुःख व्यक्त गर्नुभयो । नगरप्रमुख शाहीले वजेट तर्जुमाको बेलामा सञ्चार माध्यमले दिएका सुझाव उपयोगी हुने बताउनुभयो । शाहीले चालु आ.व. २०७४/७५ मा शुरूमा ऐन कानूनको अभाव, चरणबद्ध निर्वाचन र अन्य कारणले अपेक्षा गरे जति काम हुन नसके पनि अरु स्थानीय तहको तुलनामा तानसेनको काम निराशाजनक नरहेको प्रष्ट पार्नुभयो । शाहीले ६५ किलो मिटर नयाँ सडक विस्तार, दलित अल्पसंख्यक १ हजार परिवारको निःशुल्क स्वास्थ्य बिमा अभियान, जेष्ठ नागरिकको स्वास्थ्य बिमा शुरु, त्रैमासिक बुलेटिन **हाम्रो तानसेन** प्रकाशन आरम्भलगायत सम्पन्न कामबारे मिडियाको ध्यानाकर्षण गराउनुभयो । नगरप्रमुख शाहीले भन्नुभयो– "व्यक्तिगत चरित्र हत्या नगर्नुहोस् तर कमीकमजोरी औल्याउनुहोस्, गल्ती भेटे भन्नुहोस् तत्काल दोषीलाई कारवाही गर्छु ।" पत्रकारहरूले नगरपालिकाले आर्थिक पारदर्शितामा जोड दिन, स्थानीय सञ्चारमाध्यमलाई दिइने सहयोग बढाउन, सेवा सहज बनाउन नगरप्रमुखको ध्यानाकर्षण गराउनुभयो । पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, वरिष्ठ पत्रकार

मेघराज शर्मा, महासंघ पाल्पाका पूर्व अध्यक्षद्वय झपेन्द्र गहिरे र भगवान भण्डारीलगायत स्थानीय सञ्चार माध्यमका सम्पादक र स्टेशन प्रमुखहरूले नगरपालिकाको गतिविधि र विविध विषयमा राखेका जिज्ञासाबारे नगरप्रमुखले प्रष्ट पार्नुभयो । कार्यक्रम सञ्चालन प्रेस सल्लाहकार गोविन्द भट्टराईले र स्वागत उपप्रमुख लक्ष्मीदेवी पाठकले गर्नुभयो । भर्खरै आएका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेल, तानसेन नगरपालिकाका प्रवक्ता दामोदर घिमिरे र शाखा प्रमुखहरु समेत कार्यक्रममा उपस्थित हुनुभयो । यसैबीच मिडियामा आएका कुराबारे ध्यानाकर्षण भएको भन्दै नगरप्रमुख शाहीले जेठ १६ गते बिहान एक विज्ञप्ति जारी गर्नुभयो । विज्ञप्तिको पूर्ण पाठ यस्तो छ– "पछिल्ला दिनमा केही मिडियामा तानसेन नगरपालिका र नगरप्रमुखको व्यक्तिगत प्रतिष्ठासँग जोडेर प्रकाशित प्रशारित सामग्रीप्रति हाम्रो ध्यानकर्षण भएको छ । हाल कुनै शिक्षण संस्थाको व्यवस्थापन समितिमा संलग्न नरहेको अवस्थामा अतिरञ्जितढंगले नाम जोड्नु, तानसेन नगरपालिकाका सम्पन्न गतिविधिबारे बेवास्ता गर्दै सामान्य त्रुटीलाई अक्षम्य गल्तीको रूपमा प्रस्तुत गर्नु पत्रकारिताको आदर्श, मूल्यमान्यता र पत्रकार आचारसंहिताभित्र पर्छ पर्दैन सम्वन्धित संघसंस्था र सञ्चारकर्मीले स्वमूल्याङ्कन गर्नु उचित होला । पत्रकारले जे पनि लेख्न, बोल्न हुन्छ भन्ने कुरा कुन ऐन, कानूनमा उल्लेख छ वा मनगढन्त कुरा गर्नु प्रेस स्वतन्त्रता हो ? हामीलाई थाहा भएन । हामी विनम्रतापूर्वक आग्रह गर्दछौं कि सामग्री प्रकाशन प्रशारणपूर्व सम्वन्धित सवालमा सरोकारवाला पक्षसँग सत्यतथ्यबारे सोधपुछ गर्नुहोस अर्थात सत्यता जाँच्नुहोस । कमीकमजोरी औंल्याएर हामीलाई सुधारिन सहयोग गर्नुहोस् साथै सञ्चारमाध्यमको विश्वसनियता अभिबृद्धि गर्नुहोस् तर नियतपूर्वक कसैप्रति लाञ्छना लगाउने, मानवअधिकार हनन हुने गरेर सतही आरोप प्रत्यारोपमा नउत्रनुहोस् ।

तानसेन नगरपालिकाले गरेका कामबारे यथार्थ विवरण प्रकाशनका लागि अनुरोध गर्दछौं, हामीबाट भएका त्रुटीबारे औंल्याएर रचनात्मक सहयोग गर्नुहोस् । तानसेनको विकासका लागि प्रेसजगतबाट भएका रचनात्मक सहयोगको कदर गर्दै पत्रकारिताको विकासका लागि तानसेन नगरपालिकाले संस्थागत र सञ्चारमाध्यम मार्फत सहयोग गरिआएको तथ्य अवगत गराउँदछौं ।

अन्त्यमा, नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपाललाई समेत पत्रकारिताको पेसागत मर्यादा कायम राख्ने कुरामा सहयोग गर्न तानसेन सरकारको तर्फबाट ध्यानाकर्षण गराउँदछौं ।"

•

## तानसेन नगरपालिकाद्वारा शैक्षिक प्रोत्साहन

गुणस्तरीय शिक्षाका लागि प्रोत्सहन गर्दै शैक्षिक गतिविधिहरूलाई अगाडि बढाउने उद्देश्यले तानसेन नगरपालिकाले सामुदायिक र संस्थागत तर्फबाट उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान दिने भएको छ ।

जेठ ११ गते सम्पन्न तानसेन नगरपालिकाको शिक्षा समितिको बैठकले छनौटका विधिन्न चरण पार गर्दै अघि बढेका विद्यालयमध्ये सामुदायिक तर्फ २ र संस्थागततर्फ १ लाई यसपटक उत्कृष्ट विद्यालय प्रोत्साहनका लागि छनौट गरेको हो । सामुदायिक तर्फ लक्ष्मी मावि तानसेन-५ र भुसलडाँडा मावि तानसेन-१ तथा संस्थागततर्फ सेन्ट कपितानियो मावि छनौट भइ विद्यालय प्रोत्साहन अनुदान वापत प्रति विद्यालय २ लाख प्राप्त गरेका छन् । नगर शिक्षा समितिले नगरका सम्पूर्ण विद्यालयलाई छनौट प्रक्रियामा सामेल गराएको थियो ।

•

## फोहर व्यवस्थापनबारे प्रदर्शन र जानकारी

तानसेन नगरपालिकाले कुहिने फोहर व्यवस्थापनबारे नगरबासीलाई सचेत तुल्याउन तथा सीप विकासमा सघाउन टुँडिखेलमा फोहर व्यवस्थापन प्रदर्शन गरेको थियो । बैशाख १९ देखि सुरु भएको प्रदर्शनी जेठ १९ सम्म चलेको सरसफाइ शाखा प्रमुख शंकर भण्डारीले बताउनुभयो । यसैबीच बैशाख २५ गते पत्रकार भेटघाट मार्फत् कुहिने फोहर प्रदर्शनबारे जानकारी गराइएको थियो । नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता, उपप्रमुख लक्ष्मीदेवी पाठकको स्वागत र सरसफाइ शाखा प्रमुख भण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

•

## अब तानसेन पाँचौं पर्यटकीय गन्तव्यस्थल बन्दै

पाल्पा, पाल्पाली पत्रकारहरूसँगको भेटमा नगरप्रमुख अशोकुकमार शाहीले नगरबासी र कर्मचारीको साथ र सहयोगमा आगामी चार वर्षभित्र तानसेन नगरपालिकालाई आन्तरिक पर्यटनका लागि नेपालको मुख्य पाँचौ गन्तव्यस्थल बनाउने ढंगले काम गर्ने बताउनुभयो । आर्थिक वर्ष २०७५/७६ का लागि तानसेन नगरपालिकाको तेस्रो नगरसभाद्वारा पारित नीति, बजेट तथा कार्यक्रमको सार्वजनिकीकरणका लागि आयोजित पत्रकार सम्मेलनमा बाह्य पर्यटकका लागि तानसेनलाई मुख्य १० स्थानको सूचीमा पुऱ्याउने योजनासहित निर्माण कार्य अघि बढाएको शाहीले बताउनुभयो । तानसेन नगरपालिकाका प्रमुख शाहीले शिक्षा, खेलकुद, मनोरञ्जन, स्वास्थ्य र धार्मिक क्षेत्रमा आधारित पर्यटन विकासका लागि साझेदारी अवधारणामा कम्तीमा रू ५ अर्ब लगानी भित्र्याउने लक्ष्य रहेको बताउनुभयो । पर्यटन क्षेत्रको विकासका लागि चीनको कोरला नाकादेखि नवलपुर जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी

करिडोरको आयोजना तथा छेर्लुङ- तानसेन खण्डलाई सिद्धार्थ रार्जमार्गमा जोडी तानसेन- सुनौली डेडिकेटेड फास्टट्रयाक निर्माण गरी सञ्चालन गर्ने तानसेन नगरपालिकाको नीति, बजेट तथा कार्यक्रममा समावेश गरेको शाहीले प्रष्ट पार्नुभयो । आगामी ४ वर्षभित्रमा रिडी- रानीघाट एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम सञ्चालनमा ल्याउने, तानसेन- १० गुफाचौरमा मुलुककै ठूलो गणेशधाम स्थापना गरी कम्तीमा वार्षिक १० हजार धार्मिक पर्यटक भित्र् याउने लक्ष्यका साथ काम अघि बढाउने गरी योजना निर्माण गरिएको प्रमुख शाहीले बताउनुभयो । तानसेन नगरपालिकाले नगरक्षेत्रभित्र रहेका धार्मिक, पर्यटकीयस्थल, तालतलैया र सीमसार क्षेत्रको विकासका लागि गुरूयोजना तयारी गरी सोका आधारमा योजना कार्यान्वयन गर्ने प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले बताउनुभयो । तानसेन नगरपालिकाको नीति, बजेट तथा कार्यक्रममा आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न विभिन्न पंवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, हृषिकेश, रतनपाडे, साधनास्थल, लिपिनदेवी, भगवती मन्दिर, अमरनारायण मन्दिर, वंशगोपाल कोकलदेवी, माण्डण्य आश्रम र गुफाचौरलगायत क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि प्राथमिकताका साथ योजना अगाडि बढाएको छ । तानसेन नगरपालिकाका प्रशासकीय अधिकृत पौडेलले आव २०७५/७६ का लागि रू ८० करोड १३ लाख १० हजार बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । तीमध्ये चालूतर्फ रू ४७ करोड ५९ लाख र पूँजीगतर्फत रू ३२ करोड ५३ लाख रहेको छ । कार्यक्रम सञ्चालन बरिष्ठ अधिकृत दुर्गा थापाले गर्नुभएको थियो ।

•

## प्रविधि उन्मुख तानसेन नगरपालिका



*प्रकाश गैरे*

तानसेन नगरपालिकामा सूचना प्रविधि शाखा अन्तर्गत आ.व २०७४/७५ मा विभिन्न कामहरू सम्पन्न भएका छन् । नगर पालिका कार्यालयमा सिसिटिभी क्यामेरा जडान गरेपछि सबै शाखाबाट सहजरूपमा सेवा प्रवाह सहज भएको छ । साथै नागरि कका गुनासा तत्कालै सम्बोधन गर्न सहयोग पुगेको छ । कार्यालय भित्र इन्टरकम सेवा सुचारू भएयछि खोजेको कर्मचारीलाई भेट्न सजिलो भएको छ ।

नगरपालिकाले प्रदान गर्ने, सुविधाबारे डिजिटल वडापत्र मार्फत सूचीत गर्ने काम भएको छ । मास एसएमएस (Bulk SMS ) सेवा सुचारू भएको छ । नगरपालिकाले सहज रूपमा सूचना प्रवाहका लागि सहज माध्यम बन्न पुगेको छ मास एसएमएस सेवा ।

नगरपालिकामा रहेका १४ वडा कार्यालयमा इन्टरनेट सेवा सुचारू गर्ने काम भएको छ । अब वडा कार्यालयबाटै सम्पत्तिकर, घटना दर्ता लगायतका अनलाइन सेवा शुरू भएको छ । निकट भविष्यमै मोबाइल एप्स प्रयोगमा ल्याउने अडियो नोटिस बोर्ड सुचारू गर्ने गरी काम भएको छ ।

तानसेन नगरपालिकाले अनलाइनबाट सेवा प्रवाह गर्ने तथा सूचना वोर्ड सञ्चालनमा ल्याउने भएपछि नागरिकलाई सेवा प्राप्त गर्न सहज हुने विश्वास गरिएको छ । वेव साइट अद्यावधिक गरिएको छ ।

(सूचना प्रविधि अधिकृत)

•

## तानसेनमा उद्योग व्यवसायको अवस्था

आर्थिक वर्ष २०७४/७५ मा दर्ता भएको र नवीकरण गरिएका उद्योगहरूको संख्या हेर्दा सन्तोष गर्ने अवस्था छैन । यस अवधिमा उत्पादनमूलक उद्योग १९ दर्ता भएका छन् । जसमा १२ निजी लघु उद्योग हुन भने ७ वटा प्राइभेट फर्म हुन । उत्पादनमूलक तर्फ २१ नवीकरण, ३ वटा पुँजी बृद्धि, १ ले नामसारी र १ ले नाम परिवर्तन गरेको पाइन्छ । कृषि तथा वनजन्य उद्योगतर्फ निजी लघु उद्योग १७ दर्ता भएका छन् भने ३ वटा नवीकरण भएको छ र १ ले नाम परिवर्तन गरेको छ । पर्यटनजन्य उद्योग तर्फ निजी ३८ र प्राइभेट फर्म २ वटा दर्ता, ३३ नवीकरण, १ ले पुँजी बृद्धि, १ ले नामसारी, २ ले ठाउँसारी गरेको अवस्था छ । सेवामूलक उद्योगतर्फ निजी लघु उद्योग १४, साझेदारी फर्म १, साना उद्योग २, दर्ता भएको छ । नवीकरण ४२ वटाले गरेका छन् । पुँजीबृद्धि २ ले, नामसारी ४ ले र नाम परिवर्तन १ वटा उद्योगले गरेको अवस्था छ । समग्रमा तानसेन नगरपालिका भित्र साना तथा घरेलु ९३ उद्योग आव ०७४/०७५ मा दर्ता भएका छन् ९९ ले नवीकरण गरेका छन् । त्यस्तै ६ उद्योगले पुँजीबृद्धि, ६ ले नामसारी, २ ले ठाउँसारी र ३ ले नाम परिवर्तन गरेको अवस्था छ ।

वाणिज्य तर्फ १ सय ३७ फर्म दर्ता, १ सय ८७ नवीकरण, ६५ ले पुँजीबृद्धि, ३ ले नामसारी, ७ ले ठाँउसारी र ३५ फर्मले लगतकट्टा गरेको अवस्था छ ।

साना तथा घरेलु उद्योगलाई टिकाउन तानसेन नगर पालिकाले पहल गर्ने नगरप्रमुख अशोककुमार शाहीले बताउनु भएको छ ।

(उद्योग अधिकृत बालकृष्ण गैरेको सहयोगमा)

•

# यी हुन तानसेनले तत्काल गर्नु पर्ने काम

स्थानीय सरकारको अवधारणा अवलम्बन गर्दै अव तानसेन नगरपालिकाले विकास निर्माणका काममा दृढ भएर लाग्नु पर्ने प्रतिक्रिया प्राप्त भएका छन् । तानसेन विकासका लागि तत्काल गर्नु पर्ने कामका बारेमा विभिन्न व्यक्तित्वको प्रतिक्रिया यस प्रकार रहेको छ -



*रामचन्द्र नेपाल*

पत्रकार तथा गैर आवासीय नेपाली संघ मलेसियाका सदस्य रामचन्द्र नेपाल भन्नुहुन्छ - श्रीनगरलाई १०-२० वर्षका लागि लिजमा दिएर हुन्छ वा आफै गर्न सकिन्छ जसरी हुन्छ पर्यटक मैत्री क्षेत्रको रूपमा विकास गर्नुपर्छ । बिहे व्रतबन्धका लागि मन्दिर, पार्टी प्यालेस, विश्राम स्थल बनाउन सकिन्छ । नगर सरसफाइमा नागरिक सचेतना र सहभागिता अभिबृद्धि गर्दै फोहरलाई मोहरमा परिणत गर्ने अन्यथा फोहर गर्नेलाई नै व्यवस्थापन समेत गर्न लगाउनु पर्छ । अनुमति विनाको प्रचार प्रसार सामाग्री राखेर नगर कुरूप बनाउनेलाई कारवाही गर्नुपर्छ । त्यसका लागि नगर प्रहरी खटाउनु पर्छ । शीतलपाटी, श्रीनगर क्षेत्रमा तत्काल सार्वजनिक शौचालय बनाउनु पर्‍यो ।'



*कर्णबहादुर कार्की*

प्रेस स्वतन्त्रता सेनानी तथा रोज रिशोर्टका प्रोपाइटर कर्णबहादुर कार्की भन्नु हुन्छ - पहिलो कुरा सरसफाइमा ध्यान दिनुपर्छ । ठाउँठाउँमा शौचालय चाहियो । भुस्याहा कुकुर नियन्त्रण गर्नु पर्‍यो । श्रीनगर र प्रभास श्रेत्रलाई स्वायत्त संख्या मार्फत (बुटवल, हेटौडा जस्तै) व्यवस्थापन र सञ्चालन गर्ने योजना अगाडि सार्नु पर्‍यो । मुख्य नगरक्षेत्र (जस्तै हुलाकदेखि शीतलपाटी) सवारी साधन रहित बनाउने र शीतलपाटी सेरोफेरोको सडक चौडा बनाउनु पर्छ । अर्गानिक सिटी बनाउनु पर्छ । आँटेको काम गर्न कर्मचारी हेरफेर गर्न खुट्टा कमाएर हुँदैन ।'



*ओमबहादुर धर्तीमगर*

तिनाउ गाउँपालिका पाल्पाका अध्यक्ष ओमबहादुर धर्तीमगर भन्नु हुन्छ -' बसपार्क साँघुरो भयो व्यवस्थित गर्नुपर्छ अर्थात उपयुक्त ठाउँमा नयाँ बसपार्क बनाउनु पर्छ । बजार क्षेत्रबाट मोटर ग्यारेज हटाएर नगर छेउ कतै व्यवस्थित गर्नु पर्छ । श्रीनगर डाँडालाई व्यवस्थित गर्नुपर्छ । रानीघाट (रानी महल) दरवारभित्र राणाकालीन सामाग्री, सूचनापाटी राख्ने बरू निश्चित शुल्क सहित टिकट व्यवस्था गर्नुपर्छ । तानसेनमा कहाँ समय बिताउने भन्ने अन्यौल रहनु हुन्न । नगरपालिकालाई नगरवासीले समेत सघाएर यी काम गर्नु पर्छ ।



*मेघराज पौडेल*

जनता विद्यालय तानसेनका प्रधानाध्यापक मेघराज पौडेल भन्नु हुन्छ -'श्रीनगरका माथिल्लो निश्चित भाग सम्मो बनाएर (श्रीनगरको टुँडिखेल विस्तार गर्ने) छेउछाउमा फूल रोप्ने, छानोभन्दा होचा (Cottage under the roof) कटेज बनाउन सकिन्छ । नगर सफा राख्न नागरिक सचेतना बिस्तार गर्नुपर्छ ।'



*नारायणप्रसाद शर्मा*

पद्य पब्लिक विद्यालय तानसेनका प्रधानाध्यापक नारायणप्रसाद शर्मा भन्नु हुन्छ -'श्रीनगरको एक छेउमा बालबालिकाका लागि उपयोगी चिडियाखाना, पिकनिक स्पट, बाल उद्यान बनाउन सकिन्छ । बुद्धको ध्यानयुक्त शालिक राखेर ध्यानकेन्द्र बनाउन सकिन्छ । टुँडिखेलमा प्रवेशद्वार राखेर चारैतिर तारबार गर्नुपर्छ, सवारी साधन राख्ने र चनाचटपटे विक्री गर्ने ठाउँ बनाउनु हुन्न । दुवो रोप्नु पर्छ । नगर सूचना तथा पर्यटक सहयोग केन्द्र वर्तुङ्गमा स्थापना गर्नु उचित हुन्छ ।'



*महेन्द्र खाती*

तानसेनका युवा व्यवसायी महेन्द्र खाती भन्नुहुन्छ -'श्रीनगर डाँडालाई ३ वर्षे गुरुयोजना बनाएर अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पर्यटक केन्द्र बनाउन लाग्नु पर्छ बरू १०-२० करोड खर्च गर्नु परे पनि आँट गर्नुपर्छ । प्रदेश नं ५ को शैक्षिक केन्द्र बनाउन पहल गर्नुपर्छ । यति गरे कमसेकम घरभाडामा जान्छ तानसेनको । बसपार्क तानसेन सेरोफेरोमा बनाउनुपर्छ । मखनटोल, मिसन अस्पताल सेरोफेरो, हुलाकचोक, सरकारी अस्पताल, बतासेडाँडा, श्रीनगर भित्र ठाउँठाउँमा सार्वजनिक शौचालय बनाउनु पर्छ ।'



*जीवनप्रकाश नेपाल*

नेपाल शिक्षक परिषदका अध्यक्ष जीवनप्रकाश नेपाल भन्नु हुन्छ - 'पानी सडकमा झर्ने गरी घर बनाउनेलाई सचेत गराएर छतको पानी व्यवस्थापन गर्ने, टेर्दैनन भने कारवाही गर्नुपर्छ नत्र वर्षिनी सडक मर्मत गर्नुको

अर्थ छैन । निर्माण सामाग्री कति दिन राख्ने सडकमा ? टुंगो हुनुपर्छ । सार्वजनिक जग्गा मिच्ने, नक्सा विपरित घर बनाउनेलाई कारवाही गर्ने आँट गर्नुपर्छ । सडकपेटीमा सामान राख्नेलाई किन छुट दिएको हो ? नगर प्रहरीको काम के हो ? नगरवासीको गुनासो कर्मचारीबाटै लिक गराएर बोलचाल बन्द गराउने प्रवृत्ति रहेसम्म नगरप्रमुखको सपनाले मूर्तरूप लिन मुस्किल हुन्छ । नगर सफा राख्ने दायित्व हामी नगरवासीको पनि हो ।'


*भगवान भण्डारी*


नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष भगवान भण्डारी भन्नुहुन्छ – "डोजर आफै किन बाहिर पैसा नतिर । नगर सफा राख्नुपर्छ, ठाउँठाउँमा शौचालय निर्माण गरिनुपर्छ । डम्पिङसाइट पुन सञ्चालन गर्ने स्थानीय सरोकारवालासँग छलफल गर्ने र सहमतिमा नआएमा अब साइत नकुर्ने बरू विकल्प खोजेर फोहर व्यवस्थापन गर्ने मेयर साहेबले नै पहल गर्नु पर्छ । रानीमहल, गुफाचौर, श्रीनगर, हृषिकेश क्षेत्र लगायत ऐतिहासिक पर्यटकीय महत्वका क्षेत्रहरूको संरक्षण र पर्यटकीय विकासका लागि आवश्यक काम तत्काल थाल्नुपर्छ । कर्मचारी हुँदा भन्दा जनप्रतिनिधि आएर सुधार भयो भन्ने गरी कम गर्नु पर्छ बरू आन्तरिक कर्मचारी व्यवस्थापन हेरफेर गर्दा के विग्रन्छ र ? काम गर्नेलाई प्रोत्साहन गर्ने ठग्नेलाई निरूत्साहित गर्न पछि पर्नु हुँदैन ।"


*नरेश भट्टराई*

बुद्धिजीवी नरेश भट्टराई भन्नु हुन्छ – "टुँडिखेलमा सवारी पार्क गर्न दिनु हुन्न, बसपार्क व्यवस्थापन अर्थात नयाँ निर्माण गर्नुपर्छ । सडकमा निर्माण सामाग्री लामो समय राख्नु हुन्न । सडक मर्मत सम्भार तत्काल गर्नु पर्छ । यो काम गर्न आर्थिक वर्षको समाप्त हुने बेला कुर्नु पर्दैन । श्रीनगरमा पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने जस्तैः उत्तरतर्फ सानो चिडियाखाना बनाउने, बीचमा पिकनिक स्थल बनाउने, दक्षिणतर्फ तानसेनबाट हेर्दा देखिने चारै मौसममा फुल्ने खालका फूल रोप्न सकिन्छ । श्रीनगर र रानीघाट क्षेत्र व्यवस्थापनमा ढिलाइ गर्नु हुँदैन ।'


*नारायणप्रसाद कोइराला*

साविक गाउँ विकास समिति महासंघका अध्यक्ष नारायणप्रसाद कोइराला भन्नु हुन्छ –"ठाउँठाउँमा आवश्यकता अनुसार शौचालय बनाउने नियमित सरसफाइ गर्ने जसरी हुन्छ शहर सफा देखिनुपर्छ । ल्यण्डफिल साइट सुचारू गर्नुपर्छ । वाइपास सुचारू गर्नुपर्छ । बसपार्क निर्माण गरेर सवारी पार्किङ व्यवस्थित गर्नुपर्छ । प्राकृतिक, सांस्कृतिक ऐतिहासिक सम्पदा (पुराना घर, मौलिक संरचना) को संरक्षण गर्नुपर्छ । पहिलो वर्ष सबैको अलमलमै वित्यो अब योजनाबद्ध ढंगले काम गर्नुपर्छ । अर्गानिक उत्पादन खान तानसेन जानुपर्छ भन्ने सन्देश दिनेगरी काम गरौं । बुद्धिजीवी, उद्यमी तानसेनबाट पलायन हुन दिनु भएन । आन्तरिक स्रोत बृद्धिका लागि राजश्व संकलन, घरदैलो कार्यक्रम गर्न सकिन्छ ।'


*माधव अर्याल*

कान्तिपुर दैनिकका उपसम्पादक माधव अर्याल भन्नुहुन्छ –"तानसेन नगरपालिकाले नागरिकको मन जित्न तत्काल देखिने गरी केही काम गर्नै पर्दछ, अव कुरामात्र गरेर उम्कन मिल्दैन । फोहर व्यवस्थापनको कुरो होइन काम देखिनु पर्छ । डुम्रेदेखि नगरक्षेत्र भित्र नियमित सरसफाइलाई ध्यान दिनु पऱ्यो । नगर क्षेत्र भित्र सडक मर्मत सम्भार तत्काल गर्नु पर्दछ । गोर्खेकोट देखि ढुंगाखानी, बर्तुङ देखि बतासे क्षेत्रसम्म खाल्टाखुल्टी पुर्ने काममा चासो लिनु पर्छ । पर्यटकीय नगर भनेपछि त्यही अनुसार पूर्वाधार बनाउनु पर्छ । दरवारक्षेत्र, नारायण मन्दिर सेरोफेरो, श्रीनगर, रानीघाट क्षेत्रको निर्माण, सरसफाइको कामलाई प्राथमिकता दिनु पऱ्यो । टुँडिखेललाई पार्किङस्थल बनाउनु हुन्न । नगरपालिकाले गर्न सक्ने अर्को काम सरकारी अस्पतालको स्तरबृद्धि, अर्थात सेवामा सुधार हो । मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेज, सरकारी अस्पतालका प्रतिनिधि र सरोकारवालाहरू राखेर बिमा, स्वास्थ्य सेवा र निःशुल्क औषधि वितरण वारे अर्न्तक्रिया नगरपालिकाले गर्न सक्छ । सरकारले भने अनुसार निःशुल्क औषधि र सेवा सहज रूपले पाइयो भने तानसेनबासीले नगरपालिकालाई धन्यवाद दिनेछन् ।'


*विष्णुप्रसाद ढकाल*


तत्कालीन (कुरा गर्दाताका) पाल्पाका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकाल भन्नु हुन्छ –"तानसेनमा नियमित सरसफाइलाई जोड दिदै ल्यण्डफिल्ड साइट सञ्चालनको काम शीघ्र गर्नुपर्दछ । बनेका सडक सुधार, मर्मत गर्नु पर्दछ । अतिक्रमण गरेर बनाइएका घर टहरा हटाउनु पर्छ । नक्सा विपरितका संरचना नियमन गर्नु पर्छ । ट्राफिक व्यवस्थापन चुस्त बनाउनु पर्दछ । बसपार्कको विकल्प खोज्दै टुँडिखेलबाट सवारी र ठेलावाला हटाउनु पर्छ । पर्यटकीय क्षेत्रमा सूचनामूलक बोर्ड, सूचनापाटी राख्नु पर्छ । रानीघाट, श्रीनगर, गुफाचौर, बतासे, हृषिकेष क्षेत्रको व्यवस्थापन गरिनु पर्दछ । पिउने पानीको सहज आपूर्ति, निश्चित ठाउँमा शौचालय हुनुपर्छ । दरवार परिसर, शीतलपाटी क्षेत्र व्यवस्थापन, बसपार्क र श्रीनगरका आवश्यक संरचना निर्माण गर्दै फोहरमैला व्यवस्थापन ऐन अनुसार फोहर गर्नेलाई कारवाही गर्नु पर्छ । प्रभासताल, रानीमहल, अर्गलीस्थित जुद्ध शमशेरको दरवारक्षेत्रको जग्गा अधिग्रहण व्यवस्थापन गर्नुपर्छ ।

प्रस्तुति : गोविन्द भट्टराई

•

# वडा गतिविधि

## तानसेन नगरपालिका १ नं.वडाका काम



*रामप्रसाद वस्याल*

तानसेन नगरपालिकाको साविकको वडा नं. १० र साविकको वराङ्दी गा.वि.स.को वडा नं.२ र ६ मिलेर हाल वडा नं. १ बनेको छ । केही क्षेत्र शहरी र अधिकांश क्षेत्र ग्रामीण इलाका रहेको यस वडाको केन्द्र भुसलडाँडामा रहेको छ । यस वडाको प्रमुख चिनारीको रूपमा मिसन अस्पताल रहेको छ ।

आ.व. २०७४/०७५ मा पूँजीगत तर्फ ७७ लाख पचासहजार बजेट प्राप्त भएकोमा वडा स्तरीय २९ वटा र नगरस्तरीय ६ वटा गरी ३५ वटा योजना भएकोमा ३४ वटा योजनाको निर्माण कार्य सम्पन्न भएको छ । सबै भन्दा ठूलो योजनाको रूपमा गोर्खेकोट देउरालीबाट उकालेपिपलहुँदै रानीमहल जोड्ने मोटरबाटो रू २० लाखमा विस्तार र नाली निर्माणको कार्य सम्पन्न भयो । जसबाट रानीमहल जाने यात्रीलाई वैकल्पिक बाटोको रूपमा प्रयोग गर्न र वराङ्दी क्षेत्रका जनतालाई तानसेन बजार तथा मिसन अस्पताल आउन सहज भएको छ ।

त्यसैगरी आँपटारी ढाप धारो मूल संरक्षण, बोकेपानी खानेपानी टंकी निर्माण, बाँझा खानेपानी योजना मर्मत, बराङ्दी गाहाको घर नजिकको पानी टंकी निर्माण, भुसलडाँडा मा.वि. टंकी निर्माण लगायतका खानेपानी सम्बन्धी योजना सम्पन्न भएका छन् । भुसलडाँडा मा.वि.मा टंकी निर्माणबाट त्यहाँ अध्ययनरत करीब ४०० बालबालिका लाभान्वित भएका छन् ।

लाली गुँरास चोकबाट पोल्धारा जाने बाटोको ग्रेड मिलाउने र माथिल्लो टोलको फोहोर व्यवस्थापन, आँपटारी टोल विकास सस्थाको मोटरबाटोको खोल्सो संरक्षणको लागि तारजाली र पर्खाल निर्माण, लालीगुराँस चोकदेखि माथि गैरागाउँ सुन्दरचोक ढल मर्मत सम्बन्धी कार्य सम्पन्न गरी शहरी क्षेत्रमा सरसफाइलाई प्रवर्द्धन गर्ने कार्य गरियो ।


यो वडामा धेरै क्षेत्र ग्रामीण भेगमा पर्ने भएकोले सबैभन्दा बढी मोटरबाटो निर्माणका १४ वटा योजनामा बजेट विजियोजन भएकोमा सबै योजना सम्पन्न भएका छन् । मोटरबाटो निर्माणमा कुल बजेटको ८० प्रतिशत खर्च भएको छ । यसबाट यस वडामा प्राप्त बजेट सामाजिक विकासमा भन्दा पनि पूर्वाधार निर्माणमा नै बढी खर्च भएको देखिन्छ ।

त्यसै गरी प्रगतिशील टोल विकास संस्थाको भवनको भूइँ प्लास्टर, आदर्श महिला समूह भवन मर्मत, जागृति सुनगाभा महिला समूहको भवन निर्माणका लागि बजेट विनियोजन गरी मर्मत कार्य सम्पन्न भएको छ । जसबाट महिला समूहहरूको नियमित बैठक बस्न सहज भएको छ । महिला विकास लक्षित एकहप्ते चुरा बनाउने तथा जुत्ता बनाउने तालिम सम्पन्न भएको छ । उक्त तालिमबाट महिलाहरू उद्यमी हुने संभावना बढेर गएको छ ।

साथै यस वडाका वराङ्दी नारायणडाँडा, खरिपानी तथा हातेमालो टोल लगायतका टोलमा पुराना काठका पोल विस्थापन गरी नयाँ फलामका पोल गाड्ने कार्य गरिएको छ । यस वडाका ३६ दलित घरपरिवारको सामाजिक स्वास्थ्य बिमा गर्ने कार्य सम्पन्न गरिएको छ साथै वडाका विभिन्न स्थानमा आवश्यकतानुसार बिजुलीका चिम राख्ने काम गरिएको छ । सीमित स्रोत साधनका बावजुद पनि हामीले नगरबासीका समस्याहरू सम्बोधन गर्ने प्रयास गरेका छौ । समयमा काम शुरू गर्नुपर्छ, नगरवासी, कर्मचारी समेतको भूमिका महत्वपूर्ण हुन्छ भन्ने सिकाइ हासिल गरेका छौं ।

(वडाअध्यक्ष, तानसेन-१)

## तानसेन २ ले सम्पन्न गरेका काम



*वरूणप्रसाद रेग्मी*

तानसेन नगरपालिकाबाट विनियोजित रकम ८० प्रतिशत र जनसहभागितामा आर्थिक वर्ष २०७४/७५ मा विभिन्न योजना सम्पन्न भएका छन् । अब ०७४/७५ मा डाँडाधारा चाँदनी गाहाको घरदेखि टीकाबहादुर वुँचाको घर हुँदै वडा नं. १ र २ सिमाना

सम्म ढल सहितको ठाडो बाटो निर्माण सम्पन्न भएको छ । उक्त योजनाका लागि ४ लाख विनियोजन गरिएको थियो । पूर्ण गाहाको घरदेखि पुरानो मान्द्रे होटलको बाटो हुँदै उदयको घर सम्म बाटो मर्मत तथा नुनबहादुरको घरदेखि सूर्य श्रेष्ठको घर नजिक सम्मको ढल पाइपका लागि पाँच लाख विनियोजन गरिएको थियो । काम सम्पन्न भयो । बडिङ्घानटोल र नारायण टोलको भित्री बाटोहरूमा सोलार जडान ४ लाख ९० हजारमा सम्पन्न भएकोछ । धवल पुस्तकालय चोकदेखि रूद्रसरको घर हुँदै मोहन श्रेष्ठको घर निस्कने बाटो स्तरोन्नति गरी एम्बुलेन्स चल्न योग्य बनाउने योजनामा ५ लाख विनियोजन गरिएको थियो । धर्म चन्द्रको घर माथि बर्षा भेल/ढल रोकथामको लागि मंगाल एवंम् अधुरो बाटो २ लाखमा निर्माण सम्पन्न भएको छ । बडिङ्घान टोल भित्र रहेका विद्युतका पुराना भाँचिएका पोल फेर्ने एवं बत्ती व्यवस्थापनका लागि १ लाख २५ हजार बजेट विनियोजन गरे अनुसार काम सम्पन्न भयो । शिरूदाइको घर माथि भेल रोकथामका लागि मंगाल निर्माण गर्दा १ लाख २५ हजार लागेको छ । बडिङ्घानटोल, नारायणटोलका भित्री बाटोहरू भिन्तुना होटलदेखि हुलाकसम्मको बाटो मर्मतमा ६० हजार लागेको छ । समता स्कूलदेखि प्रेमगोदारको घर हुँदै खगीसराको घरसम्म ढल तथा बाटो मर्मत रू १ लाखमा सम्पन्न भएको छ ।

क्षेत्रगत योजनातर्फ बीउपुँजी अनुदानमा २५ हजार, अमरनारायण पोखरी तारबारमा १ लाख खर्च भएको छ । प्रविधि हस्तान्तरण अन्तर्गत आयमूलक तालिममा ४० हजार, दैवी प्रकोप उद्धार कोषमा ५० हजार र घुम्ती कोषमा ४० हजार लगानी भएको छ । खेलकुदतर्फ ब्याडमिन्टन कोर्ट निर्माणमा १ लाख २५ हजार खर्च भएको छ । हनुमान मन्दिर पार्कमा ५० हजारमा बाल उद्यान निर्माण गरिएको छ । स्वास्थ्यतर्फ १ लाख ५० हजार खर्च भएको छ । वडाका सम्पूर्ण मुहान संरक्षण एवंम् दुनधारा मर्मत र मूल संरक्षणमा १ लाख खर्च भएको छ । सरसफाइ तथा फोहरमैला व्यवस्थापनमा १ लाख, कृषि तथा पशु विकास व्यवस्थापनमा २५ हजार खर्च भएको छ । संस्कृति प्रवर्द्धन तर्फ २५ हजार, अमर नारायण फूलबारी, विष्णुपादुका तथा माथिको वन संरक्षणका लागि ८० हजार खर्च भएको छ । प्रवर्द्धनात्मक काम तर्फ ३० हजार, वडालाई हरियाली क्षेत्रको रूपमा विस्तार गर्न ३५ हजार खर्च भएको छ । यस्तै असहाय अशक्त बेवारिसे व्यक्तिको संरक्षण सहयोगमा २५ हजार खर्च भएको छ । हिमालदत्त श्रेष्ठको घरदेखि बुद्धिप्रसाद शर्माको घरसम्मको बाटो मर्मतमा १ लाख, देववाणी विद्यालय पछाडि चोकदेखि धवल पुस्तकालयको बाटो हुँदै कर कार्यालय जाने बाटो मर्मतमा १ लाख खर्च भएको छ ।

लक्षित योजना तर्फ महिला सीप विकास तथा आय आर्जन कार्यक्रम तर्फ १ लाख, बाल अधिकार तर्फ ५० हजार, बालबालिकाको खेलकुद विकास कार्यक्रममा ५० हजार खर्च भए अनुसार उपलब्धि हासिल भएको छ । १ लाख विनियोजित आदिवासी जनजातिको कार्यक्रमतर्फ १५ हजार मात्र खर्च भयो । जिल्ला आयुर्वेद कार्यालय पछाडिको महिला विकास कार्यालय हुँदै सेन स्कूल जाने बाटोमा १ लाख खर्च भएको छ । डाँडाधारास्थित् क्रियापुत्री पौवा मर्मतमा १ लाख खर्च भएको छ । मर्मत कोष र भैपरी आउने खर्चमा आव ०७४/७५ मा २ लाख विनियोजन भए अनुसार काम भएको छ । आव ०७४/७५ कुल जम्मा ५४ लाख रूपैयाँ बराबरको योजना वडा मार्फत सम्पादन भएको थियो ।

(वडाअध्यक्ष, तानसेन - २)

# तानसेन नगरपालिका वडा नं. ३ का काम



*महेशलाल शाक्य*

पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ३ को साविक ता.न.पा.वडा नं.५ टक्सार टोल, ६ वसन्तपुर टाल र ८ भगवती टोल मिलेर हालको वडा नं. ३ वनेको छ । यो वडा ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टीले महत्वपूर्ण क्षेत्र रहेको छ । यहाँ विभिन्न मठ मन्दिर, वौद्ध विहार, मस्जिद र ऐतिहासिक धरोहरहरू रहेका छन्। जसमा शीत्तलपाटिको मूल ढोका,गोलघर, भीमसेन मन्दिर, भगवती मन्दिर,महाचैत्य विहार श्रीनगरको गणेश मन्दिर, श्रीनगर, मस्जिद, चर्चहरू पनि यसै वडा भित्र पर्दछन्।

यस आ.व.०७४/७५ को नगर सभाबाट यस वडामा कुल बजेट रू ४५,००,०००। (अक्षरूपी पैतालीस लाख रूपैयाँ) बिनियोजन भएको थियो । त्यस मध्ये ठूला योजना, क्षेत्रगत योजना, साना योजना, लक्षित वर्गका कार्यक्रमहरू मध्ये महिला, वालवालिका, पिछडावर्गका कार्यक्रम, आदिवासि जनजाति र जेष्ठ नागरीकका कार्यक्रमहरू सञ्चालन भएका थिए। भैपरी मर्मत कोषबाट बाटो, ढल,सरसफाइ र विद्युत् सम्बन्धी कामहरू सञ्चालन भएका थिए।

## सम्पन्न भएका ठूला योजनाहरू

१. श्रीनगर जाने पुरानो ढुङ्गे बाटो सुनिता शर्माको घर देखि पशुपति शर्माको घर सम्मको बाटो निर्माणको लागि २ लाख र नगरबाट ५ लाख लगानी भएको थियो।

२. टक्सार टोल लोकमान शाक्यको घरदेखि भुयुमान लिगलको

घर सम्मको ढल निर्माणको लागि ५ लाख खर्च भयो ।

३. न्यू होराइजन स्कूल पछाडि देखि नगरपालिका सार्वजनिक शौचालय सम्मको बाटोमा कुल ३ लाख खर्च भयो ।

४. ता.न.पा. वडा नं. ३ को सौन्दर्यकरण १ लाख लगानी भयो।

५. वसन्तपुर भिरपानी हुँदै तम्घास रोड बाटो निर्माणका लागि ३ लाख खर्च भयो ।

६. शिवालय मन्दिर कुटी संरक्षणमा १ लाख लगानी भयो ।

७. जीवन कार्कीको घर देखि जमुनाको घर सम्मको बाटो निर्माणमा रू. २ लाख खर्च भयो ।

८. वसन्तपुरको वाटो मर्मतका लागि ३ लाख विनियोजन गरे मध्ये आंशिक काम भयो ।

## क्षेत्रगत योजना तर्फ

१. पद्म पब्लिक स्कूल गेट र पर्खाल मर्मत कार्यमा रू. १ लाख लगानी भयो ।

२. सन्तोष खनालको घर देखि सेन्ट कापितानियो जाने ठाडो बाटोमा रू. १ लाख खर्च भयो ।

३. जनता विद्यालयको खेल मैदान तारजाली बार लगाउन रू. १ लाख लगानी गरियो ।

## सरसफाइ कार्यक्रम तर्फ

१. विश्व मलेगोको घर निरको खोल्सा व्यवस्थापन रू. १ लाख १० हजार खर्च भयो ।

२. हरिप्रसाद श्रेष्ठको पर्खाल निरको ढल छोप्न रू. २ लाख लगानी गरियो ।

३. दया फोटो अगाडि मूल सडक भीमसेन मन्दिरसम्मको ढल तथा वसन्तपुरको ढल निर्माणमा रू. १ लाख मध्ये ४८ हजार खर्च भयो ।

४. लाफा सिलाइ देखि आँखा अस्पताल जाने बाटोमा १ लाख खर्च भयो ।

५. वसन्तपुर भित्री बाटो मर्मत सुधारमा रू. १ लाख खर्च भयो ।

६. वसन्तपुर जीम (स्वास्थ्य विकास कार्यक्रम) मा ५० हजार लगानी गरियो ।

७. बाल मन्दिरको टंकी निर्माणका लागि ५० हजार खर्च भयो ।

## साना योजना

१. तानसेन नगरपालिका ३ बसन्तपुर सामुदायिक तथा वडा भवन निर्माणमा १ लाख खर्च भयो ।

२. भगवतीटोल पुरानो पानी टंकी महिला भवन अधुरो निर्माण कार्य पूरा गर्दा १ लाख लगानी गरियो ।

३. महाचैत्य विहार टक्सार मर्मत सुधार तथा भौतिक व्यवस्थापन कार्य गर्न रू १ लाख खर्च भयो ।

## लक्षित वर्गको कार्यक्रम तर्फ

१. वाल अधिकार वालवालिकाको क्षमताविकास तथा उत्प्रेरणा जगाउने कार्यक्रम वसन्तपुरमा ४८ हजार ८ सय ५६ खर्च भयो ।

२. भुजेरी चिप्स तथा दालमोठ वनाउने तालिम कार्यक्रम (महिला लक्षित) वसन्तपुरमा ४८ हजार ८ सय ५६ खर्च भयो ।

३. सवै पिछडा वर्गको लागि क्षमता विकास कार्यक्रम वसन्तपुरमा ७२ हजार २ सय ८८ खर्च भयो ।

४. वालवलिकाको लागि विभिन्न खेलकुद प्रतियोगिता कार्यक्रम टक्सार टोलमा रू. ३२ हजार खर्च भयो ।

५. वालवालिकाको क्षमता विकास कार्यक्रम टक्सार टोलमा ३० हजार खर्च भयो ।

६. महिला सशक्तीकरण तथा सीपमूलक कार्यक्रमका लागि ६० हजार खर्च भयो ।

७. पिछडावर्गको लागि सीपमूलक तालिम सञ्चालन गर्न टक्सार टोलमा रू ४३ हजार खर्च भयो ।

८. एस.इ.इ. उतीर्ण विद्यार्थीहरूलाई सम्मान कार्यक्रम भगवती टोलमा रू. २८ हजार ५ सय खर्च भयो ।

९. वालवालिकाको लागि खेलकुद प्रतियोगिता भगवती टोलमा रू. २८ हजार ५ सय खर्च भयो ।

१०. सरसफाइ सचेतना कार्यक्रम भगवती टोलमा २८ हजार ५ सय खर्च भयो ।

११. महिला अधिकार सचेतना कार्यक्रम भगवती टोल२८ हजार ५ सय खर्च भयो ।

१२. पिछडा वर्ग लक्षित कार्यक्रम अन्तर्गत जेष्ठ नागरीक तथा स्वस्थ्य परीक्षण कार्यक्रम भगवती टोलमा ५१ हजार खर्च भयो ।


ठूला योजना मध्ये श्रीनगर जाने पुरानो ढुङ्गे बाटो सुनिता शर्माको घर देखि पशुपति शर्माको घर सम्मको बाटो धेरै वर्ष देखि नवनेको बाटो यस वर्ष सन्तोषजनक रूपमा सम्पन्न भएको छ । टक्सार टोलदेखि लोकमान शाक्यको घर देखि भुयुमान लिगलको घरसम्म ढल व्यवस्थापन योजना पनि धेरै बर्ष देखि खुल्ला रूपमा रहेर वातावरणलाई असर पुऱ्याएको थियो । यस वर्ष यो योजना पनि सम्पन्न भएको छ। क्षेत्रगत योजना , साना योजना तर्फ शिक्षा, स्वस्थ्य, ढल, वाटो, पर्यटन, मन्दिर विषयका योजनाहरू रहेका थिए। जसमा सवै जसो योजनाहरू सम्पन्न भएको छ। ठूला योजना मध्ये शीत्तलपाटी वरिपरि ग्रेनाइट विछ्याउने नगर स्तरीय योजनासँग म्यचिङ कार्यक्रम टेण्डर भएर पनि सम्पन्न हुन सकेन।

यसरी हेर्दा यस वर्षका धेरै योजनाहरू वजेट अनुसार सम्पन्न भएका छन् । साना तिना योजनाहरू वडाकै बजेटबाट भए पनि पूरा भएका छन् । विभिन्न लक्षित वर्गका कार्यक्रमहरू पनि सम्पन्न भएको छ। थोरै बजेट, कामदारको समस्या, उपभोक्तालाई

तालिमको कमी, समयमै योजना सम्झौता गरी काम गर्नमा ढिलाइ हुँदा आर्थिक वर्षको अन्त्यमा आएर काम गर्ने समस्या यस वडामा पनि रहयो । आगामी वर्ष यस विषयलाई सुधार्दै लैजानु पर्ने देखिएता पनि समग्रमा यस वर्षको काम सन्तोषजनक देखिन्छ ।

(वडाअध्यक्ष, तानसेन-३)

## यी काम सम्पन्न भए तानसेन-४ मा



*राजेन्द्रमुनी शाक्य*

तानसेन नगरपालिका वडा नं. ४ मा यस पटक १५ लाख र १० लाख बजेटका २ वटा वडा स्तरीय ठूला योजना निर्माण कार्य सम्पन्न भएका छन् । उक्त सडकमा पिसिसिको काम सम्पन्न भएको हो । पूर्णरत्न शाक्यको घर हुँदै तल ग्यारेजसम्म सडक तथा सिढी बनाउन १० लाख विनियोजन गरिएको थियो । पहिलो योजनाबाट १ सय ५० घरधुरी लाभान्वित भएका छन् भने दास्रोबाट ४ सय ५५ घरधुरी लाभान्वित भएको अवस्था छ । विगतमा फोहर फाल्ने सडकको रूपै फेरिएको छ ।


क्षेत्रगत योजनातर्फ प्रदेश ५ को एकमात्र कन्या विद्यालय मोहनकन्या विद्यालयलाई निर्माण कार्यका लागि १ लाख प्रदान गरिएको छ । ११ सय ५५ व्यक्ति लाभान्वित हुनेछन । गणेश मन्दिर र शिव मन्दिर मर्मतका लागि २ लाख खर्च गरियो । साइ मन्दिर अगाडि गौरीशंकर होटल झर्ने रेलिङ सहितको बाटोको लागि १ लाख ५० हजार र श्रीनगर फर्निचरको गल्ली हुँदै क्याम्पस झर्ने बाटोको लागि २ लाख बजेट विनियोजन गरी काम भएको छ ।

साना योजना तर्फ विशालबजारदेखि हिमालय बैंक निस्कने भित्री बाटो १ लाख २० हजारमा पिसिसि गरिएको छ । घरेलु तथा साना उद्योग कार्यालय, जीवन थापाको घर, पौडेल ढाका उद्योग हुँदै मुख्य सडक जोड्ने बाटो पिसिसिका लागि ५० हजार खर्च भयो । सूर्य बोहोराको घर अगाडिको बाटो पिसिसि गर्न १ लाख ३० हजार खर्च भएको छ । खेलकुदका लागि १ लाख र हाते व्याग सिलाइ तालिमका लागि १ लाख ५० हजार विनियोजन गरिएको थियो ।

यस पटक काम ढिला भएपनि आगामी वर्षदेखि समयमै काम शुरू र सम्पन्न गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनु जरूरी देख्दछु । योजना सम्पन्न गर्ने काममा वडावासीको साथ र सहयोगको समेत खाँचो पर्दछ । भएका कामवारे केही नभन्ने तर बिग्रेभत्केको सानो कुरालाई ठूलो सवाल बनाउनु भन्दा नगरपालिकाको ध्यानाकर्षण गराउने बानीको विकास गर्न सकिए तानसेनलाई राम्रो बनाउन मद्दत पुग्ने छ ।

(वडाअध्यक्ष, तानसेन - ४)

## तानसेन-५ मा सम्पन्न काम



*रामबहादुर रावल*

साबिक तानसेन नगरपालिका वडा नं. ७, १२, १३, तथा वराङ्दी गाविसको ३,४ र ५ मिलेर हालको वडा नं. ५ बनेको हो । यस वडामा विनियोजित ४५ लाख मध्ये सम्पूर्ण योजना सम्पन्न भएका छन् । साविक वडा नं. ७ मा गंगालाल श्रेष्ठको घरदेखि देउरालीसम्म ढल तथा बाटो सुधार कार्यका लागि ९ लाख खर्च भएको छ । बराङ्दी साफाखुम विनोदको घर, मीनबहादुर रानाको घर हुँदै सोमै डाँडा, रावलडाँडा हुँदै चिउनडाँडा जोड्ने मोटरबाटोको लागि ६ लाख ५० हजार लगानी भएको छ । सेती पोखरी किसुनडाँडा खोल्टेपानी कुवामा तल्लो बाटोदेखि माथिल्लो बाटोसम्म गोरेटो बाटो निर्माण र सडक मर्मतका लागि ३ लाख खर्च भएको छ । साविक वडा-१२, धनुको घरमुनिबाट कृष्णबहादुर खड्काको घरमुनि हुँदै ताली सम्म मोटर बाटो मर्मतका लागि १ लाख ५ हजार खर्च भएको छ । यस्तै साविक १२ दीपकको घरदेखि राउत डाँडा हुँदै बोहरा पोखरा सम्मको बाटो मर्मतमा २ लाख खर्च भएको छ । साविक तानसेन-१३ धुनाघाटदेखि मतिनडाँडा पोखरी सम्म ६ लाखमा नयाँ सडक विस्तार भएको छ ।

क्षेत्रगत योजना तर्फ विद्यालय स्तरोन्नति तथा पूर्वाधार विकासका लागि २ लाख ५० हजार खर्च भएको छ । जनहित प्रा. वि का विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था निम्ति प्रदान गरियो । लक्ष्मी मा.वि मा व्यवस्थापन तथा फर्निचरका लागि सहयोग गरियो भने जनआधारभूत विद्यालय विकास र बाल कल्याण प्रा.वि. लाई पनि सहयोग गरियो । तानसेन नगरपालिका साविक १२ सेतीपोखरी चौतारी र धारा मर्मतमा १ लाख खर्च भएको छ ।

विचारी टोलको कुवा मर्मतमा २५ हजार तथा कृषि कार्यक्रम तर्फ वीउ खरिदका लागि १ लाख सहयोग भएको छ । बतासेडाँडा खानेपानी टंकी मर्मत तर्फ २५ हजार लागेको छ ।

साबिक ता.न.पा ७ अनिल लिगलको घरदेखि श्रीनगर जाने बाटो तथा ढल मर्मतका लागि १ लाख ५० हजार, शीतलडाँडामूल संरक्षणका लागि २ लाख, बकन गौरा देखि स्कूल जाने बाटो मर्मतका लागि १ लाख बजेट विनियोजन गरे अनुसार काम सम्पन्न भएको छ । साना योजना तर्फ साबिक ता.न.पा ७ श्रीनगरबाट आउने भल र अर्जुन कार्कीको घर पछाडिको भल व्यवस्थापनका लागि ५० हजार, सपाङ्गदी साफाखुम अर्चले जोड्ने बाटोका लागि १ लाख, शीतलडाँडा सामुदायिक भवन मर्मतका लागि ५० हजार, छरछरे खानेपानी टंकी मर्मतका लागि १ लाख र शिव पोखरी मन्दिर मर्मतका निम्ति ५० हजार बजेट विनियोजन गरेर काम सम्पन्न भएको अवस्था छ । तानसेन ५ मा लक्षित कार्यक्रम तर्फ साविक ता.न.पा १२ मा महिलालाई टीका, झिनिया र अचार बनाउने तालिमका लागि १ लाख विनियोजन गरिएको थियो । स्पिकर खरिदको लागि २५ हजार बालबालिका तथा युवा कार्यक्रम तर्फ लागू औषध र नयाँ प्रविधिको दुरूपयोग बारे सचेतना तालिम सञ्चालनका लागि ५० हजार लगानी भयो । साविक ता.न.पा ७ मा महिलाका लागि चुरामा पत्थर भर्ने र पोते बुन्ने तालिम सञ्चालन गर्न ५० हजार विनियोजन गरे अनुसार काम भयो ।

साविक ता.न.पा १३ मा बालबालिका लक्षित २५ हजार बजेटबाट चैनबारी खेलमैदान निर्माण गरियो । बतासेडाँडा ढुंगाखानीका बालबालिकाको क्षमता अभिबृद्धि कार्यक्रममा ३० हजार खर्च भयो । साविक ता.न.पा. १३ का महिलाहरूको क्षमता अभिबृद्धि कार्यक्रममा ४५ हजार, गरिङकोट खानेपानी टंकी मर्मतमा २५ हजार, साबिक बराङदी -३ मा महिलालाई मुढा बनाउने तालिमका लागि ४१ हजार त्यस्तै साविक वराङदी ४ मा त्यस्तै तालिम सञ्चालन गर्न ४१ हजार विनियोजन गरे अनुसार काम भयो । साविक बराङदी ५ मा भने महिलाहरूका लागि मुढा बनाउने तालिममा ४३ हजार बजेट विनियोजन भएको थियो । वराङदीमा बालबालिका तथा युवाको निम्ति खेलकुद सामाग्री सहयोगका लागि २५ हजार खर्च भएको छ । माझखोलादेखि नरबहादुर विकको घरहुँदै गुरूज्यू डाँडासम्म मोटरबाटो मर्मतमा १ लाख र अनन्त थापाको घर हुँदै गणेश थापाको घरसम्म जाने बाटो मर्मतका लागि १ लाख बजेट विनियोजन भए अनुसार काम सम्पन्न भएको छ । सीमित साधन स्रोतलाई उपभोग गर्दै अधिकतम प्रतिफलका लागि हामीले पहल गरेका छौं ।

(वडाअध्यक्ष, तानसेन - ५)

# तानसेन नगरपालिका वडा नं. ६ का गतिविधि



*सागरमान मर्हजन*

तानसेन नगरपालिका वडा नं. ६ विविधताले भरिपूर्ण वडा हो । कुन्सरेदेखि बसपार्कसम्म फैलिएको यस वडामा आर्थिक वर्ष २०७४/७५ मा विभिन्न गतिविधि सम्पन्न भएका छन् । नगर पालिकाबाट यस वडाले ४५ लाख प्राप्त गरेको थियो, विनियोजित रकम अन्तर्गत विभिन्न योजना सम्पन्न भएका छन् । माथिल्लो कुन्सरे शिवालय मन्दिरदेखि वडा नं ७ रिङरोड जोड्ने बाटो तथा नाली निर्माणमा ५ लाख विनियोजन भएअनुसार काम सम्पन्न भएको छ । दीर्घसिंह थापा उपभोक्ता समिति अध्यक्ष हुनुहुन्थ्यो । नेपाली सेनाको व्यारेक गेटदेखि जैसी चौपारीसम्म पुरानो बाटोविस्तार, नाली तथा पर्खाल निर्माणका लागि ५ लाख र वर्तुङ सडक विभागदेखि तिवारी डाँडा छाङदी खोला टेकरी जाने बाटो र नाली निर्माणका लागि ५ लाख बजेट विनियोजन गरेअनुसार काम सम्पन्न भएको छ । त्यहाँ रोशन बराल र लक्ष्मी पाण्डे उपभोक्ता समिति अध्यक्ष हुनुहुन्थ्यो ।

पद्मेटारी टोल विकास समिति अन्तर्गत देउपुजे खाने पानी टंकी निर्माणका लागि ५ लाख, दीप प्रगति टोलको वसपार्क आले टोलबाट खस्ने भलको लागि मदन सिंह राना र समीक्षा श्रेष्ठको बीचको खोल्सी निर्माणका लागि १ लाख, परिवार नियोजन पछाडिको गोरेटो बाटो विस्तार तथा निर्माणका लागि १ लाख बजेट विनियोजन गरे अनुसार काम सम्पन्न भएको छ । गुमबहादुरको घरदेखि चौतारीबाट सीता टण्डनको घर जाने बाटो निर्माणका लागि १ लाख, कारागार झर्ने सचिनको घरदेखि आयुष अकुपञ्चर सम्मको बाटो तथा नाली निर्माणका लागि १ लाख र बस पार्क सार्वजनिक शौचालयदेखि तल झर्ने बाटो निर्माणका लागि १ लाख बजेट विनियोजन गरेअनुसार काम सम्पन्न भएको छ । यी काम सम्पन्न गर्न निर्माण समितिको अध्यक्षमा क्रमशः भीमराज बराल, पार्वती भण्डारी, कविता रेग्मी, सुवास गैरे, मैना गौतम सुवेदी र भीमकुमारी शाक्य हुनुहुन्थ्यो ।

वडा नं.६ मा क्षेत्रगत योजनातर्फ भीमसेनटोलमा हरि अमात्यको घरदेखि गोरसघर सम्मको बाटो मर्मतका लागि ७५ हजार, बसन्त मल्लको घरदेखि दक्ष बिक्रमको घरसम्मको गोरेटो बाटो र पार्वती थापा र धनीमाया सोतीको घरको बीचमा पर्ने खोल्सीमा कल्भर्ट निर्माणका लागि १ लाख ५० हजार बजेट

विनियोजन गरिएको थियो । बसपार्कदेखि तल झर्ने ठाउँमा पाण्डबको घरमाथिबाट दीप प्रगतिटोलसम्म भलको लागि पाइप जडानमा १५ हजार, परिवार नियोजन पछाडिको गोरेटो बाटो विस्तार तथा निर्माणका लागि ५० हजार, स्कूलडाँडा टोल विकास अन्तर्गत स्कूलमुनि ७ नं. वडा जोड्ने खोल्सादेखि फोक्स्यारको घरसम्म गोरेटो बाटो निर्माणका लागि १ लाख बजेट विनियोजन भएमध्ये काम सम्पन्न भएको छ । माथिल्लो कुन्सरे टोल अन्तर्गत ५ वटा खानेपानी टंकी निर्माणका लागि १ लाख, वर्तुङ झर्ने बाटोदेखि छाङदी खोलासम्म बाटो तथा नाली निर्माणका लागि ६० हजार विनियोजन भइ काम सम्पन्न भएको छ । सुन्दरचोकदेखि पानी टंकीसम्मको बाटो नाली मर्मत तथा अधुरो भवनको झ्याल ढोका निर्माणका लागि १ लाख, माडी भ्यू होटलदेखि मोटर बाटो जोड्ने गोरेटो बाटो निर्माणका लागि ५० हजार, तिवारीको घरदेख जनप्रिय मा.वि. सम्मको मोटर बाटो जोड्ने गोरेटो बाटो निर्माणका लागि १ लाख, स्वामीडाँडादेखि भद्रचौपारी सम्म ठाडो बाटो निर्माणका लागि ५० हजार र ठूलो पधेरामा खानेपानी टंकी निर्माणका लागि १ लाख बजेट विनियोजन भएमध्ये काम सम्पन्न भएको छ ।

साना योजना तर्फ गैरीकटेरी टोल विकास समिति अन्तर्गत खानेपानी टंकी मर्मत तथा धारा विस्तारका लागि १ लाख ५० हजार, भुजिनडाँडादेखि बर्तुङ निस्कने बाटो मर्मतका लागि १ लाख ५० हजार रकम विनियोजन भएमध्ये काम सम्पन्न भएको छ । लक्षित कार्यक्रम तर्फ चामल पिसानी मेसिन र झिनिया रोटी बनाउने तालिम तथा मेसिन खरिदका लागि ५० हजार, लाँकुरीदेखि झातेचौरसम्मको कृषिजन्य गोरेटो बाटो नाली निर्माणका लागि १ लाख, लाकुरीदेखि झातेचौरबीच चौपारी निर्माणका लागि ५० हजार विनियोजन भएकोमा काम सम्पन्न भएको छ । बर्तुङ्सतन्चुली मन्दिर र स्कूल जाने बाटोको आठमुरेमा नाली व्यवस्थापनका लागि ५० हजार, देउपुजे सम्म चौपारी सामुदायिक भवनको अधुरो काम पूर्ण गर्न ५५ हजार र सरकारी वकिल कार्यालयदेखि लहरेपीपल स्कूलसम्म बाटो मर्तका लागि ७५ हजार बजेट विनयोजन भए अनुसार काम सम्पन्न भएको छ । बालबालिकाको लागि लागू पदार्थ विरूद्ध सचेतनामूलक कार्यक्रमका लागि २० हजार, खेलकुद सामान खरिदका लागि २० हजार र विविधमा २० हजार खर्च भएको छ ।

महिला लक्षित कार्यक्रम तर्फ महिला हिंसा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम (२० हजार), आयआर्जनका लागि सीपमूलक कार्यक्रम (२० हजार) र विविधमा २० हजार विनियोजन भएअनुसार काम भएको छ । जेष्ठ नागरिक सम्मान तथा भ्रमणमा ४० हजार र असहाय, अशक्त अति गरीबका लागि १० हजार खर्च भएको छ । सडक बत्ती र फर्निचर खरिदतर्फ २ लाख खर्च भएको छ । वडालाई प्राप्त बजेटलाई अधिकतम प्रतिफल प्राप्त हुने गरेर हामीले खर्च गर्‍यौ । समय मै कार्यक्रम अनुसार योजना कार्यान्वयन गर्नुपर्ने सिकाइ हामीले पनि हासिल गरेका छौं ।

(वडाअध्यक्ष, तानसेन – ६)

# तानसेन ७ मा सम्पन्न केही गतिविधि



*मुक्तिराम जीसी*

साविक तानसेन नगरपालिका वडाहरू १४ र ११ मिलेर हालको वडा नं. ७ बनेको हो । यस वडामा ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण क्षेत्र तथा सम्पदाहरू रहेका छन् । ताल, तलैया मठ मन्दिर तथा महत्वपूर्ण स्थानहरू छन् । आव २०७४/७५ को नगरसभाबाट यस वडाका लागि प्राप्त ४५ लाख र अन्य स्रोत परिचालन गरेर ८० लाख बराबरको काम भएको छ । नगरस्तरीय बजेट र ६०/४० साझेदारी अन्तर्गत करीब ६५ लाख बराबरको काम भएको छ । वडास्तरीय योजना अन्तर्गत ठूला योजना, क्षेत्रगत योजना, साना योजना, लक्षित वर्गका कार्यक्रमहरू सञ्चालन भएको थियो ।

ठूला योजनातर्फ पक्लुवा कुन्सरे खानेपानी तथा सिँचाइ योजनामा ५ लाख वाँसबारी चौपारी बाटो निर्माणका लागि ५ लाख, देवीडाँडा शिखरडाँडा खानेपानी तथा सिँचाइका लागि ४ लाख, प्रभास मेडिकल कलेज हुँदै देवीस्थान मोटरबाटो निर्माणका लागि ६ लाख, चण्डिस्थान दरवारथुम्का सचेतना भवन निर्माणका लागि ३ लाख, बेसीटोल खानेपानी मर्मत सम्भारका लागि २ लाख, विनियोजन भए अनुसार काम सम्पन्न भएको छ । जनसहभागिता आवश्यकता अनुसार भएको थियो ।

क्षेत्रगत योजनातर्फ नमूना टोल खानेपानी योजनाका लागि २ लाख, माझटोल खानेपानी योजनाका लागि १ लाख, क्वाँदी कुसुमडाँडा खानेपानी मर्मतका लागि ५० हजार, कुसुमडाँडामा गेट निर्माण तथा कम्पाउण्ड तारबारमा लागि ५० हजार बजेट छुट्याए अनुसार काम भएको छ । यस्तै खुर्पादी माझटोल वेसीटोल काजीपौवा मोटरबाटो निर्माणका लागि ३ लाख, चुच्चेबारी भञ्जिङ्ग सिरसिरे हुँदै शीतलादेवीसम्म मोटरबाटो निर्माणका लागि ३ लाख बजेट विनियोजन गरेअनुसार काम भएको छ । रक्साहा नयाँगाउँ मोटरबाटो निर्माणका २० हजार, चापचौर मोटरबाटो निर्माणमा ५० हजार, बालज्योति प्रावि सहयोगका लागि २५ हजार, बालक्लब खेलकुद सामाग्री खरिदका लागि १५ हजार खर्च भएको छ ।

लक्षित कार्यक्रमतर्फ पिपलटारी पधेरोमा काजक्रियाका लागि टहरो निर्माण गर्न ५० हजार, बाघखोर पोखरेल पधेरोमा

काजक्रिया टहरो निर्माणका लागि ५० हजार, ठाटी चुडी पधेरोमा काजक्रिया टहरो निर्माणका लागि ५० हजार र क्वादी पधेरोमा काजक्रिया टहरा निर्माणका लागि ५० हजार बजेट विनियोजन गरिए अनुसार सहयोग गरिएको छ । प्रभासमा मञ्च निर्माणका लागि ७५ हजार, वर्तुङ सामुदायिक भवनका लागि ७५ हजार, लामडाँडामा चौपारी निर्माणका लागि ५० हजार र बाघखोरमा खेलकुद मैदान निर्माणका लागि १ लाख रकम विनियोजन भएअनुसार सहयोग भएको छ । नगरस्तरीय वजेटतर्फबाट १५ लाख प्राप्त भएमध्ये सूर्यकुण्ड निर्माणमा ५ लाख र बाँसटारी डाँडापीपल चुच्चेवारी सडक १० लाख लगानी गरियो ।

मर्मत कोष र भैपरी आउने खर्चतर्फ दैवीप्रकोप (बाढी, पहिरो, सडक अवरूद्ध) खर्चका लागि १ लाख २५ हजार, आर्थिक सहायता अन्तर्गत २५ हजार सहयोग गरियो । १ लाख अन्य शीर्षकमा विनियोजन गरियो । उल्लिखित बाहेक पनि हामीले विभिन्न विकास निर्माण तथा मानवीय सहायताका काम गरेका छौं । पहिलो वर्ष काममा अलमल भएपनि अब समय मै काम शुरू गरेर वर्षा अगावै निर्माण सम्पन्न गर्नुपर्ने सिकाइ भएको छ ।

(वडाअध्यक्ष, तानसेन - ७)

## तानसेन ८ मा सम्पन्न केही गतिविधि



*रामप्रसाद घिमिरे*

साविक मदनपोखरा गाविसमा पर्ने हालको तानसेन नगरपालिका वडा नं ८ ग्रामीण क्षेत्रमा अवस्थित वडा हो । यो वडामा आव ०७४/७५ मा विभिन्न गतिविधि सम्पन्न भएका छन् । गारादी खल्लुकदी खानेपानी पाइप खरिद तथा ७ वटा धारा निर्माणका लागि नगरस्तरीय बजेट ५ लाख विनियोजन गरिएको थियो । उक्त योजना सम्पन्न भएपछि ३ सय बढी जनसंख्या लाभान्वित भएका छन् । कमेरेपानी नयाँपाटी खानेपानी टंकी निर्माणका लागि १ लाख ५० हजार विनियोजन भएकोमा काम सम्पन्न भएको छ । सामुदायिक महिला भवन सिंढी तथा रेलिङ निर्माण र भवन प्लाष्टरका लागि कुल ५ लाख (२ पटक गरेर) बजेट विनियोजन भएकोमा श्रम तथा लागत सहभागिता सहित काम सम्पन्न भएको छ ।

चुच्चेवारी सिर्सिरे मदनपोखराको कोकलछाप तल्लोडुम्रे मोटरबाटो स्तरबृद्धि, गुन्द्रेखोल्सा खण्डमा पहिरो नियन्त्रण र पक्की पर्खाल निर्माण, कोकलमा ट्र्याक खोल्ने काम, तल्लो डुम्रे माथि पोसपाखामा माटो थपेर स्तरबृद्धि लगायतका काम नगरबजेट १० लाखमा वडाबाट ७० हजार थपेर सम्पन्न गरियो । यो कामबाट २ हजार ५ सय जनसंख्या लाभान्वित हुनेछन् । जै देउ टोल जाने ठाडो बाटो ढलानका लागि वडाबाट १ लाख र श्रम तथा नागरिकबाट लागत सहभागिता ८५ हजार रहेको थियो । वृन्दावनमा बस्ती स्तरको मोटर बाटो निर्माणका लागि ६० हजार, गाङ्दी खोला शिखर डाँडा लिफ्ट खानेपानी संरक्षणका लागि सुरक्षित पानी संकलन टंकी निर्माणका लागि ६० हजार बजेट विनियोजन भए अनुसार जनसहभागिता सहित काम सम्पन्न भएको छ । चाउरी पोखरामा सभा हल (ट्रस) निर्माणका लागि १ लाख ९० हजार वडाबाट र जनसहभागिता समेत लगानी भएको थियो ।


लक्षित वर्गको कार्यक्रमतर्फ महिला, बालबालिका, जनजाति, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका तथा युवा वर्गका लागि ५ लाख बजेट विनियोजन भए अनुसार काम भएको छ । यस्तै कोकलदेवी मन्दिर जाने ठाडो बाटोमा सिंढी तथा रेलिङ निर्माणमा नगरबाट ५ लाख, श्रम सहभागिता ५० हजार समेत ५ लाख ५० हजार खर्च भएको छ । वर्षेनि करीब ४ हजार भक्तजन त्यहाँ जानेआउने गर्दछन् ।

हामीले यहाँ केही योजनाबारे उल्लेख गऱ्यौं । कतिपय 'हाम्रो तानसेन' नगर बुलेटिनको पहिलो अंकमा समेटिएको छ ।

जन अपेक्षा अनुसार विकास निर्माणका काम सम्पन्न गर्न मुस्किल परेको छ । हामीले औकात अनुसार काम गर्ने प्रयत्न भने छाडेका छैनौं ।

(वडाअध्यक्ष, तानसेन - ८)

## तानसेन ९ मा सम्पन्न गतिविधिबारे टिपोट



*हरिसुमर रेग्मी*

पहिले मदनपोखरा नमूना गाउँ विकास समितिमा रहेको हालको तानसेन वडा नं.९ को आफ्नै विशेषता छ । यो विगत देखि नमूना बस्ती भनेर परिचित थियो । विगतमा नगरपालिकामा समायो जन भएपछि सेवा सुविधा बृद्धि हुने अपेक्षा वडा बासीको छ । यद्यपि अपेक्षा अनुसार प्रगति गर्न सकिएको छैन ।

वडा नं. ९ मा आव ०७४/७५ मा विभिन्न योजना सम्पन्न भएका छन् । भगाह पोखरा ढाक्रेबास चिसापानी मोटरबाटोको

लागि ५ लाख, अम्लिहान देउराली तिनपिप्ले डिलबहादुर मार्गका लागि ५ लाख, अम्लिहान बेल्टारी उल्टेभित्ता खरक मोटर बाटोका लागि ५ लाख बजेट विनियोजन भए मध्ये काम सम्पन्न भएका छन् । यी योजनाबाट ३ सय घरधुरी लाभान्वित हुनेछन् । अँधेरी गब्देचौर भैली गैरा मोटर बाटोका लागि १ लाख, बोखर सामुदायिक भवन निमार्णका लागि १ लाख, टिन्टीआँप देउराली मोटर बाटोको लागि १ लाख ५० हजार, दमकडा रसगाग्री देउराली मोटरबाटो नाली निर्माणका लागि १ लाख, अर्खले-टिन्टी - नयाँ बस्ती लिफ्ट खानेपानीका लागि २ लाख १० हजार रकम विनियोजन भए अनुसार आवश्यक जनसहभागिता सहित काम सम्पन्न भएका छन् ।

साविक मदनपोखरा ८ स्थित आमा समूह भवन निर्माणका लागि १ लाख, आरूखर्कमा तरकारी संकलन केन्द्रका लागि १ लाख, दमकडा मा.बिमा पर्खाल निर्माणका लागि १ लाख दमकडा खौरूवा मोटर बाटो विस्तारका लागि १ लाख बजेट विनियोजन गरे अनुसार काम सम्पन्न भएको छ । माण्डण्य बहुमुखी क्याम्पसमा भ्यू टावर निर्माणका लागि ५० हजार, मदन पोखरा स्वास्थ्य चौकीमा सुत्केरी उपकरण खरिद निम्ति १ लाख, भूईँ बसाइका लागि (विद्यालयका बालबालिकाका लागि) कार्पेट खरिद गर्न ५० हजार सहयोग गरिएको छ । अम्लिहान काठे पुल निर्माणका लागि ५० हजार, गब्देचौर प्रतिक्षालय निर्माणका लागि ३० हजार, सचेतना कार्यक्रमका लागि घुम्तिकोषलाई २० हजार खर्च भएको छ । यस्तै कलंकी प्रतीक्षालय निर्माणका लागि ४० हजार, नमूना बस्ती संरक्षणका लागि तार जाली भर्न ५० हजार खर्च भएको छ ।

किसान समूहमा रहेका किसानलाई बीउ खरिदका लागि ५० हजार, ठाडोखोला खानेपानी टंकी निर्माणका लागि ३५ हजार, सत्यवती पोखरी मर्मतका लागि ३५ हजार बजेट विनियोजन भए अनुसार काम सम्पन्न भएको छ । भेडेचौर, दुमैडाँडा सत्यवती पोखरी मोटर बाटोका लागि ३० हजार विनियोजन भए अनुसार काम भएको छ । यी सबै काम गर्दा जनश्रम तथा लागत सहभागिता आवश्यकता अनुसार जुटाइएको थियो । यस्तै युवा युवतीलाई उद्घोषण तालिममा ५० हजार, आमा समूहका सदस्यहरूको क्षमता अभिबृद्धिका लागि ५० हजार, टिन्टीआँप प्रा.वि.का दलित विद्यार्थीलाई सघाउन अक्षयकोष स्थापनाका लागि ५० हजार, दलित महिला समूह गठन घुम्तिकोषमा ५० हजार बजेट विनियोजन भए अनुसार काम भएका छन् ।

बेलगैरा घाँस समूह भवन निर्माणका लागि ५० हजार, टिन्टीआँप प्रा.वि. तारबार लगाउन ५० हजार, बालकृष्ण प्रा. वि. फर्निचर निर्माणका लागि ५० हजार, अर्खले जोगिनीखोला मोटर बाटो गिट्टी छपान तथा नाली निर्माणका लागि ५० हजार खर्च भएको छ । दमकडा अँधेरी गोठुवा मोटरबाटो मर्मत तथा नाली निर्माणका लागि ५० हजार, रानीचुडी रानीआँप डिलबहादुर मार्ग नाली निर्माणमा लागि ५० हजार, दमकडा धोन्द्रेखोला गोठुवा मोटरबाटो नाली निर्माणका लागि ५० हजार, कोइरालाडाँडा कृषि उपज केन्द्र निर्माणका लागि ५० हजार र देउराली सभाहल निर्माणका लागि ५० हजार बजेट विनियोजन गरिए अनुसार काम सम्पन्न भएको छ ।

लक्षित कार्यक्रम अन्तर्गत अपाङ्गता भएकाहरूको लागि तालिम पश्चात माहुरी सहित घार वितरण गर्न ५० हजार खर्च गरिएको छ । दलितहरूको लागि आरन सुधार तथा उपकरण खरिदमा ५० हजार लगानी भएको छ भने जनजाति क्षमता विकास अन्तर्गत ७५ हजार विनियोजन भए अनुसार काम भएको छ । महिलाहरूको सीप विकास तालिममा १ लाख ३० हजार, जेष्ठ नागरिक ६४ जनालाई सम्मान (४ टोलका) मा ६० हजार बजेट विनियोजन भए अनुसार काम गरिएको छ ।

विद्यार्थीहरू तथा युवाहरूका लागि खेलकुद सामग्री खरिदमा ७५ हजार, अर्खले दुर्गा मन्दिर भूईँ ढलानका लागि ३० हजार, अर्खले मोटरबाटो मर्मतका लागि ३० हजार, नमूना बस्तीको प्रतीक्षालय निर्माणका लागि ३० हजार, लक्ष्मी टंकी तिनपिप्ले सम्म मोटरबाटो निर्माणका लागि ५० हजार खर्च गरिएको छ । नगरस्तरीय वजेटबाट न्यानो तथा शीतल घरका लागि ७ लाख, दमकडा वाल उद्यानका लागि ५ लाख, माण्डव्य मा.वि आश्रम व्यवस्थापनका लागि ५ लाख, दमकडा खेल मैदानका लागि २ लाख, अँगारे कुण्ड संरक्षणका लागि १ लाख विनियोजन भए अनुसार काम सम्पन्न गरिएको छ ।

समग्रमा सीमित साधन स्रोतका भरमा जनअपेक्षा समेटने प्रयास गरिएको छ । अब समयमै काम शुरू तथा सम्पन्न गर्नु पर्छ भन्ने सिकाइ समेत हासिल भएको छ ।

(वडाअध्यक्ष, तानसेन - ९)

# तानसेन १० मा भएका केही गतिविधि



*लोचनप्रसाद तिमिल्सिना*

विभिन्न कारणले पहिलो वर्ष आर्थात आव २०७४/७५ मा विकास निर्माणका गतिविधि ढिलो शुरू भए पनि सन्तोषजनक ढंगले सम्पन्न भएका छन् । यद्यपि कार्य सम्पादनका सिलसिलामा विभिन्न अवरोधको सामना गर्नु पर्यो ।

महिला दलित तथा जनजाति लक्षित कार्यक्रम अन्तर्गत साबिक वडा १०मा ३२ जना सहभागी बुटिक तालिमका लागि ९० हजार खर्च भएको छ । सुनडाँडा समुदायिक महिला

भवन निर्माणका लागि २ लाख, बरडाँडा महिला समुदायिक भवन निर्माणका लागि ७५ हजार, गणसाल महिला सामुदायिक भवनको लागि २५ हजार खर्च गरिएको छ । सामुदायिक विकास कोषका पदाधिकारीहरूको लेखा व्यवस्थापन तथा नेतृत्व विकास तालिमका लागि ३० हजार खर्च गरियो । तालिममा ३२ जनाको सहभागिता थियो । अपाङ्गता भएका ३७ व्यक्तिलाई राहत वितरणका लागि ५० हजार, जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि ४० हजार खर्च गरिएको छ । तल्लीपिपल ढावखोला खानेपानी पाइप परिवर्तनका लागि ५० हजार, बेसारे खोला खानेपानीका लागि ५० हजार, सिमले टोल खानेपानीका लागि ५० हजार, गणसाल ४ दोबाटोबाट बेलाउते चौर मोटरबाटो विस्तारका लागि २५ हजार, चिसापानी कुवा मर्मतका लागि २० हजार, बेलगैरा रखालडाँडा मोटरबाटो विस्तारका लागि ४० हजार, वडा भवनमा खानेपानी विस्तारका लागि ४५ हजार खर्च भएको छ । जुकेपानी खानेपानी पाइप खरिद तथा मर्मतमा २० हजार, डुम्रे सुनडाँडा तेल्घा गुफा चौर मोटरबाटो निर्माण तथा मर्मतका लागि ५ लाख विनियोजन भए अनुसार जनसहभागिता जुटाएर काम सम्पन्न गरिएको छ । प्रभास चुकाहा गणसाल सेती पोखरी मोटर बाटो निर्माण तथा ग्राभेलका लागि ५ लाख ५० हजार, तल्लो चिदीयार लिफ्ट खानेपानी धारा निर्माणका लागि ५ लाख, वेल गैरा महिला समुदाय भवनका लागि २ लाख, बाक्लो खल्लुक लिफ्ट खानेपानी धारा निर्माणका लागि ४ लाख विनियोजन भए अनुसार काम भएका छन् । आम डाँडा रिठ्ठा खर्क मोटरबाटो निर्माणका १ लाख ३० हजार, नयाँ पाटी काफल घारी तल्लीपिपल सम्म चक्रपथ मोटरबाटो मर्मतका लागि १ लाख, बरेंगहते सुरूङतुङ मोटरबाटो निर्माणका लागि १ लाख, सेमले टोल मोटरबाटो निर्माणका लागि ५० हजार, बर्रे खीर भञ्ज्याङ्ग मोटर बाटोको लागि ३० हजार बजेट विनियोजन भए बमोजिम काम भएका छन् । थरी सुधारका लागि ८० हजार (प्रति थरी ५०००), प्लाष्टिक पोखरी निर्माणका लागि १ लाख (प्रति पोखरी १० हजार) ५० प्रतिशत अनुदान सहित माहुरी घार वितरणका लागि ५० हजार विनियोजन गरे अनुसार काम सम्पन्न भए । टोल स्तरीय भलिबल प्रतियोगिता आयोजना तथा मैदान मर्मतका लागि ५० हजार, मण्डली मा.वि. भवन मर्मतका लागि २ लाख १५ हजार, बालकन्या भगवती आधारभूत विद्यालयमा भूईँ बसाइ व्यवस्थापनको लागि ५० हजार खर्च गरिएको छ ।

खरखरे डाँडा अर्याल टोलमा खानेपानी पाइप खरिदका लागि ६० हजार, ढडाहा खानेपानी योजनाका लागि १ लाख ५० हजार, जुकिया खानेपानी योजनाकालागि ५० हजार, सुरूङतुङ खानेपानी इनट्यांक (Intank) निर्माणका लागि २० हजार, बिरौटा बाध निमार्णका लागि २० हजार, धनसार कुनाको उकालो गोरेटो बाटो मर्मतका लागि २५ हजार, कोलभञ्ज्याङ गेजलाम मोटरबाटो निर्माणका लागि ५० हजार, देउराली लेख चिदिटोल मोटर बाटो मर्मतका लागि ३० हजार बजेट विनियोजन गरिए अनुसार आवश्यक जनसहभागिता सहित काम भएको छ । यस्तै गोवन्दी खानेपानी मर्मतका लागि २० हजार, प्रभास गणसाल सुरूङतुङ आमडाँडा बडहरबोट मोटर बाटो ग्राभेल तथा टेवा पर्खाल निर्माणका लागि नगर स्तरीय बजेट २० लाख र थप रकम विनियोजन भइ काम भएको छ । उक्त सडकबाट सयौं जनसंख्या लाभान्वित भएका छन् । नयाँ पाटी ट्रस ब्रिज निर्माणका लागि १ लाख ५० हजार, होलाङदी खोला व्यवस्थापनका लागि ५ लाख खर्च गरिएको छ । बाउन्ने कुलो निर्माणका लागि १ लाख, तानसेन बडहरबोट गुफाचौर मोटरबाटो स्तरोन्नतिका लागि नगर पालिकाबाट बजेट सहयोग भएको थियो । यसै गरी जेष्ठ नागरिक १ सय ३२ जना, जेष्ठ दलित २८ जना, एकल महिला ११० जना, पूर्ण अपाङ्गता भएका २ जना, आंशिक अपाङ्गता भएका १० जना, दलित बालपोषण ७५ जना समेत गरेर २०७४/७५ मा सामाजिक सुरक्षा भत्ता रकम वितरण गरियो । दलित तथा अल्प संख्यक ७३ परिवारका लागि स्वास्थ्य बिमा गरियो । यस्तै सुत्केरी स्याहारका लागि तानसेन नगरपालिकाबाट जनही १ हजार प्रोत्साहन सहयोग भएको थियो । यी बाहेक पनि विभिन्न काम भएका छन् । मानवीय सहयोग अन्तर्गत पनि काम सम्पन्न भएका छन् ।

(वडाअध्यक्ष, तानसेन – १०)

# तानसेन ११ सीमित साधन स्रोतलाई अधिकतम उपयोग गर्दै



*दामोदरप्रसाद घिमिरे*

तानसेन नगरपालिकको सीमित साधन स्रोतलाई नागरिक अपेक्षा अनुसार अधिकतम उपयोग गर्ने प्रयास हामीले पनि गर्दैछौं । यद्यपि नागरिकहरूको अपेक्षा सम्बोधन गर्ने प्रयास सबैतिर भएको छ । पहिलो वर्ष अर्थात आव ०७४/०७५ मा विभिन्न तहका निर्वाचन, जनशक्ति समायोजनका जटिलता लगायत विभिन्न कारणले योजना कायान्वयन ढिलो शुरू भएको तथ्य हामी सामु छिपेको छैन । विगतबाट सिक्दै सबल र समृद्ध तानसेनका लागि जनप्रतिनिधिले अगवाइ गर्नुपर्ने अवस्था छ । कर्मचारी र नागरिक साथ सहयोग विना जनप्रतिनिधिले मात्र प्रभावकारी काम सम्पादन सम्भव छैन भन्ने निचोड विगतले निकालेको छ ।

### यस्ता छन् आव ०७४/०७५ मा सम्पन्न तानसेन ११ का केही गतिविधि

जुकिया पुजेरी टोल गुदियाचौर मोटरबाटो निर्माणका लागि ८ लाख ५० हजार बजेट विनियोजन भएको थियो भने लागत तथा श्रम सहभागिता ९२ हजार ८३ रूपैयाँ बराबर भएको थियो । २ सय ९३ घरधुरी उक्त योजनाबाट लाभान्वित भएका छन् । ढुङ्गाखानी रानीकुवा खयरतुङ सुगापानी तीनलाकुरी मोटरबाटो का लागि ६ लाख ५० हजार र सामुदायिक भवन निर्माण तथा मर्मतका लागि ५ लाख (बाँफा, कुरूङखोला, लिपिनदेवी) बजेट विनियोजन भएकोमा श्रमसहभागिता समेत जुटाएर काम सम्पन्न भएको छ । भालुवन गावुडाँडा लिफ्ट खानेपानी योजना मर्मत तथा निर्माणका लागि ५ लाख (समपुरक २ लाख ) विनियोजन भए

अनुसार काम भएको छ ।

लागत सहभागितामा भएका काम मध्ये सामुदायिक विकास कोष मार्फत कृषि तथा गाउँ विकास कार्यक्रमका लागि २ लाख ४० हजार बजेट विनियोजन गरेर सबै वडाका ४ सय १२ घरधुरी लाभान्वित हुने गरी कार्यक्रम सम्पन्न भएको थियो । थरीबारटोल मोटरबाटोको लागि २० हजार, सम्योबारी सिद्धबाबा पातीखरक मोटरबाटोको लागि १ लाख ५० हजार, गोढ जोगेपानी काभ्रे कालीपाटी मोटरबाटोको लागि १ लाख ६० हजार, खेतमुनी पुजेरीटोल बर्राबोट अमराई मोटरबाटोको लागि १ लाख ५० हजार, गेवाटारी सिंचाइँका लागि १ लाख ४० हजार र स्वास्थ्य चौकी बुढीचौर मोटरबाटो निर्माणका लागि १ लाख ४० हजार बजेट विनियोजन गरिए अनुसार नागरिकबाट आवश्यक लागत सहभागिता जुटाएर काम सम्पन्न गरिएको छ ।

साना योजनातर्फ रातडाँडा खहरे चिलाउने खर्क भालुवन मोरबाटोको लागि ५० हजार, लाकुरीडाँडा मौरीथान सेनपोखरी भारकोट मोटरबाटो निमार्णका लागि ५० हजार, देउराली बिष्टटोल राजुवास मोटरबाटोका लागि १ लाख, गार्गी मा.बिमा फर्निचर खरिदका लागि ५० हजार सहयोग गरिएको छ । लक्षित कार्यक्रम तर्फ विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापका लागि वडाका ५ वटा विद्यालयलाई ५० हजार सहयोग गरियो । जरूवापानी खेलमैदान निर्माणका लागि १ लाख, गार्गी मा. वि लाई खेल मैदान निर्माणका लागि १ लाख, नवदुर्गा प्रा.वि भवन तथा शौचालय मर्मतका लागि ६० हजार, चण्डिका प्रा.वि भवन मर्मतका लागि ६० हजार सहयोग गरिएको छ । जेष्ठ नागरिक तथा पहेंलो कार्ड लिएका अपाङ्गता भएका नागरिकको स्वास्थ्य बिमाको लागि ४० घर परिवारलाई १ लाख सहयोग गरियो । तिलाहार र सम्मोबारी सेरोफेरोका नागरिक सचेतना केन्द्रमा आवद्ध ५६ किसान लाभान्वित हुने गरी बीउ बिजन सामाग्री खरिदका लागि ३० हजार सहयोग गरियो ।


मर्मत तथा भैपरी आउने खर्चतर्फ जोगेपानी स्वास्थ्य चौकी ढुङ्गोडाँडा मोटरबाटो निर्माणमा १ लाख, मकैको बीउ ३० हजार बराबर, तीन लाकुरी सेनीवेशी मोटरबाटो मर्मतका लागि २० हजार र वडा कार्यालय तथा स्वास्थ्य चौकी मर्मतमा ५० हजार खर्च भएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा वडा नं. ११ ले सम्पन्न गरेका नगरस्तरीय योजनाहरू मध्ये सेतीपोखरी सिस्ने गुफाचौरको धार्मिक सडक निर्माणका लागि नगरबाट १ करोड बजेट विनियोजन भए अनुसार काम भएको छ । गणेशधामको रूपमा गुफाचौरको विकाससंगै वडा नं. ५, १० र ११ का नागरिक समेत लाभान्वित हुनेछन् । पर्यटकीय क्षेत्रको रूपमा गुफाचौरको विकास अवधारणा अनुरूप काम भैरहेको छ । छिट्टै गणेशमूर्ति गुफाचौरमा प्रतिस्थापन गरिनेछ । यस्तै तीन लाकुरी बाँभा राजुवास मोटरबाटोका लागि १० लाख नगरबाट र १ लाख जनसहभागिता जुटाएर काम गरियो । २ सय १२ घरधुरी लाभान्वित भएका छन् । बाँभा ठूलो कुलो विस्तारमा नगरको १० लाख र जनसहभागिता १ लाख ३४ हजार लगानी भएको छ भने यसबाट ५६ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् । सिस्ने भालुवन डुम्रे मोटरबाटोको भालुवन खण्ड निर्माणका लागि ४ लाख (जनसहभागिता ४० हजार), सिन्धुकाली मन्दिर व्यवस्थापनका लागि २ लाख, प्रतापशमशेर निर्मित सुरूङ जीर्णोद्धारका लागि १ लाख ५० हजार, सामाकोट कुँडापानी पार्क तथा खेल मैदान निर्माणका लागि २ लाख, गार्गी मा.बिमा टेवा पर्खाल निर्माणका लागि ५ लाख र सामाकोट काभ्रे बाँभा राजुबास भण्डिभन्ज्याङ पर्यटक मार्ग निर्माणका लागि ३ लाख बजेट विनियोजन गरेर नागरिक सहभागिता जुटाएर काम गरिएको छ ।

समय मै काम गर्न सकिएमा वर्षातबाट हुने क्षति कमगर्न सकिन्छ र खेतीपातीमा लाग्ने समयमा नागरिकलाई अप्ठेरो पनि पर्दैन भने तथ्य मनन गरेर अब काममा लाग्न जरूरी छ । आ.व. ०७४/७५ को योजना सम्पन्न भैसकेपछि सरोकारवालाहरू जुटाएर समीक्षा गरियो । समीक्षाका वखत निम्न सुझाव प्राप्त भएका छन् – १. प्राविधिक परिवर्तन भैरहदा काममा वाधा २. योजना सम्झौता तथा फरफारकमा समस्या ३. विना इष्टमेट बजेट विनियोजन हुँदा योजना सम्पन्न गर्न नसकिएको आदी ।

(प्रवक्ता तथा वडाअध्यक्ष, तानसेन – ११)

# आ. व. ०७४/०७५ मा तानसेन १२ मा सम्पन्न गतिविधि



*देवेन्द्रबहादुर राना*

तानसेन नगरपालिका वडा नं १२ बौघा पोखराथोकमा आर्थिक वर्ष २०७४/०७५ मा भएका केही गतिविधि यस प्रकार रहेको छ । तानसेन नगरपालिकाले विनियोजन गरेको रकम रू. ३७,८०,०००।– बाट बतासेडाँडा लुभुङ्ग जोर्ते मोटरबाटो अन्तर गत देउरालीदेखि डाँडा कटेरी सम्म मोटरबाटो स्तरोन्नति, प्राचीन रतनपाँडे साधना स्थल जाने पैदल मार्ग निर्माण, तानसेन वडा नं. ५ साफाखुम हुँदै आमडाँडा सम्म नयाँ ट्र्याक निर्माण, चण्डिभन्ज्याङ भुतेधारा मोटरबाटोमा मेसिनेरी टेवा पर्खाल निर्माण, राजुवास लुहुङ्ग खानेपानी योजनामा जि. आई. पाइप फेर्ने काम तथा गत वर्षको वर्षातले अवरूद्ध भएको बतासेडाँडा लुहुङ्ग जोर्ते मोटरबाटो, खयरतुङ्ग नामीकुवा मोटरबाटो र मौवाडाँडा चिउदी मोटरबाटो खण्ड सरसफाइ गरी लुहुङ्ग दुग्ध सहकारी र चिनारी दुग्ध सहकारीबाट तानसेन बजारमा दुग्ध सामग्री पठाउनुको साथै सर्बसाधारणलाई आवत जावत गर्न सहज भएको छ ।

यसै गरी तानसेन नरपालिका वडा नं. १२ ले विनियोजन गरेको वडा स्तरीय बजेट ४५ लाखबाट साना ठूला गरी ४० वटा कार्यक्रमहरू सम्पन्न गरेको छ । भौतिक पूर्वाधार तर्फ मौवाडाँडा रिप्दी अबल मोटरबाटो, खयरतुङ्ग नामिकुवा लुहुङ्ग मोटरबाटो, बतासेडाँडा

लुहुङ्ग जोर्ते मोटरबाटो, डाँडा कटेरीको बाँसगैरादेखि पर्यटकीय कुहिरेभीर जाने मोटरबाटोको स्तरोन्नति तथा विरपोखरादेखि वडा नं. १३ बौघागुम्हाको सर्बोदय उच्च मा.वि जाने बाटो ट्रयाक खोल्ने काम भएको छ । सार्वजनिक प्रा.वि भवन भक्तिएको हुँदा टेवा पर्खाल निर्माण कार्य र पर्यटकीय कुहिरे भीरमा वनभोजको लागि सहज हुने उद्देश्यले खानेपानी पाइप विस्तार तथा टंकी निर्माण गरिएको छ ।

आर्थिक विकास तथा सामाजिक विकास तर्फ विभिन्न लक्षित वर्ग र समूह स्तरमा रहेका सहकारी संस्थाहरूसँगको समन्वयमा तरकारी खेती तालिम, वन तथा वातावरण व्यवस्थापन तालिम, पशु आहार व्यवस्थापन तालिम र पशु स्वास्थ्य औषधि वितरण कार्यक्रम तथा मुत्र संकलन टंकी सहित भकारो सुधार कार्यक्रम, खानेपानी पाईप विस्तार, सिंचाइँ पोखरी निर्माण भएको छ । अन्तर्राष्ट्रिय नारी दिवसमा कार्यक्रम गर्नुको साथै महिला भवन निर्माणको थालनी भएको छ । विद्यालयहरूमा कम्प्युटर वितरण तथा भूइँ वसाइको लागि न्यानो कार्पेट वितरण भएको छ । स्वास्थ्य चौकीमा खानेपानीको व्यवस्था भएको छ । परम्परागत पेशा गर्ने दलितको लागि आरन सुधार तथा औजार वितरण भएको छ । अपाङ्ग परिवारको आय आर्जन बृद्धि गर्न माउ बाख्रा वितरण गरिएको छ । बालबालिकाहरूको विकास गर्न बाल अधिकार सकारात्मक सोच तालिम, बाल क्लवहरूमा पत्र पत्रिका तथा विद्यालयहरूमा तौल मेशिन उपलब्ध गराइएको छ । ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक १८ जना तथा बृद्ध बृद्धाहरूलाई उचित लालन पालन गर्ने टोलका ७ जना असल बुहारीहरूलाई सम्मान गरिएको छ । युवा कार्यक्रम अन्तर्गत टोल स्तरीय भलिबल प्रतियोगिता सञ्चालन गरी शुभप्रभात युवा क्लब प्रथम, जन जागृति युवा क्लब द्वितीय र लाली गुँरास युवा क्लब तृतीय स्थान हासिल गर्न सफल भएका छन् । प्रतीक्षालय निर्माणको साथै सुत्केरी पोषण भत्ता र दलितहरूलाई स्वास्थ्य बिमा सहयोग गरिएको थियो । ६३ घर परिवारका लागि रू. १ लाख ५६ हजार ५ सय खर्च भएको थियो । सीमित वजेटबाट अधिकतम योजना सञ्चालन गर्न हामी प्रयत्नरत छौँ ।

(वडाअध्यक्ष, तानसेन - १२)

# तानसेन - १३ का केही गतिविधि



*टुकप्रसाद भट्टराई*

पर्यटकीय नगरी तानसेन नगरपालिकामा रहेका जम्मा चौध वडा मध्येको यो (१३ नं. वडा) वडा साविकको बौद्यागुम्हा गा.वि.स. का नौ वडा समावेश गरेर तानसेन नगरपालिकामा समावेश भएको हो । यस वडामा भौगोलिकताका हिसावले तीनवटा गाँउहरू बौघागुम्हा (बौघागुम्हामा साविकका चार वटा वडा ४,५,६,७), केरवादी (केरवादीमा साविकका दुई वटा वडा ८,९), छेर्लुङ्ग (छेर्लुङ्गमा साविककातीनवटा वडा १,२,३) मिलेर बनेको छ ।

बौद्यागुम्हा मगर संस्कृति सभ्यता र पहिचानका लागि प्रख्यात ठाउँ हो साथै यहाँ मगर होमस्टे पनि सञ्चालनमा छ । त्यसैले बौद्यागुम्हालाई ग्रामीण पर्यटनमार्फत व्यवसायिक रूपमा अगाडि बढाउन सकिन्छ । केरवादीमा प्रशस्त घाँसे मैदान र बुट्यान क्षेत्र भएकोले पशुपालन र डाँडाबाट स्याङ्जा, गुल्मी, पाल्पाकै छेर्लुङ्ग, रानीमहल लगायतका क्षेत्रसहितको चारैतिरको दृश्य अबलोकन गर्न सकिने भएकोले पिकनिक स्थल र मनोरञ्जन स्थलको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ । यसै गरी छेर्लुङ्गमा प्रशस्त मात्रामा खेतीयोग्य जमिन र सिंचाइँको उपलब्धता भएकोले व्यवसायिक कृषिमार्फत व्यवसायिकता तर्फ अगाडि बढाउन सकिन्छ । साथै यहाँ माझी बस्ती भएकोले माझी संस्कृति, संस्कार र खानपिनलाई व्यवसायिकताबाट अगाडि बढाउन सके माझी होमस्टेको सम्भावना प्रबल देखिन्छ । नेपालमै प्रेमको नमूनाको प्रतीकको रूपमा रहेको रानीमहल पनि यसै वडामा भएकोले पर्यटनको सम्भावना पनि प्रशस्तमात्रामा रहेको छ ।

समग्रतामा भन्नु पर्दा ता.न.पा.-१३ मा होमस्टे, पशुपालन, कृषि र पर्यटनका मार्फतबाट स्थानीय जनताको आय आर्जनमा वृद्धि गरी समग्र नगरलाई गरीबी मुक्त नगरपालिका बनाउन मद्दत पुग्दछ । साथै वडाका योजनाहरू पनि विस्तारै यसै उद्देश्य प्राप्तिका लागी लक्षित छन । यस वडामा आ.व. २०७४/७५ मा सम्पन्न भएका योजना तर्फ चिउदी भुल्के लिफ्ट खानेपानी योजनाका लागी ९ लाख, बौद्यगुम्हा केरवादी मोटरबाटोको लागि ५ लाख, धारा पीपल मन्दिर निर्माणका लागि ३ लाख, बौद्यगुम्हा छेर्लुङ मोटरबाटोको लागि ५ लाख बजेट विनियोजन भएको थियो । आंशिक रूपमा काम सम्पन्न भएका योजना तर्फ अर्चले मोटर बाटो निर्माणका लागि ३ लाख, साना वडहरे खानेपानी टंकी निर्माणका लागी १ लाख, सामुदायिक भवन निर्माणका लागि १ लाख, भड्खालो टंकी मर्मतका लागी ५० हजार रकम खर्च भएकोछ । त्यस्तै जनविकास युवा भवन मर्मतका लागि ५० हजार, सामुदायिक भवन निर्माणका लागि १ लाख ६० हजार, बोटे गाउँको कुलो मर्मतको लागि २ लाख ५० हजार, स्वास्थ्यचौकीका लागि सामान खरिदमा ४० हजार खर्च भएको छ । पशुस्वास्थ्य कार्यक्रमतर्फ ५० हजार, सर्वोदय मा.वि तारवारमा १ लाख, शारदा मा.वि रिटेनिङ वालका लागि १ लाख सहयोग गरिएको छ । बजादी पोखरी निर्माणमा ५० हजार, ज्ञानोदय प्रा.विलाई ५० हजार, राधाकृष्ण प्रा.विलाई ५० हजार सहयोग गरिएको छ । साविक बौधगुम्हा गा.वि.स. ४, ५, ६ र ७ को मोरबाटो ग्रेड सुधारका लागी ७० हजार, साविक बौद्यगुम्हा १ मा सामुदायिक भवन निर्माणका लागी १ लाख, महिला दलित कार्यक्रममा १ लाख ५० हजार खर्च भएको छ । वालवालिका लक्षित कार्यक्रममा ६० हजार, अपाङ्गता भएकाहरूका लागि कार्यक्रमतर्फ ५० हजार युवाहरूका लागि कार्यक्रमतर्फ ५० हजार जेष्ठ नागरिक तर्फ ७० हजार, आदिवासी जनजातितर्फ ७० हजार र दलित कार्यक्रम तर्फ ५०

हजार बजेट विनियोजन भए अनुसार काम भएको छ । मर्मत र भैपरी तर्फ १ लाख ८० हजार, वडा कार्यालयमा फर्निचरका लागि ५४ हजार ९ सय ३५, गुम्हाबाट छेर्लुङसम्म मोटरबाटो सफा गर्न ८५ हजार ६५ सहयोग गरियो । सर्वोदय मा.बिमा विज्ञान सामग्री खरिदका लागी ५० हजार सहयोग छुट्याइएको थियो ।

नगर स्तरीय योजनातर्फ चण्डिभन्ज्याङ सिमलरूख देखि वौघागुम्हा छेर्लुङ अर्तुङ्गा केरवादी सडक स्तरोन्तिका लागि ३० लाख, बराङ्दीखोला छेर्लुङ कुलो मर्मतका लागी (२ वटा) ५ लाख बजेट विनियोजन भई काम भएको छ । वौद्यगुम्हा मगर सांस्कृतिक संग्राहलय (कुँडुले घर) का लागी २० लाख विनियोजन भएको थियो, आंशिक काम भएको छ ।

कतिपय काम जनशक्ति अभाव, अवधि कम लगातयका कारणबाट सम्पन्न हुन सकेनन् । आगामी वर्ष समयमै काम शुरू र सम्पन्न गर्नुपर्ने सिकाइ भएको छ ।

(वडाअध्यक्ष, तानसेन - १३)

# तानसेन १४ अर्गलीमा सम्पन्न केही गतिविधि



*कमल राना*

परापूर्वकालदेखि अर्गली र रूरू क्षेत्र चर्चामा रहेका ठाउँ हुन । यी ठाउँ एक अर्काका परिपूरक हुन भन्दा फरक पर्देन । साँच्चै तानसेन १४ वडा विविधताले भरिपूर्ण छ । धार्मिक, ऐतिहासिक महत्व बोकेको यो ठाउँ पर्यटकीय गन्तव्य बन्न सक्छ । यसका लागि हामी सबैको प्रयासको खाँचो छ ।

साविक अर्गली गाउँ विकास समिति नमूना गाविसको रूपमा परिचित थियो । कृषि उद्यम, धार्मिक पर्यटन, शैक्षिक केन्द्र जुनसुकै हिसाबले अर्गलीको विकास गर्न सम्भव छ । ह्रषिकेश मन्दिर संसारका हिन्दूहरूका लागि मात्र नभै धर्ममा चासो राख्ने सबैका लागि आकर्षक गन्तव्य हो । गुल्मी, स्याङ्जा र पाल्पाको संगमस्थल रूरू क्षेत्रको विकासका लागि तानसेन नगरपालिकाले गुरूयोजना तयार गरेर काम थालेको छ । ह्रषिकेश भगवानको उत्पतिको कुरा, रूरू क्षेत्रको महत्व र विकासबारे आगामी अंकमा प्रकाश पारिने छ । अहिले भने आव २०७४/७५ मा सम्पन्न गतिविधि सक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अशक्त, अपाङ्गता भएका ८ जेष्ठ नागरिकहरूलाई आ. व. २०७४/७५ को प्रथम चौमासिकदेखि सम्बन्धित व्यक्तिकै हातहातमा सामाजिक सुरक्षा भत्ता दिइँदै आएको छ ।

रिडी क्षेत्रमा लाग्ने माघे (मकर) संक्रान्ति मेलालाई व्यवस्थित गर्ने प्रयास भएको छ । जेठी र माइली संक्रान्ति अर्थात माघ १ र २ गतेका दिन रिडी आउने साधुसन्तलाई भण्डाराको व्यवस्था गरियो । रूरू क्षेत्र विकास तथा व्यवस्थापन समितिबाट व्यापारिक प्रयोजनका लागि टहराहरू निर्माण गरी व्यापारीहरूलाई सुलभ तरिकाले उपलब्ध गराइएको थियो । विगतवर्षको तुलनामा रिडी मेलाको आम्दानी (समिति मार्फत) बृद्धि भएको थियो ।

प्रत्येक वर्ष कार्तिकमा हरिवोधनी द्वादशीका दिन हुने ह्रषिकेश भगवानको रथयात्रालाई रिडीक्षेत्रबाट विस्तार गरेर अर्गलीका विभिन्न ठाउँसम्म पुऱ्याइएको थियो । रथयात्रामा बृहत जनसहभागिता थियो ।

भूकम्प पीडित ७९ नागरिक मध्ये ५९ जनालाई पहिलो किस्ता वापतको रू ५० हजार उपलब्ध गराइएको थियो भने बाँकीलाई राहत दिलाउन र दास्रो किस्ताका लागि प्रकृया अगाडि बढाइयो ।

आव २०७४/७५ को साउनदेखि अर्गली स्वास्थ्य चौकीमा गर्भ जाँच गराएका ६० महिलाहरूलाई पोषण सामाग्री उपलब्ध गराइयो । यस्तै जुनसुकै स्वास्थ्य संस्थाबाट पहिलो र दोस्रो पटक प्रसुति सेवा लिएका २४ जना सुत्केरी महिलालाई सुत्केरी स्याहार खर्च वापत प्रत्येकलाई १ हजार प्रदान गरिएको थियो ।

२०७५ जेष्ठ ८ गतेका दिन ८० देखि ८५ वर्षका १५ जेष्ठ नागरिलाई सम्मान गरियो । रविदास, अर्तुङ्गा पुरानो गाउँ र ह्रषिकेश टोलभित्रका सबैभन्दा असल ४ बुहारीलाई सम्मान गरियो । वडाका अल्पसंख्यक दलित नागरिक ६९ घर परिवारको निःशुल्क स्वास्थ्य बिमा गराइयो ।

पुजेरी गाउँटोलका ४० घरमा १ घर १ धारा निर्माणका लागि सहयोग गरियो । फोश्रान टोलमा रहेको खानेपानीको अभावलाई पूरा गर्न लाइन परिवर्तन गरेर सहयोग गरियो । अर्तुङ्गा टोलका एक घर एक धारा भएको पुराना गाउँटोलमा रहेको खानेपानीको समस्या समाधानका लागि ५ हजार लिटर क्षमताको पानी ट्यांकी निर्माण गरिएको छ ।

रबिदास टोलमा २ सय ७४ मिटर लामो तीनतर्फ सिमेण्ट वालसहितको सिंचाइँ कुलो निर्माण तथा पुराना गाँउ टोलमा सिंचाइका लागि १ सय ४५ मिटर कुलो मर्मत गरियो ।

सडक निर्माण तर्फ पुजेरी गाउँटोलको ठूला पीपलदेखि टाकुरी मोटरबाटोमा ३ सय मिटर लम्वाइ ८ फुट उचाइ भएको टेवा पर्खाल निर्माण गरियो ।


कुसेनीटोलमा प्रतीक्षालयदेखि खाराखेत चौपारीसम्म १ किलो मिटर र तानसेन तम्घास मोटरबाटोदेखि माफ गाउँसम्म ९ सय मिटर मोटरबाटो निर्माण गरिएको छ । रनुवा टोलमा विभिन्न स्थानमा १ किलोमिटर मोटरबाटो निर्माण गरिएको छ । फोश्रान टोलमा साँघुदेखि खाल्टासम्मको मोटरबाटोमा १ मिटर अग्लो ४० मिटर लम्बाइको टेवा पर्खाल निर्माण सम्पन्न गरिएको छ । बोलवनी टोलमा ३ सय मिटर बाटो ग्राभेल र नाली निर्माणको काम सम्पन्न भएको छ । अर्गली स्वास्थ्य चौकीमा खानेपानी तथा विद्युत प्रशारण सम्बन्धी समस्या समाधानका लागि सहयोग गरियो ।

आव २०७४/७५ मा सम्पन्न उल्लिखित केही गतिविधि बाहेक मानवीय सहयोग तथा अन्य कामहरू समेत भएका छन् । विकास निर्माणका लागि साधन स्रोतसँगै नागरिक सहभागिता र सक्रियताको अहम भूमिका रहन्छ भन्ने कुरामा हामी प्रष्ट छौं । विकासका लागि हाम्रो प्रयास जारी छ ।

(वडाअध्यक्ष, तानसेन १४)

# रणउजीरेश्वरी भगवती तानसेनको भव्यरुपमा २०० औं रथयात्रा








पाल्पा, रणउजीरेश्वरी भगवती तानसेनको २०० औं रथयात्रा तथा विजय उत्सव भव्यरुपमा आयोजना गरिने भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष राजेश्वर उदयले बताउनु भयो । भदौ १८ गते हुने रथयात्रामा सम्मानीय राष्ट्रपतिको सहभागिताका लागि तानसेन नगरपालिकाको तेस्रो नगरसभाले प्रस्ताव पारित गरेर निमन्त्रणा पठाएको नगर प्रमुख अशोककुमार शाहीले बताउनु भयो। भगवती गुठीले समेत राष्ट्रपति लाखेनाच, जीतगढी युद्धको डकुमेण्ट्री प्रस्तुत, नेपाली सेना,  प्रहरी, सेन्टकपितानियो र पाल्पा आवासिय विद्यालयको व्याण्ड, नेपाली बाजासहितको नृत्य, भजनकीर्तन, झाँकी रथयात्राको दिनका आकर्षण हुन् । चन्द्रजीत राजेन्द्र स्मृति भवन हस्तान्तरण, नयाँ रथ हस्तान्तरण गरिने साथै रथयात्राको नयाँ लोगो तयार गरिएको गुठीका अध्यक्ष राजेश्वर उदयले बताउनु भयो । बुटवलस्थित जीतगढीमा भएको युद्धमा अंग्रेज साम्राज्यवादलाई परास्त गरेर राष्ट्रिय अखण्डता जोगाउन सफल तत्कालीन कर्णेल उजीरसिंह थापाले रथयात्रा आरम्भ गराएका थिए ।







# तानसेन नगरपालिकाद्वारा प्रकाशित केही प्रेस विज्ञप्ति

तानसेन नगरपालिका

पाल्पा

मिति : २०७५।४।१६

## प्रेस विज्ञप्ति

प्रदेश नं. ५, प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।४।४ गते शुक्रबार website मा upload भएको कर तथा शुल्कको विषयमा जारी गरिएको प्रेस विज्ञप्ति प्रति यस नगरपालिकाको ध्यानाकर्षण भएको छ । नेपालको संविधान २०७२ को धारा ५९ को उपधारा १ को प्रावधान बमोजिम नगरसभाले आर्थिक अधिकारको विषयमा कानून बनाउन सक्ने, धारा २२६(१) मा नगरसभाले अनुसूची ८ को अधिकार सूचीमा उल्लेखित क्षेत्रमा कानून बनाउन सक्ने व्यवस्थाको आधारमा तानसेन नगरपालिकाको तेस्रो नगरसभाबाट स्वीकृत आर्थिक ऐन २०७५ को दफा १२(२) घ को व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(२) घ मा उल्लेखित सेवा शुल्क लिन सक्ने प्रावधानको आधारमा सेवा शुल्क लगाईएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै सामाजिक संजालमा यस नगरपालिकाले जन्म दर्तामा दस्तुर तथा घर बहाल करमा अधिक रकम लिएको भन्ने समाचारहरु आएकोमा यस नगरपालिकाबाट घटना दर्ता ऐन २०३३ बमोजिम तोकिएको म्याद भित्र व्यक्तिगत घटना दर्तामा कुनै शुल्क नलिइएको तर ३५ दिन पश्चात व्यक्तिगत घटना दर्ताका लागि आएमा जरिवाना स्वरुप रकम रु. ५०।- लिने प्रावधान रहेको, स्वदेशी तथा विदेशी प्रयोजनको लागि घटना दर्ता प्रमाणीतका लागि आएमा नगरसभाको निर्णय बमोजिम न्यूनतम शुल्क लिने गरिएको सरोकारवाला समक्ष जानकारी गराइन्छ । घर बहाल करको सन्दर्भमा साविकमा करदाता सेवा कार्यालयमा तिर्नुपर्ने १० प्रतिशत र नगरपालिकामा तिर्नुपर्ने २ प्रतिशत घर बहाल कर चालु आ.व.२०७५/०७६ देखि नगरपालिकामा १० प्रतिशत मात्र तिर्नुपर्ने प्रावधान बमोजिम १२ महिनाको कुल बहाल करमा ८ महिनाको मात्र बहाल कर लिने गरी नगरसभाबाट निर्णय भएको (कुल बहाल करमा ३३ प्रतिशत बहाल कर छुट भएको) साथै व्यवसाय करको केही शीर्षक बाहेक अन्य व्यवसायमा व्यवसाय करको दरमा चालु आ.व.मा कुनै परिवर्तन नभएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ ।

.....................
अशोक कुमार शाही
नगर प्रमुख

नगर प्रमुख

## प्रेस विज्ञप्ति

मिति २०७५ असार २७

मिति २०७५ असार १० गते दिनको १ बजेबाट प्रारम्भ भएको तानसेन नगरपालिकाको तेस्रो नगरसभाको बैठक पटक पटक चलेर २०७५ असार २७ गते २ बजेर ५२ मिनेटमा सम्पन्न भएको छ । असार १० गते आर्थिक वर्ष २०७५/७६ का लागि नीति कार्यक्रम तथा वजेट प्रस्तुत गरेको थियो भने दफावार छलफल सहित असार २७ गते वजेट तथा महत्वपूर्ण विधेयक र प्रस्तावहरू पारित भएको छ ।

नगरसभाबाट आर्थिक वर्ष २०७५/७६ का लागि सभाका सदस्यहरूबाट प्राप्त सुझाव समेटने गरेर अनुमानित ८० करोड १३ लाख १० हजार रूपैयाँ बराबरको कार्यक्रम तथा बजेट पारित भएको छ ।

तानसेन नगरपालिकाको स्थानीय सामाजिक विकास विधेयक २०७५ सर्वसम्मतिबाट पारित भएको छ । यस्तै तानसेन नगरपालिकाको कार्यक्रम सञ्चालनका लागि खर्चको मापदण्ड सम्वन्धी निर्देशिका २०७५ सर्वसम्मतिबाट पारित भएको छ । नगरसभाले सर्वसम्मतिबाट नगरसभा सदस्य महेश्वर श्रेष्ठ (वडा नं २) संयोजक रहेको लेखा समिति गठन गरेको छ । समितिको अन्य सदस्यहरूमा प्रशान्त मल्ल (वडा नं ६), सीता कार्की (वडा नं ११), दुर्गा नेपाली (वडा नं १) र रमेश न्यौपाने (वडा नं १४) चयन हुनु भएको छ ।

नगरसभाले ऐतिहासिक महत्व बोकेको रणउजीरेश्वरी भगवती मन्दिरको २०० वर्षको रथयात्रा राष्ट्रप्रमुखको समुपस्थितिमा गराउन अनुरोध गर्ने निर्णय सहित विभिन्न महत्वपूर्ण प्रस्तावहरू पारित गरेको छ । नगरसभाको निर्णयबारे २०७५ साउन ४ गते २ वजे नगरबासी तथा पत्रकारहरूको रोहबरमा सार्वजनिकीकरण कार्यक्रम आयोजना गरिने भएको छ ।

अशोककुमार शाही
नगरप्रमुख

तानसेन नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन,पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५

पत्र संख्या :
चलानी नं. :

मिति.........................
२०७५ बैशाख १८

## प्रेस विज्ञप्ति

२०७५ बैशाख १६ र १७ गते परेको हावाहुँरीसहितको असिना पानीका कारण तानसेन नगरपालिका भित्रका किसान तथा सर्वसाधारणको करीव ५ करोड बराबरको तरकारी, फलफूल र अन्नबाली क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । किसानहरु लगायत नगरबासीलाई पर्न गएको समस्याप्रति हाम्रो ध्यानाकर्षण भएको छ । प्राकृतिक विपत्तिबाट भविष्यमा हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि हामीले सरोकारवाला निकाय र स्थलगत अनुगमनका क्रममा पीडित किसानसँग समेत छलफल गरेका छौं । यसपटक असिना पानीका कारण मर्कामा परेका पीडित किसानलाई तत्काल यथाशक्य राहतको व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग माग गर्दछौं ।

अशोककुमार शाही
प्रमुख
तानसेन नगरपालिका

तानसेन नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन,पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५

पत्र संख्या :
चलानी नं. :

मिति.........................

२०७५बैशाख १७

## प्रेस विज्ञप्ति

विश्व शान्तिका प्रवर्तक गौतम बुद्धको २६४२ औं जन्म दिवस, २६०७ औं बुद्धत्वज्ञान लाभ दिवस र २५६२ औं महापरिनिर्वाण दिवसको त्रिसंयोग बैशाख पूर्णिमाको अवसरमा शान्तिका पक्षधर सम्पूर्णमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

भर्खरै लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन दश बुँदे लुम्बिनी घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । "लुम्बिनी नेपाल: भगवान बुद्धको जन्मस्थल तथा बौद्ध धर्म र विश्व शान्तिको उदगमस्थल" भन्ने नाराका साथ सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले लुम्बिनीको समग्र विकासका लागि ठोस कार्ययोजनासहित अघि बढ्ने उदघोष गरेको छ । लुम्बिनी घोषणापत्र अनुसार काम होस् साथै पाल्पा तानसेन लगायत सेरोफेरोको विकासमा समेत केन्द्र र प्रदेश सरकारको ध्यान पुगोस । तानसेनबासीले आवाज उठाऔं र विश्व शान्तिका लागि सबैले आआफ्नो ठाउँबाट सक्दो योगदान गरौं ।

हत्या हिंसाबाट टाढै रहौं, आआफ्ना गच्छेअनुसार पर्व मनाएर असल संस्कार र संस्कृतिको संरक्षण गर्न हामी सबै प्रतिवद्ध बनौं । अन्त्यमा, तानसेनवासी लगायत सम्पूर्ण नेपालीजनमा भातृत्व, सहिष्णुता तथा विश्व शान्तिका लागि पुन: हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
प्रमुख एवम्
तानसेन नगर सरकार तथा तानसेन नगरपालिका परिवार, पाल्पा

# पत्रपत्रिकामा तानसेन



मेचिकाली दैनिक

## रानीमहल स्थानीय सरकारलाई हस्तान्तरण

२०७५ साल साउन २० गते आइतवार

विविध

## पुष्पलाल स्मृति पत्रकारिता पुरस्कारलाई पाँच लाख बजेट

करुवा अर्धसाप्ताहिक

## गुफाचौर धार्मिक गन्तव्य बन्ने

नागरिक दैनिक

Sunday 22 July 2018

तानसेनको नीति तथा कार्यक्रम

## फोहोर फाल्नेलाई सिसिटिभीबाट निगरानी

### तानसेनको बजेट ८० करोड

परेवा

## नगरप्रमुखसँग स्थानीय सञ्चारकर्मीहरूको अन्तरक्रिया

## प्रतिभा पहिचान कार्यक्रम

पाल्पा टाइम्स

नेपाली राष्ट्रिय साप्ताहिक

THE PALPA TIMES NATIONAL WEEKLY

२०७५ साउन १३ गते आइतवार — 29th July 2018 Sunday

## तानसेनको बजेट ८० करोड

## रानीमहल नगरपालिकालाई हस्तान्तरण